सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१९ भदौ २०८०, मंगलबार (5 Sep 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १४५ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

भारतले खेल जित्यो, नेपालले संसारको मन

कमजोर भौतिक पूर्वाधार र भद्रगोल आन्तरिक खेल संरचनामा हुर्किरहेका नेपाली क्रिकेटरहरूले पटक-पटक विश्वच्याम्पियन रहिसकेका भारत र पाकिस्तानजस्ता क्रिकेट महारथीहरूसँगको प्रतिस्पर्धाबाट आफ्नो उज्ज्वल भविष्यको संकेत गरेका छन्

रमेश सुवेदी/नयाँ पत्रिका

दुईपटक विश्वकप उचालिसकेको क्रिकेट महारथी भारतसँगको पहिलो भिडन्तमै नेपालले सम्मानजनक प्रदर्शन गरेको छ। भारतको भन्दा ४४ वर्षपछि एकदिवसीय अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुन थालेको नेपालले सोमबार श्रीलंकाको क्यान्डीमा जारी एसिसी एसिया कपमा टेस्ट राष्ट्र भारतसँग पहिलोपटक प्रतिस्पर्धा गरेको हो। पराजय भोगे पनि विश्व क्रिकेटका अब्बल खेलाडीले भरिएको भारतीय टोलीविरुद्ध नेपाली ब्याट्सम्यानले उत्कृष्ट प्रदर्शन गरे।

भारतविरुद्ध नेपाली खेलाडीले गरेको ब्याटिङ कौशलको क्रिकेटविज्ञहरूले दर्शकसम्मले प्रशंसा गरेका छन्। यसअघि गत बुधबार नेपालले विश्व क्रिकेट वरीयताको नम्बर एक पाकिस्तानसँग प्रतिस्पर्धा गरेको थियो। क्रिकेटका दुई शक्तिराष्ट्रसँगको प्रतिस्पर्धाबाट नेपालले संसारभर आफूलाई चिनाउने मौका पाएको छ भने खेलाडीले अवसरसँगै अनुभव बटुलेका छन्। यी खेलसँगै नेपालले आफू क्रिकेटको उदीयमान राष्ट्र रहेको संकेत पनि गरेको छ।

भारतविरुद्ध मैदानमा धैर्यसहित सशक्त प्रदर्शन गर्दै नेपाली टोलीले ४८.२ ओभरमा सबै विकेट गुमाउँदै दुई सय ३० रन बनाएको थियो। नेपाली ओपनर आसिफ शेख र कुशल भुर्तेलले पहिलो विकेटका लागि ६५ रनको साझेदारी गरे। आसिफले ९७ बलमा ५८ रन बनाए। कुशल ३८ रन बनाएर पेभेलियन फर्किए। यसै खेलबाट भुर्तेलले करिअरको एक हजार रन पूरा गरेका छन्। आठौं नम्बरमा क्रिजमा आएका अलराउन्डर सोमपाल कामीले ४८ रनको इनिङ्स खेले। दीपेन्द्रसिंह ऐरी र सोमपालबीच सातौं विकेटको लागि ५० रनको साझेदारी भएको थियो। दीपेन्द्रले २९ रनको योगदान गरे।

तर, बलिङतर्फ खेलाडी चल्न नसक्दा नेपाल १० विकेटले पराजित भयो। विश्व क्रिकेटमा

» पृष्ठ ११ मा क्रमशः



ओपनर आसिफ शेख। उनले भारतसँगको प्रतिस्पर्धामा अर्धशतक पूरा गरे।



थप ३०-४० रन कम भयो : रोहितकुमार पौडेल (कप्तान नेपाल)

हाम्रा ओपनरले आज धेरै राम्रो खेले। मध्यक्रममा राम्रो हुन सकेन। हामीले अझै राम्रो गर्न सक्थ्यौं। थप ३०-४० रन बढाउनुपर्थ्यो। २६०-२७० सम्म पुगेको भए खेल हाम्रो पक्षमा आउन सक्थ्यो। पछिल्लो ४-५ महिनायता तल्लोक्रमका ब्याट्सम्यानले राम्रो गरेका छन्। हामी यसमा गर्व गर्छौं। वर्षापछि यहाँको मौसम केही परिवर्तन भयो। अवस्था गाह्रो थियो। साँच्चै हाम्रो बलरले राम्रो गरेका हुन्।



बलिङ राम्रो भए पनि फिल्डिङमा चुक्यौं : रोहित शर्मा (कप्तान भारत)

नेपालविरुद्ध हामी सुरुमा केही दबाबमा पर्‍यौं। बिस्तारै आफ्नो लय फर्काउन सफल भएका थियौं। हामीले पहिलो खेलमा पाकिस्तानसँग राम्रो गर्न सकेका थिएनौं। दोस्रो खेलको जितपछि टोली लयमा आउने विश्वास छ। भाग्यवश हामी दोस्रो खेलमा बलिङ र ब्याटिङ नै गर्न सफल भएका छौं। केही खेलाडी बाहिर हुँदा राम्रो गर्न सकेका छैनौं। नेपालविरुद्ध बलिङ राम्रो भए पनि फिल्डिङमा चुकेका छौं। हार्दिक पाण्ड्या र इशान किसन लयमा आउनु राम्रो हो।

नेपाल		भारत
अन्तर्राष्ट्रिय टेस्ट म्याच		
टेस्ट म्याचको अनुभव नै छैन। आइसिसीबाट टेस्ट राष्ट्रको मान्यता पाइसकेको छैन।		सन् १९३२ देखि नै सहभागी। **खेल** : ५७२ (जित : १७३। हार : १७६। ड्र : २२२। टाई : १)
एकदिवसीय		
भारतले खेल्न थालेको ४४ वर्षपछि सन् २०१८ देखि बल्ल सहभागी। **खेल** : ५९ (जित : ३०। हार : २६। नो रिजल्ट : १। टाई : १)		सन् १९७४ देखि नै एकदिवसीय अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी। **खेल** : १०३४ (जित : ५४२। हार : ४३९। नो रिजल्ट : ४४। टाई : ९)
अन्तर्राष्ट्रिय टी-२०		
सन् २०१४ देखि मात्रै सहभागी। पहिलोपटक नै विश्वकप खेल्यो। **खेल** : ५७ (जित : ३३। हार : २३। नो रिजल्ट : १)		२००६ मा यो फर्म्याट सुरु भएदेखि नै सहभागी। **खेल** : २०६ (जित : १३४। हार : ६६। नो रिजल्ट : ५। टाई : १)
अन्तर्राष्ट्रिय रंगशाला		
दुईवटा मात्रै अन्तर्राष्ट्रिय मैदान छन्, त्यो पनि व्यवस्थित छैनन्		टेस्ट, एकदिवसीय र टी-२० विश्वकप नै खेलाउन मिल्ने ५३ स्टेडियम छन्
घरेलु संरचना		
निकै कमजोर संरचना छ। नियमित प्रतियोगिता हुँदैनन्। बल्लबल्ल क्यान आफैंले सुरु गरेको नेपाल टी-२० लिग पहिलो संस्करणमै विवादित बन्यो। पोखरा र धनगढी प्रिमियर लगि हुने छाडे।		भारतमा विश्वकै उत्कृष्ट घरेलु संरचना रहेको मानिन्छ। रणजी ट्रफीजस्तो विश्वकै पुरानो र उत्कृष्ट प्रतियोगिता नियमित हुन्छ। टी-२० फ्रेन्चाइज लिग आइपिएल हरेक वर्ष हुन्छ।
खेलाडी		
अन्तर्राष्ट्रिय क्रिकेटमा बामे सर्दै गरेको नेपालका खेलाडी अनुभव संगाल्ने क्रममै छन्, यद्यपि प्रदर्शन उत्कृष्ट छ।		रोहित शर्मा, विराट कोहली, रवीन्द्र जडेजा, हार्दिक पाण्ड्यालगायतका विश्व क्रिकेटका ब्याट्सम्यान छन्।

■ आइसिसी वुमन्स टी-२० वर्ल्डकप एसिया छनोट

लगातार चौथो जितसँगै नेपाल सेमिफाइनलमा



नयाँ पत्रिका

नेपाली महिला क्रिकेट टोली आइसिसी टी-२० विश्वकपअन्तर्गत एसियन छनोटमा लगातार चौथो जित निकाली सेमिफाइनलमा प्रवेश गरेको छ। नेपालले सोमबार कतारमाथि नौ विकेटको सानदार जित निकाली समूह 'ए'मा सर्वाधिक चार अंक जोड्यो। प्रतियोगितामा अन्तिम चार स्थान बनाउने नेपाल पहिलो टोली हो। यसअघि नेपालले मलेसियालाई पाँच रन, बहराइनलाई १० विकेट र भुटानलाई तीन विकेटले पराजित गरेको थियो। समूह 'ए'मा नेपालले अब बुधबार अन्तिम खेलमा युएईको सामना गर्नेछ।

मलेसियाको बायुमासमा पहिलो ब्याटिङ गरेको कतारले २० ओभरमा सात विकेट गुमाएर ७४ रन बनाएको थियो। प्रत्युत्तरमा नेपालले १०.३ ओभरमा केवल एक विकेट मात्र गुमाएर ७५ रन जोड्यो। लक्ष्य पछ्याउँदा नेपालका लागि काजल श्रेष्ठ र सीता रानामगरले पहिलो विकेटका लागि ६.६ ओभरमा ४७ रनको साझेदारी गरेका थिए। रानामगरले छनोट प्रतियोगितामा पहिलोपटक ओपनिङ ब्याटिङ गर्न अवसर पाइन्। काजलले २८ बलमा चार चौकाको सहयोगमा ३२ रन बनाइन्। उनी पानायामको ओभरमा बोल्ड भइन्।

» पृष्ठ ११ मा क्रमशः

कार्यान्वयनमा आएन सिंहदरबारमा बोतलको पानी निषेध गर्ने घोषणा



मेलम्चीको पिउनयोग्य खानेपानी जडान भइसक्दा पनि मन्त्रालयहरूले बोतलको पानीको प्रयोग छाडेनन्

(विस्तृत पृष्ठ ३)

■ अमेरिका-नेपाल व्यापार

ग्राह्यता सुविधा पाएपछि सात वर्षमा ५३ अर्ब घाटा

अमेरिकाले ७७ वस्तुलाई भन्सारहित सुविधा दिए पनि नेपालले लाभ उठाउन सकेन

(विस्तृत पृष्ठ ९)

२७ वर्षदेखि थन्किएका चार करोडका सामान लिलाम गर्दै वीर अस्पताल

नयाँ पत्रिका

वीर अस्पतालले २७ वर्षयता स्टोरमा थन्किएर बसेका थोत्रा तथा बेवारिसे उपकरण लिलाम प्रक्रिया अघि बढाएको छ। ०५३ देखिका थोत्रा बेड, बिग्रिएका उपकरण, फर्निचरलगायत सामग्रीको मूल्यांकन गरी लिलाम प्रक्रिया अघि बढाइएको हो।

हाल अस्पतालको स्टोर तथा पछाडिको प्रांगण कवाडी सामानले भरिएको छ। सो सामान लिलाम गर्न अस्पतालले ११ भदौमा बोलपत्र आह्वानसम्बन्धी सूचना जारी गरेको अस्पतालका मेडिकल स्टोर प्रमुख टीकाराम पनेरूले बताए। उनका अनुसार काठमाडौं महानगरपालिका, वीर अस्पतालको लिलाम समितिलगायतको बैठक बसेर लामो समयदेखि थन्किएका सामान लिलामका लागि सूचना जारी गरिएको हो।



लिलाम गर्नुपर्ने सामानको न्यूनतम मूल्य भ्याटबाहेक चार करोड तीन लाख ७४ हजार चार सय नौ रुपैयाँ कायम गरिएको छ। इच्छुक बोलपत्रदाताले ३१ भदौसम्म सामान खरिदका लागि निवेदन दिनुपर्ने पनेरूले बताए। सामानहरूको बजार दररेटअनुसार मूल्यांकन गरी सूचना आह्वान गरिएको उनको भनाइ छ। 'लामो समयदेखि अस्पतालमा धेरै सामान बेवारिसे थिए, ती सामान यहाँ काम लाग्दैनन्,' उनले भने, 'त्यसैले लिलाम गर्न लागिएको हो।' उनका अनुसार पुराना मेसिन, कुर्सी, फलाम, बेड, फर्निचरलगायत सामान एकै चरणमा लिलाम गर्न लागिएको हो।

भारतको मन्त्रिपरिषद्ले स्वीकृत गऱ्यो नेपालसँगको दीर्घकालीन विद्युत् व्यापार सम्झौतापत्रको मस्यौदा

काठमाडौंमा विशेष समारोहबीच दुई देशका ऊर्जासचिवले सम्झौतापत्रमा हस्ताक्षर गर्ने योजना

हस्ताक्षरसँगै नेपाली विद्युत्का लागि भारतीय बजार सुनिश्चित हुने



मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाललाई भारतीय बजारमा विद्युत् व्यापार गर्न बाटो खुल्ने नेपाल-भारत दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी अन्तरसरकारी सम्झौतापत्रको मस्यौदा भारतको मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणका क्रममा गत १८ जेठमा दुई देशबीच दीर्घकालीन विद्युत् व्यापारको समझदारीपत्र (एमओयू)मा हस्ताक्षर भएको थियो। तीन महिनापछि भारतको मन्त्रिपरिषद्ले त्यसलाई स्वीकृत गरेसँगै दुई देशबीच सम्झौतापत्रमै हस्ताक्षर हुने भएको हो।

'नेपाल-भारत दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी सम्झौतापत्रको मस्यौदा भारतको मन्त्रिपरिषद्बाट स्वीकृत भएको जानकारी अनौपचारिक रूपमा आइसकेको छ, औपचारिक पत्र आउन बाँकी नै छ,' ऊर्जा मन्त्रालयका प्रवक्ता मधुप्रसाद भेटुवालले भने, 'यो एकदमै खुसीको खबर हो।'

त्यसो त प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणकै क्रममा अन्तिम सम्झौता गर्ने तयारी थियो। नेपालले आफ्नोतर्फबाट मस्यौदा मन्त्रिपरिषद्बाट स्वीकृत गरेर लगेको थियो। सम्झौतापत्रमा ऊर्जासचिवले हस्ताक्षर गर्ने भनेर मन्त्रिपरिषद्बाटै निर्णय भएको थियो। तर, त्यतिवेला भारतले आफ्नो मन्त्रिपरिषद्बाट मस्यौदा स्वीकृत नगरेकाले १८ जेठमा प्रारम्भिक सहमति मात्रै गरिएको थियो।

त्यसपछि गत १८ असारमा अन्तिम सम्झौता गर्ने तयारीअनुसार ऊर्जासचिव दिनेश घिमिरे नयाँदिल्ली पुगेका पनि थिए। तर, भारतले आन्तरिक तयारी पूरा भएको भनेपछि त्यतिवेला पनि सम्झौता हुन सकेन। प्रधानमन्त्री नरेन्द्र मोदीको व्यस्तताका कारण देखाउँदै तयारी नपुगेको बताएको थियो। अब भारतबाट औपचारिक पत्र आएपछि काठमाडौंमै विशेष समारोहबीच सम्झौतापत्रमा हस्ताक्षर गरिने सचिव घिमिरेले बताए।

'यसबारे औपचारिक पत्र आएपछि भारतीय ऊर्जासचिवलाई हस्ताक्षरका लागि काठमाडौंमा आउन निम्तो गर्नेछौं,' उनले भने, 'सकेसम्म हस्ताक्षर कार्यक्रम छिटो आयोजना गर्नेछौं।' सम्झौतापत्रमा नेपालका ऊर्जासचिव घिमिरे र भारतीय विद्युत्सचिव पंकज अग्रवालले हस्ताक्षर गर्नेछन्।

उक्त सम्झौतापत्रमा हस्ताक्षर भएपछि नेपाल विद्युत् प्राधिकरणले भारतीय विद्युत् व्यापार कम्पनीसँग दीर्घकालीन विद्युत् व्यापार सम्झौता गर्न सक्नेछ। भारतीय नीतिअनुसार न्यूनतम सात वर्षको अवधि राखेर प्राधिकरणले भारतीय कम्पनीसँग पिपिए सम्झौता गर्न सक्नेछ। यसअन्तर्गत रहेर भारतले आगामी १० वर्षमा नेपालबाट १० हजार मेगावाट विद्युत् किन्नेछ। प्रधानमन्त्री दाहालको भारत भ्रमणमा भारतीय समकक्षी नरेन्द्र मोदीले नै यस्तो घोषणा गरेका थिए। यद्यपि, भारतले मस्यौदामा आफ्नो र नेपालको लगानी भएका आयोजनाको मात्रै बिजुली किन्ने गरी कडा सर्त राखेको छ।

» पृष्ठ ११ मा क्रमशः

● **दिनेश घिमिरे**, सचिव, ऊर्जा मन्त्रालय



औपचारिक पत्र आएपछि भारतीय ऊर्जासचिवलाई हस्ताक्षरका लागि काठमाडौंमा आउन निम्तो गर्छौं। सकेसम्म हस्ताक्षर कार्यक्रम छिटो आयोजना गर्छौं।

संविधान निर्माणको आठ वर्षमा पनि अझै बनेनन् संविधानअनुकूलका ३९ कानुन



कमलराज भट्ट/नयाँ पत्रिका

संविधान निर्माण भएको आठ वर्ष बित्न लाग्दा पनि त्यसअनुकूल सबै कानुन बन्न नसकेको संसदीय अध्ययनले देखाएको छ। संसद् पटक-पटक राजनीतिक दाउपेचको अखडा बनेपछि संविधानअनुकूल सबै कानुन बन्न नसकेका हुन्।

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिका अनुसार संघले अझै ३९ कानुन बनाउन अझै बाँकी छ। संविधानअनुसार संघले १५१ कानुन बनाउनुपर्ने भए पनि अहिलेसम्म संवैधानिक प्रावधान कार्यान्वयन गर्न ११२ नयाँ कानुन बनेका छन्।

समितिले तयार पारेको संविधानअनुसार बन्न बाँकी कानुनको अध्ययन प्रतिवेदनमा सबै कानुन बन्न नसक्दा संविधान कार्यान्वयनको कमजोर अवस्था चित्रण गरेको समितिको ठहर छ। समितिले संविधानबमोजिम बन्न बाँकी कानुनको विस्तृत अध्ययन र विश्लेषणसहितको प्रतिवेदन तयार पारेको छ।

संसद् सचिवालयका अनुसार संविधान निर्माणपछि संसद्ले अहिलेसम्म ११२ नयाँ कानुन बनाएका छन्। अहिले ससाना राजनीतिक विवादले प्रभावित बनेको संसद्ले एउटा (मिटरब्याजपीडितसम्बन्धी) कानुन मात्रै बनाएको छ।

» पृष्ठ ११ मा क्रमशः

बाँकी कानुनको निर्माण कार्य प्राथमिकतामा : प्रधानमन्त्री

काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संविधानबमोजिम बन्न बाँकी रहेका कानुनको निर्माण कार्यलाई सरकारले प्राथमिकतासहित अगाडि बढाइरहेको बताएका छन्। सोमबार राष्ट्रिय सभामा बोल्दै उनले संविधान कार्यान्वयन कार्ययोजना बनाई कानुन निर्माणको कार्य प्राथमिकताका साथ अघि बढाइएको बताएका हुन्।

संविधानबमोजिम बन्न बाँकी कानुनको विस्तृत अध्ययन र विश्लेषण गरी विधायन व्यवस्थापन समितिले संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन तयार पारेको थियो। सोहीमाथिको छलफलमा सांसदले उठाएका प्रश्नमा प्रधानमन्त्रीले संविधान कार्यान्वयन गर्न बनाउनुपर्ने कानुनहरूको पहिचान तथा प्राथमिकीकरण गरी अधिकांश कानुनहरू निर्माण भइसकेको, मौलिक हक कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन निर्माण तथा सुधारको कार्य पनि सम्पन्न भएको बताए। संविधानबमोजिम बन्न बाँकी कानुन निर्माण गर्न सरकार प्रतिबद्ध र क्रियाशील रहेको उनको भनाइ छ।

प्रधानमन्त्री प्रचण्डले संविधान जारी भएपश्चात् हालसम्म नयाँ र संशोधनसमेत गरेर एक सय ९१ वटा ऐन निर्माण

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

बालेनलाई सचेत गराउँदै काठमाडौं प्रशासनले भन्यो- आइन्दा यस्तो नगर्नू

काठमाडौं जिल्ला प्रशासन कार्यालयले भन्यो- प्रचलित कानुनको बर्खिलाप गरिने जुनसुकै गतिविधि नियन्त्रण गर्न र विधिको शासन प्रत्याभूत गर्न स्थानीय प्रशासन तथा सुरक्षा निकाय प्रतिबद्ध छ

नयाँ पत्रिका

सार्वजनिक बिदाको दिन आफ्नी श्रीमती सवार सरकारी नम्बर प्लेटको गाडी ट्राफिक प्रहरीले चेकजाँच गरेको भन्दै सिंहदरबारमा आगो लगाईदिने धम्की दिएका काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन)लाई काठमाडौं जिल्ला प्रशासन कार्यालयले सचेत गराएको छ। जिल्ला प्रशासन कार्यालयले सोमबार बालेनको नाम उल्लेख नगरी एक विज्ञप्ति जारी गर्दै राष्ट्रसेवक कर्मचारीको मनोबल गिराउने काम नगर्न सम्झाएको छ। त्यस्तो गतिविधि गरे कानुनअनुसार कारबाही गर्ने चेतावनी पनि दिएको छ।

'असल मनसायबाट सम्पादन भएका सरकारी काम र त्यस्तो काममा खटिएका राष्ट्रसेवकलाई निरुत्साहित गर्ने गरी सामाजिक सञ्जालमा व्यक्त भएका अभिव्यक्तिप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। हामीले अवलम्बन गरेको लोकतन्त्र र विधिको शासनले कानुनको दृष्टिमा सबै समान छन् भन्ने कुरा स्थापित गरेको व्यहोरा जगजाहेर छ,' बालेनको नाम उल्लेख नगरी घटनालाई इंगित गर्दै जिल्ला प्रशासन कार्यालयका प्रवक्ता खड्गबहादुर श्रेष्ठले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'प्रचलित कानुनको बर्खिलाप गरिने जुनसुकै गतिविधि नियन्त्रण गर्न र विधिको शासन प्रत्याभूत गर्न स्थानीय प्रशासन तथा सुरक्षा निकाय प्रतिबद्ध छ।'

बालेनकी श्रीमती सबिना काफ्ले सवार सरकारी नम्बर प्लेटको गाडी शनिबार साँझ कोटेश्वरमा चेकजाँचमा परेको थियो। त्यसको केही समयपछि नै बालेनले अब महानगरको कुनै पनि गाडी सरकारले रोके सिंहदरबारमा आगो लगाईदिने उत्तेजक अभिव्यक्ति आफ्नो आधिकारिक फेसबुक अकाउन्टमार्फत सार्वजनिक गरेका थिए। उनले सरकारलाई समेत आपत्तिजनक भाषामा गाली गरेका थिए। दुई दिनपछि सोमबार भने बालेनले उक्त स्टाटस हटाएका छन्।

सार्वजनिक बिदाको दिन सरकारी कामकै लागि भए पनि सरकारी गाडीको सुविधा उपभोग गर्दा तोकिएका अधिकारीबाट सवारी पास लिनुपर्ने नियमबारे पनि जिल्ला प्रशासनले विज्ञप्तिमा स्मरण गराएको छ। 'सरकारी स्रोत-साधनको दुरुपयोग हुन नदिन सार्वजनिक बिदाका दिनमा सरकारी सवारीसाधनको सञ्चालनमा निगरानी र नियन्त्रण गर्ने कार्य सबै जिल्ला प्रशासन कार्यालयमार्फत विगतदेखि नै हुँदै आएको छ। यस सन्दर्भमा गृह मन्त्रालयले विभिन्न मितिमा यसको अनुगमन, नियमन र नियन्त्रणका लागि परिपत्रसमेत गर्ने गरेको छ,' विज्ञप्तिमा भनिएको छ, 'सरकारी कामका लागि बिदाका दिनमा सरकारी सवारीसाधन प्रयोग गर्नुपर्दा तोकिएका अधिकारीबाट जारी भएको सवारी पासको प्रयोग गर्न पाउने स्पष्ट व्यवस्था छ।'



चेकजाँचका क्रममा चालकले उक्त गाडी मेयर बालनले चढ्ने गरेको जानकारी दिएको, तर गाडीभित्र बालेन नदेखिएपछि र बिदाको दिन चलाउँदा आवश्यक पर्ने पास पनि नलिएको देखिएपछि ट्राफिक प्रहरीले सम्झाएर छाडेका थिए। प्रहरीका अनुसार केरकारका क्रममा सात मिनेट गाडी रोकिएको थियो।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले कार्यालयबाट जारी विज्ञप्ति सामाजिक सञ्जालमार्फत गलत टिप्पणी गर्ने सबैप्रति लक्षित भएको बताए। उनले भने, 'सामाजिक सञ्जालमार्फत गलत टिप्पणी गर्ने परिपाटी बढेको देखियो। सोही सन्दर्भमा कार्यालयले विज्ञप्ति सार्वजनिक गरेको हो। गलत 'स्टाटस' लेख्ने सबैप्रति विज्ञप्ति लक्षित छ।'

सञ्चालकले नै बन्द गरे 'रुटिन अफ नेपाल बन्द' फेसबुक पेज

आपत्तिजनक अभिव्यक्ति प्रकरणमा मेयर बालेन साहको बचाउमा उत्रिएको फेसबुक पेज 'रुटिन अफ नेपाल बन्द' बन्द गरिएको छ। सञ्चालक भिक्टर पौडेलले नै पेज बन्द गरेका हुन्। यो पेजमा ४० लाख फलोअर्स छन्। पौडेल बालेनका सहयोगी हुन्। पौडेलले बालेनको बचाउमा रुटिन अफ नेपाल बन्दबाट सार्वजनिक गरेको स्टाटसको चर्को आलोचना भएको थियो।

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८० साल भदौ महिना १९ गते मंगलबार)

यस विकास बैंक लि.को तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१. शाखा कार्यालय : लम्की शाखा — **कर्जा शिर्षक :** व्यवसायिक अधिबिकर्ष कर्जा

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : जय दुर्गा निर्माण सेवा व्यवसायीको नाम : गज बहादुर कठरिया दर्ता नं. : ११ दर्ता मिति : २०७५/११/०८ स्थायी लेखा नं. : ६०९२७१६०३ दर्ता गर्ने कार्यालय : जोशीपुर गा.पा. ७ नं. वडा कार्यालय ठेगाना : कैलाली जिल्ला जोशीपुर गा.पा. वडा नं. ७	**१. नाम : गज बहादुर कठरिया** बाबुको नाम : साहिबा कठरिया बाजेको नाम : तुल्सीराम कठरिया स्थायी ठेगाना : कैलाली जिल्ला बौनिया गा.वि.स. वडा नं. ८ हालको ठेगाना : कैलाली जिल्ला जोशीपुर गा.पा. वडा नं. ७ ना.प्र.नं. : २१२ जारी मिति र जिल्ला : २०६३/१०/०७, कैलाली

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : माया देवी कठरिया बाबुको नाम : सिख राम डगौरा थारु पतिको नाम : गज बहादुर कठरिया ससुराको नाम : साहिबा कठरिया स्थायी ठेगाना : कैलाली जिल्ला बौनिया गा.वि.स. वडा नं. ८ हालको ठेगाना : कैलाली जिल्ला जोशीपुर गा.पा. वडा नं. ७ ना.प्र.नं. : १४९४ जारी मिति र जिल्ला : २०६३/१०/१५, कैलाली	**३. नाम : राम प्रशाद चौधरी** बाबुको नाम : टिकाराम डगौरा बाजेको नाम : कालिचरण डगौरा स्थायी ठेगाना : कैलाली जिल्ला जोशीपुर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : कैलाली जिल्ला जोशीपुर गा.पा. वडा नं. ७ ना.प्र.नं. : २७४० जारी मिति र जिल्ला : २०६३/१२/०९, कैलाली

२. शाखा कार्यालय : धादिङबेसी शाखा — **कर्जा शिर्षक :** फोर्स कर्जा

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : आयुप कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. ली. अख्तियार प्राप्त व्यक्ति : आयुप तमाङ दर्ता नं. : २६८०७९/०७८/०७९ दर्ता मिति : २०७८/०४/२९ स्थायी लेखा नं. : ६१००५७३६४ दर्ता गर्ने कार्यालय : कम्पनी रष्जिट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं ठेगाना : धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. ३	**१. नाम : टेकबहादुर तमाङ** बाबुको नाम : याङगलामा तामाङ बाजेको नाम : बलि तमाङ स्थायी ठेगाना : धादिङ जिल्ला दार्खा गा.वि.स. वडा न ४ हालको ठेगाना : धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. ८ ना.प्र.नं. : ५ टो ७९०१-०४४/४५ जारी मिति र जिल्ला : २०४५/०२/१०, धादिङ

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : आयुप तमाङ बाबुको नाम : टेकबहादुर तामाङ बाजेको नाम : याङगलामा तामाङ ठेगाना : धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. ८ ना.प्र.नं .१/४७२३३ जारी मिति र जिल्ला.: २०६८/०३/२२, धादिङ	**३. नाम : जुरीदेवी तमाङ** बाबुको नाम : मुक्तबहादुर तामाङ पतिको नाम : टेकबहादुर तामाङ ससुराको नाम : याङगलामा तामाङ स्थायी ठेगाना : धादिङ जिल्ला दार्खा गा.वि.स. वडा न ४ हालको ठेगाना : धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. ८ ना.प्र.नं : २६३८३८-०४६/०४७ जारी मिति र जिल्ला.: २०४६/१०/१२, धादिङ
४. नाम : सोलोमन तमाङ बाबुको नाम : टेकबहादुर तामाङ बाजेको नाम : याङगलामा तामाङ स्थायी ठेगाना : धादिङ जिल्ला दार्खा न.पा. वडा नं. ४ हालको ठेगाना : धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. ८ ना.प्र.नं .२६-०१-७१-०३००३ जारी मिति र जिल्ला.: २०७१/०४/२०, धादिङ	**५. नाम : सुमिना श्रेष्ठ** बाबुको नाम : खड्ग बहादुर श्रेष्ठ पतिको नाम : सोलोमन तामाङ ससुराको नाम : टेकबहादुर तामाङ ठेगाना : धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. ८ ना.प्र.नं. : २६-०१-७१-०३८६६ जारी मिति र जिल्ला : २०७१/०६/२२, धादिङ

३. शाखा कार्यालय : नदिपुर शाखा — **कर्जा शिर्षक :** आवास कर्जा

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : अमिस गौतम बाबुको नाम : खिम बहादुर गोतामे क्षेत्री बाजेको नाम : मोहन बहादुर गोतामे क्षेत्री स्थायी ठेगाना : कास्की जिल्ला भलाम गा.वि.स. वडा नं. १ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २० ना.प्र.नं. : १६३९४९ जारी मिति र जिल्ला : २०६२/०८/११, कास्की	**१. नाम : खिम बहादुर गोतामे क्षेत्री** बाबुको नाम : मोहन बहादुर गोतामे क्षेत्री बाजेको नाम : भीम बहादुर गोतामे क्षेत्री स्थायी ठेगाना : कास्की जिल्ला भलाम गा.वि.स. वडा नं. १ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २० ना.प्र.नं. : ४६-०१-७१-००८४४ जारी मिति र जिल्ला : २०७१/०१/२६, कास्की

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : सुदिक्षा श्रेष्ठ बाबुको नाम : सुन्दर श्रेष्ठ पतिको नाम : अमिस गौतम ससुराको नाम : खिम बहादुर गोतामे क्षेत्री स्थायी ठेगाना : कास्की जिल्ला भलाम गा.वि.स. वडा नं. १ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २० ना.प्र.नं. : ४६१००१/११७५७ जारी मिति र जिल्ला.: २०६७/०३/२२, कास्की	**३. नाम : हिमकला गौतम** बाबुको नाम : कर्ण बहादुर खडका पतिको नाम : खिम बहादुर गोतामे क्षेत्री ससुराको नाम : मोहन बहादुर गोतामे क्षेत्री स्थायी ठेगाना : कास्की जिल्ला भलाम गा.वि.स. वडा नं. १ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २० ना.प्र.नं. : ७/५७ जारी मिति र जिल्ला. : २०५६/०२/२९, कास्की

४. शाखा कार्यालय : राजीपुर शाखा — **कर्जा शिर्षक :** सहुलियत अधिविकर्ष कर्जा

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : जी यस कृषी पोल्ट्री फर्म व्यवसायीको नाम : मनोज ताम्राकार प्रमाण पत्र नं. : ०७ दर्ता मिति : २०७७/०४/३० स्थायी लेखा नं. : ६१०६१२५३२ दर्ता गर्ने कार्यालय : गौरीगंगा न.पा. ८ नं. वडा कार्यालय ठेगाना : कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८	**१. नाम : मनोज ताम्राकार** बाबुको नाम : गणेश ताम्राकार बाजेको नाम : पदम बहादुर टमोटा स्थायी ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ६ हालको ठेगाना : कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८ ना.प्र.नं. : ७४-०१-७५-०१८९३ जारी मिति र जिल्ला : २०७४/०८/२४, डडेल्धुरा

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : सावित्री ताम्राकार बाबुको नाम : भिम बहादुर ताम्राकार पतिको नाम : मनोज ताम्राकार ससुराको नाम : गणेश ताम्राकार स्थायी ठेगाना : कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ५ हालको ठेगाना : कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८ ना.प्र.नं : ६७ -०१-७५-११५४४ जारी मिति र जिल्ला : २०७५/१२/२५, कैलाली	**३. नाम : गणेश ताम्राकार** बाबुको नाम : पदम बहादुर टमोटा बाजेको नाम : चन्द्रभान टमोटा स्थायी ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ६ हालको ठेगाना : कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८ ना.प्र.नं. : १६५९/१०६१४ जारी मिति र जिल्ला : २०५१/०७/१४, डडेल्धुरा
४. नाम : सुसिला देवी टमोटा पतिको नाम : गणेश बहादुर टमोटा ससुराको नाम : पदम बहादुर टमोटा स्थायी ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ६ हालको ठेगाना : कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८ ना.प्र.नं : ७४-०१-७०-०००८१ जारी मिति र जिल्ला : २०७०/०१/१०, डडेल्धुरा	**५. नाम : भरत ताम्राकार** बाबुको नाम : गणेश बहादुर टमोटा बाजेको नाम : पदम बहादुर टमोटा स्थायी ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ६ हालको ठेगाना : कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८ ना.प्र.नं. : ७४-०१-७०-०१६६२ जारी मिति र जिल्ला : २०७०/०९/०७, डडेल्धुरा

५. शाखा कार्यालय : लम्की शाखा — **कर्जा शिर्षक :** व्यवसायिक अधिविकर्ष कर्जा

	ऋणीको विवरण	
नाम : डेभिड फेन्सी हाउस प्रोप्राइटरको नाम : विनोद कुमार कठरिया प्रा.फ.र.नं. : २७०११/०७५/७६ दर्ता मिति : २०७६/०१/२५ स्थायी लेखा नं. : ६१०६४१७६३ दर्ता गर्ने कार्यालय : वाण्ज्य, आपूर्ति तथा अपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलाली ठेगाना : कैलाली जिल्ला भजनी न.पा. वडा नं. १	**१. नाम : विनोद कुमार कठरिया** बाबुको नाम : रामस्वरुप कठरिया बाजेको नाम : गुरुदिन कठरिया स्थायी ठेगाना : कैलाली जिल्ला थापापुर गा.वि.स. वडा नं. ४ हालको ठेगाना : कैलाली जिल्ला भजनी न.पा. वडा नं. २ ना.प्र.नं. : ६५८२८ जारी मिति र जिल्ला : २०६२/०५/२७, कैलाली	**२. नाम : चम्पा कुमारी कठरिया** बाबुको नाम : कृष्ण प्रसाद कठरिया पतिको नाम : विनोद कुमार कठरिया ससुराको नाम : रामस्वरुप कठरिया स्थायी ठेगाना : कैलाली जिल्ला पवेरा गा.वि.स. वडा नं. ५ हालको ठेगाना : कैलाली जिल्ला भजनी न.पा.वडा नं. २ ना.प्र.नं. : ६१६२७ जारी मिति र जिल्ला : २०६१/०८/०३, कैलाली

६. शाखा कार्यालय : आँबुखैरेनी शाखा — **कर्जा शिर्षक :** व्यक्तिगत आवधिक कर्जा

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : दिनेश वि.क. बाबुको नाम : डल्ले वि.क. बाजेको नाम : कैले कामी ठेगाना : गोरखा जिल्ला पालुङटार न.पा. वडा नं. ६ ना.प्र.नं. : ८६२८५ जारी मिति र जिल्ला : २०५८/१०/०३, गोरखा	**१. नाम : डल्ले विश्वकर्मा** बाबुको नाम : कैले कामी बाजेको नाम : समसेर स्थायी ठेगाना : गोरखा जिल्ला पालुङटार गा.वि.स. वडा नं. ५ हालको ठेगाना : गोरखा जिल्ला पालुङटार न.पा. वडा नं. ६ ना.प्र.नं. : २/१६०४ जारी मिति र जिल्ला : २०४६/०२/१३, गोरखा

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : कमला वि.क बाबुको नाम : राम बहादुर कामी पतिको नाम : दिनेश वि.क. ससुराको नाम : डल्ले विश्वकर्मा ठेगाना : गोरखा जिल्ला पालुङटार न.पा. वडा नं. ६ ना.प्र.नं. : ४४३०२३/२४४ जारी मिति र जिल्ला : २०६३/१०/२६, गोरखा	**३. नाम : ज्ञान बहादुर विश्वकर्मा** बाबुको नाम : मगंल बहादुर विश्वकर्मा बाजेको नाम : बुद्धिमान ठेगाना : गोरखा जिल्ला पालुङटार न.पा. वडा नं. ६ ना.प्र.नं. : ३६०३७ जारी मिति र जिल्ला : २०४९/०९/०५, गोरखा

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

बाढीका कारण पुरियो मेलम्चीको हेडवर्क्स

नयाँ पत्रिका

साउन अन्तिम साता मेलम्ची नदीमा आएको बाढीका कारण मेलम्ची खानेपानीको मुख्य बाँध हेडवर्क्स पुरिएको छ। यसअघि मंसिर मसान्तसम्म मेलम्चीको पानी अस्थायी रूपमा काठमाडौं उपत्यकामा ल्याउने मेलम्ची खानेपानी आयोजना विकास समितिले जनाएको थियो। तर, हेडवर्क्स पुरिएपछि समयमै पानी ल्याउन सकस पर्ने समितिका प्रवक्ता राजेन्द्र पन्तले बताए। 'साउन २७ र २८ गते मेलम्ची नदीमा आएको बाढीका कारण हेडवर्क्स पुरिएको छ। बर्सातका कारण विभिन्न ठाउँमा बाटो बिग्रिएको छ। हेडवर्क्स नै पुरिएको र बाटो पनि बिग्रिएकाले अस्थायी रूपमै पनि समयमै पानी ल्याउन कठिन छ,' पन्तले भने।

बाढीले हेडवर्क्स पुरिनुका साथै १ नम्बर गेट मर्मत गर्नुपर्ने अवस्था छ। त्यस्तै, ९ नम्बर गेटमा पनि सफाइ गर्नुपर्ने अवस्था छ। मेलम्चीको पानी बर्खा सुरु भएसँगै गत असार पहिलो सातादेखि बन्द गरिएको थियो। यसअघि ०७८ असार १ र १५ साउनमा पनि मेलम्ची नदीमा आएको बाढीका कारण हेडवर्क्स र सुरुङमा क्षति पुगेको थियो। मेलम्ची बजारदेखि हेडवर्क्स क्षेत्र अम्बाथानसम्मको २२ किलोमिटरमध्ये आठ किलोमिटर सडक पूर्ण रूपमा क्षति भएको थियो भने यांग्री खोलातर्फ पाँच किलोमिटर सडकमा क्षति भएको थियो। आयोजनासम्म पुग्ने ६ वटा पक्की पुल पनि बगाएको थियो।

■ बाटो बिग्रिँदा क्षतिको यकिन तथ्यांक आएन

मेलम्ची खोलामा आएको बाढीका कारण चनौटेस्थित रातो पुलदेखि किउलसम्म सात किलोमिटर सडक बगाएको छ। ग्याल्थुम र डुम्रे बजारको सडक खोलामा परिणत भएको छ। 'स्थानीयले प्रयोग गर्ने बाटो भएकाले चनौटे पुलदेखि ग्याल्थुमसम्मको अस्थायी बाटो भर्खर मात्र बनेको छ। त्यसैले आयोजनामा अरू के-के क्षति भयो यकिन गर्न गाह्रो छ,' प्रवक्ता पन्तले भने, 'त्यसैले कति क्षति भयो कति लागत लाग्छ ? अस्थायी रूपमै भए पनि कहिले सम्पन्न भएर पानी आउँछ भन्ने कुरा अहिले नै भन्न सक्ने अवस्था छैन।'

काठमाडौं उपत्यकामा हाल दैनिक ४३ करोड लिटर खानेपानीको माग छ। तर, काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले वर्षायाममा समेत जम्मा १६ करोड लिटर वितरण गर्दै आएको छ। सुक्खा मौसममा जम्मा १३ करोड लिटर मात्रै आपूर्ति भइरहेको छ। त्यसमा पनि ४० प्रतिशत चुहावट भएर सात करोड ८० लाख लिटर पानी मात्रै उपभोक्ताको घरसम्म पुग्ने गरेको छ । मेलम्चीबाट आएको पानी सुन्दरीजलका दुई प्रशोधन केन्द्रबाट साढे आठ करोड लिटरका दरले दैनिक १७ करोड लिटर प्रणालीमा जोडिएको थियो।

काठमाडौंका सडक तत्काल सुधार्न मन्त्री ज्वालाको निर्देशन

काठमाडौं/ भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले दुरावस्थामा पुगेका काठमाडौं उपत्यकाका सडक तत्काल सुधार गर्न निर्देशन दिएका छन्। विभिन्न नौ निकायका प्रमुखहरूलाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा आज बोलाएर उनले काठमाडौं उपत्यकाका सडक तत्काल सुधार गर्न निर्देशन दिए। मन्त्री ज्वालाले भने, 'तपाईंहरू काममा गम्भीर नहुने, नागरिकले दैनिक सास्ती पाइराख्ने अनि मन्त्री टुलुटुलु हेरेर बस्नुपर्ने ?' उनले भने, 'अब म आफैं सडकमा जान्छु र कामको निरीक्षण गर्छु।'

सडक विभागले सडक कालोपत्रे गर्ने, केही दिनमै त्यही सडकमा नेपाल विद्युत् प्राधिकरणले खन्ने, लगत्तै नेपाल टेलिकमले पुनः खन्ने, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, ढल महाशाखालगायतले खन्ने कार्यले सडकको बेहाल भएको उनले बताए। 'सडकको यो हरिबिजोग हेरेर बस्न सकिँदैन, टाइम लाइन तोकेर सुधारमा लाग्नुहोस्,' उनले भने।

बैठकमा ललितपुर महानगरका प्रमुख चिरिबाबु महर्जन, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष उद्धव तिमिल्सेना, काठमाडौं उपत्यका खानेपानी लिमिटेडका रमेश केसी, ढल महाशाखाका डोलप्रसाद चापागाईं, नेपाल टेलिकमका प्रतिनिधिलगायतको सहभागिता थियो।

बैठकमा भौतिक पूर्वाधार मन्त्रालयका सचिव केशव शर्मा, सडक विभागका महानिर्देशक सुशीलबाबु ढकाल र संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालयका प्रमुख अर्जुनप्रसाद अर्यालले मन्त्री ज्वालाको निर्देशनपछि तार र पाइपहरू अन्डर ग्राउन्डेड गरिसकेका ठाउँमा तत्काल सडक सुधार गर्ने प्रतिबद्धता जनाए।

सोमबार उपत्यकामा

बुढानीलकण्ठ : ज्यान मार्ने उद्योग कसुरका फरार प्रतिवादी बुढानीलकण्ठ नपा कपन बस्ने रामेछाप मन्थली नपा-११ का ३० वर्षीय नीरज मगर भन्ने सुमन थापा मगरलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ। काठमाडौं महानगरपालिका-३१, शंखमूलमा सुरज खड्कालाई ०७८ चैत ९ गते दिउँसो धारिलो हतियार खुकुरी प्रहार गरी ज्यान मार्ने उद्योग कसुरमा संलग्न रही फरार रहेका मगरलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले काठमाडौं चाबहिलबाट पक्राउ गरेको हो।

वसुन्धरा : काठमाडौं मनपा-३, वसुन्धरास्थित सडकमा प्र.३-०२-००६ प ६४०५ नं को मोटरसाइकल र बा.प्र.०१-०२७ च ६७४७ नं को बोलेरो एक-आपसमा ठक्कर खाई दुर्घटना हुँदा संखुवासभा मकालु गापा-१ का २७ वर्षीय दावा दोर्जे शेर्पाको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको ग्रिनसिटी अस्पताल वसुन्धरामा उपचारका क्रममा मृत्यु भएको हो। साथै, दुर्घटनामा घाइते भएकी मोटरसाइलमा सवार अन्य एकजनाको सोही अस्पतालमा उपचार भइरहेको छ। बोलेरो चालकलाई प्रहरीले नियन्त्रणमा लिई यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

तारकेश्वर : तारकेश्वर नगरपालिका-११, नेपालटार हिलेटोल बस्ने ५० वर्षीय अमृतमान महर्जनको घरबाट कोही नभएको अवस्थामा करिब पाँच लाख ११ हजार रुपैयाँबराबरको सुन तथा चाँदीका विभिन्न गहना आइतबार दिउँसो चोरी भएको छ।

रानीबारी : काठमाडौं मनपा-२६, रानीबारी डेरा गरी बस्ने २२ वर्षीया एलिना घलेको कोठाबाट दराज फोडेर करिब चार लाख ६२ हजार रुपैयाँबराबरको सुन तथा चाँदीका विभिन्न गहना आइतबार दिउँसो चोरी भएको छ।

कार्यान्वयनमा आएन सिंहदरबारमा बोतलको पानी निषेध गर्ने घोषणा

मेलम्चीको पिउनयोग्य खानेपानी जडान भइसक्दा पनि मन्त्रालयहरूले बोतलको पानीको प्रयोग छाडेनन्



● **मीना श्रेष्ठ**, प्रवक्ता
खानेपानी मन्त्रालय

सिंहदरबारमा बोतलको पानी पूर्ण रूपमा हटाउन व्यावहारिक कठिनाइ छ। सिंहदरबारभित्र भिआइपीहरू आउनुहुन्छ, उहाँहरूलाई पनि जारको पानी थापेर दिने कुरा स्वाभाविक हुँदैन। कर्मचारी र सामान्य अवस्थामा भने जारको पानी प्रयोग गर्न सकिन्छ।



भौतिक पूर्वाधार मन्त्रालयअगाडि जडान भएको मेलम्ची खानेपानीको धारा। **तस्बिर : संजित परियार/नयाँ पत्रिका**

सुवास भट्ट/नयाँ पत्रिका

अघिल्ला खानेपानीमन्त्री अब्दुल खानले गत ११ माघमा पदभार ग्रहण गरेलगत्तै सिंहदरबारमा बोतलको खानेपानी रोक्ने घोषणा गरे। तत्कालीन सचिव मणिराम गेलाललाई बोतलका पानी रोकेर सार्वजनिक धाराको खानेपानी व्यवस्थापन गर्न निर्देशन दिए। मन्त्रीको निर्देशनअनुसार सचिव गेलालले सिंहदरबारका मन्त्रालय तथा कार्यालयमा मेलम्चीको पानी आउने व्यवस्था गर्नेदेखि सार्वजनिक धारा जोड्नेसम्म काम गरे। तर, मेलम्चीको पिउनयोग्य खानेपानी जडान भइसक्दा पनि मन्त्रालयहरूले बोतलको पानीको प्रयोग छाडेका छैनन्।

अर्थ मन्त्रालयले गत माघमै जारी गरेको प्रशासनिक खर्च कटौती गर्नेसम्बन्धी निर्देशनमा बोतलको पानी निरुत्साहित गर्ने भनेको थियो। तर, सबैभन्दा बढी बोतलको पानी खरिद अर्थ मन्त्रालयले नै गर्छ। प्रधानमन्त्री कार्यालयले भने बोतलको पानीको प्रयोग घटाउँदै लगेको छ। मुख्यसचिव डा. वैकुण्ठ अर्यालले बोतलको पानीको प्रयोग बैठक हलहरूमा मात्र गर्ने र उप्रान्त सबै शाखा/महाशाखाहरूमा बोतलको सट्टा गुणस्तरीय जारको पानी प्रयोगमा ल्याउने व्यवस्था मिलाउने निर्णय गत २८ साउनमा गरेका छन्। गत वर्ष मासिक दुई लाख २९ हजार दुई सय ४७ रुपैयाँका दरले बोतलको पानी किनेकोमा यसपालि मासिक दुई लाखको हाराहारीमा खरिद गर्दै आएको छ।

खानेपानी मन्त्रालयका अनुसार सिंहदरबारका अधिकांश मन्त्रालय तथा कार्यालयहरूमा मेलम्चीको पानी पुग्ने गरी प्रणाली जडान गरिएको छ। अहिले सिंहदरबारमा ३९ वटा भवन रहेकामा २४ भवनमा मेलम्चीको पानी आउने गरी प्रणालीसँग आबद्ध गरिएको छ। यसअघि ती भवनहरूमा बोरिङको पानी वितरण हुन्थ्यो। बाँकी भवनहरूमा पनि मेलम्चीको प्रणाली जोडिने मन्त्रालय बताउँछ।

खानेपानी मन्त्रालयकी प्रवक्ता मीना श्रेष्ठले बोतलको पानी पूर्ण रूपमा हटाउन व्यावहारिक कठिनाइ रहेको बताइन्। मेलम्ची र जारकै पानी पिउन मिल्ने भए पनि सिंहदरबारभित्र 'भिआइपी'हरूको आवागमन हुने भएकाले बोतलको पानीमा रोक नै लगाउन भने नसकिने उनको भनाइ छ। 'सिंहदरबारभित्र भिआइपीहरू आउनुहुन्छ, उहाँहरूलाई पनि जारको पानी थापेर दिने कुरा स्वाभाविक हुँदैन,' उनले भनिन्, 'कर्मचारी र सामान्य अवस्थामा भने जारको पानी प्रयोग गर्न सकिन्छ।'

■ सेवाग्राहीका लागि सिंहदरबारमा खानेपानीका तीन धारा

■ प्रधानमन्त्री कार्यालयले घटायो बोतलको पानी

प्रधानमन्त्री कार्यालयले भने बोतलको पानीको प्रयोग घटाउँदै लगेको छ। मुख्यसचिव डा. वैकुण्ठ अर्यालले बोतलको पानीको प्रयोग बैठक हलहरूमा मात्र गर्ने र उप्रान्त सबै शाखा/महाशाखाहरूमा बोतलको सट्टा गुणस्तरीय जारको पानी प्रयोगमा ल्याउने व्यवस्था मिलाउने निर्णय गत २८ साउनमा गरेका छन्। गत वर्ष मासिक दुई लाख २९ हजार दुई सय ४७ रुपैयाँका दरले बोतलको पानी किनेकोमा यसपालि मासिक दुई लाखको हाराहारीमा खरिद गर्दै आएको छ।

सिंहदरबारमा निजामती र सुरक्षा निकायसहितका गरी करिब पाँच हजार राष्ट्रसेवक कार्यरत छन्। यहाँ दैनिक सयौँ मानिस विभिन्न काम लिएर आउँछन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित सबै संघीय मन्त्रालय (स्वास्थ्यबाहेक) यहीँ छन्। तर, यहाँ आउने आगन्तुक र कर्मचारीले बाहिर निस्किँदा तिर्खा लागे पानी पाउने अवस्था थिएन।

खानेपानीको यही समस्या समाधानका लागि खानेपानी मन्त्रालयले सिंहदरबारभित्र तीन धारा जडान गरेको छ। खानेपानी मन्त्रालय, गृह मन्त्रलाय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअगाडि धारा जडान गरिएका छन्। खानेपानी मन्त्रालय, काठमाडौं उपत्यका खानेपानी आपूर्ति व्यवस्थापन बोर्ड र काठमाडौं उपत्यका खानेपानी लिमिटेडले यी धाराको व्यवस्थापन गरेका छन्।

खानेपानी मन्त्रालयकी प्रवक्ता मीना श्रेष्ठले पहिलो चरणमा 'ट्रायल'का लागि तीन ठाउँमा धारा जडान गरिएको बताइन्। मन्त्रालयले चार ठाउँमा धारा जडान गर्ने योजना बनाए पनि हालका लागि तीन स्थानमा मात्र राखिएको उनले बताइन्। 'पहिलो चरणमा तीन धारा जडान गरिएको छ,' उनले नयाँ पत्रिकासँग भनिन्, 'मागका आधारमा क्रमशः अरू धारा पनि जडान गर्न सकिन्छ।

प्रवक्ता श्रेष्ठका अनुसार यी धारा मेलम्चीकै प्रणालीसँग जोडिएको छ। मेलम्चीको पानी आउने अनामनगरमा रहेको ट्यांकीमा सिंहदरबारको खानेपानी प्रणाली जोडेर त्यहाँबाट पानी प्रवाह गर्ने व्यवस्था मिलाइएको छ। उनले धारामा आउने पानी सीधै पिउन मिल्ने बताइन्। 'शुद्धीकरण गरिएकाले धारामा आउने पानी सीधै पिउन मिल्छ,' उनले भनिन्। मेलम्चीको पानीलाई सुन्दरीजलमा नै प्रशोधन गरेर वितरण गर्ने व्यवस्था गरिएको छ। धारामा २४ घन्टा नै पानी आउने गरी व्यवस्थापन गरिएको उनको भनाइ छ।

तर, वर्षा, पहिरोको जोखिम तथा मर्मतसमेत गर्नुपर्ने भएका कारण मेलम्चीको पानी केही समयअघि रोकिएको थियो। केही दिनयता मेलम्चीबाहेकका स्रोतमा जोडेर वितरण सञ्चालन गरिएको छ। सिंहदरबारमा गरिएको सार्वजनिक धाराको यो 'ट्रायल' सफल भए सिंहदरबारबाहिरका प्रमुख विभागहरूमा पनि सेवाग्राहीका लागि धारा जडान गरिने प्रवक्ता श्रेष्ठले बताइन्।

तत्कालीन खानेपानीमन्त्री अब्दुल खानले गत १७ चैतमा सिंहदरबारका खानेपानी धारा उद्घाटन गर्दै उनले छिट्टै सिंहदरबारबाहिरका सार्वजनिक स्थल, शौचालय, विमानस्थल, बसपार्क, अस्पताललगायतका स्थानमा पनि सार्वजनिक धारा राख्ने घोषणा गरेका थिए। केही स्थानमा सस्तो मूल्यमा 'वाटर एटिएम' सुरु गरिए पनि निःशुल्क सार्वजनिक धारा भने छैनन्।

मानव तस्करीमा संलग्न गिरोहविरुद्ध संगठित अपराध कसुरमा अनुसन्धान

काठमाडौं/ अमेरिकामा मानवतस्करी गर्ने गिरोहविरुद्ध प्रहरीले संगठित अपराधसम्बन्धी कसुरमा अनुसन्धान थालेको छ। पक्राउ परेकामाथि प्रारम्भिक अनुसन्धानमा संगठित रूपमै ठूलो गिरोहले तहगत रूपमा मानव तस्करी गर्दै आएको खुलेपछि संगठित अपराध निवारण ऐनअनुसार प्रहरीले अनुसन्धान अघि बढाएको हो।

मानव बेचबिखन अनुसन्धान ब्युरोले गत ७ साउनमा कमल तामाङलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको थियो। तामाङलाई अप्रत्यक्ष रूपमा सघाउने थप दुईजनालाई पनि पक्राउ गरिएको र संगठित अपराधसम्बन्धी कसुरमा अनुसन्धान थालिएको ब्युरोका निर्देशक एसएसपी जीवनकुमार श्रेष्ठले बताए। अमेरिका लैजाने भन्दै केही युवालाई सो समूहले विभिन्न देशमा लगेर लाखौँ असुलेको थियो। गिरोहका नाइकेहरू विदेशमै रहेको प्रहरी स्रोत बताउँछ।

सो समूहबाट पीडितमध्ये धेरै दाङ, रुकुम र सल्यानका युवा भएको र त्यसमध्ये थोरैले मात्र प्रहरीमा उजुरी दिएको उनको भनाइ छ। पक्राउ परेका गिरोहका सदस्य तामाङ गल्फ खेलाडीसमेत हुन्। उनले काठमाडौंको जयबागेश्वरीमा एटलान्टिक माइग्रेसन सेन्टर नामको कार्यालय खोलेका छन्। सोही कार्यालयमा विदेश जानेहरूलाई बस्ने सुविधासमेत छ। यो गिरोहमा संलग्न कतिपय व्यक्ति विदेशमा रहेको खुलेको छ।

प्रहरीका अनुसार एकै व्यक्तिले अमेरिकाको सपनामा एक करोड १८ लाख गुमाएका छन्। उनलाई अमेरिका लैजाने भन्दै कहिले थाइल्यान्ड, कहिले दुबई तथा कहिले जाम्बिया लगिएको थियो। महिनौं विभिन्न देशमा राखिएपछि उनी स्वदेश फर्किएका हुन्। आफन्तलाई समेत अमेरिका पठाउने सर्तमा उनले पटक-पटक गरेर एक करोड १८ लाख बुझाएका हुन्। पछि दलालहरू सम्पर्कविहीन भएपछि उनी पनि उजुरी लिएर प्रहरीमा पुगेका छन्। अमेरिका लैजाने भन्दै मानवतस्करी गर्ने गिरोहको विश्वासमा परेर धेरै युवायुवती ठूलो समस्यामा परेको प्रहरी अधिकारीहरू बताउँछन्।

वडाध्यक्षले कुटे शिक्षक

गुल्मी/ मालिका गाउँपालिका-७ को देवीस्थान माविमा कार्यरत शिक्षक यमलाल पन्थी जनप्रतिनिधिबाटै कुटिएका छन्। उनलाई वडाध्यक्ष हिराबहादुर कार्कीले कुटपिट गरेका हुन्। पन्थीले श्रीमती जानकी पाण्डेयको सरुवाको विषयमा आक्रोशित हुँदै वडाध्यक्ष कार्कीलाई अपशब्द बोलेपछि कुटपिटको अवस्था सिर्जना भएको हो। 'सानो बच्चाकी आमालाई नियत राखेर सरुवा गरेपछि निकै सास्ती भएको छ। मैले त्यही आक्रोश वडाध्यक्षलाई पोखेँ,' उनले भने, 'सहजीकरणको सट्टा कुटाइ खाएँ।'

विद्यालयका प्रध्यानाध्यापक खिमबहादुर बुढाथोकीले शिक्षक पन्थीले तथानाम गाली गरेपछि वडाध्यक्षले प्रतिवाद गरेको बताए। उनले विद्यालयकै परिसरको घटना भएकाले सिसिटिभी फुटेज प्रमाण भएको बताए। पन्थीले ०७६ बाट विद्यालयमा पढाउँदै आएका छन्। पालिकाले आफ्नी श्रीमती जानकी पाण्डेयलाई गत साउनमा वडा नम्बर-७ कै मैदानचौर प्राविबाट बरारूख प्राविमा करिब डेढ घन्टाको दूरीमा सरुवा गरेको शिक्षक पन्थीले बताए। वडाध्यक्ष कार्कीले आफूलाई अपशब्द प्रयोग गरेर गालीगलौज गरेपछि हातपात भएको स्वीकार गरे। 'देख्ने थुप्रै छन्, तिमीहरूलाई श्राप लाग्छ, किरा पर्छ, झुन्डिए पनि हुन्छ भनेर थुकेपछि तनावपूर्ण अवस्था भएको हो,' उनले प्रश्न गरे, 'घटना पन्थीकै गालीबाट सुरु भएकाले पीडित को भन्ने ?' जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रमुख प्रहरी उपरीक्षक नवीनकिशोर प्रधानले दुवैजना सार्वजनिक पदधारण गरेका व्यक्ति भएकाले गालीगलौज र कुटपिट दुवै गलत भएको बताए। आफूले प्रधानाध्यापकलाई फोन गरेर घटनाको सहजीकरण गर्न भनेको प्रधानले जानकारी दिए।

नक्कली प्रमाणपत्र भएका चिकित्सकविरुद्ध मुद्दा दायर, दुईजना धरौटीमा रिहा

काठमाडौं/ नक्कली शैक्षिक प्रमाणपत्र बनाएर एमबिबिएस अध्ययन गरेको आरोपमा पक्राउ परेका दुई चिकित्सक धरौटीमा छुटेका छन्। सरकारी छाप दस्तखत किर्ते मुद्दा दायर भएकोमा जिल्ला अदालतले उनीहरूलाई धरौटीमा छाड्न आदेश दिएको हो।

समान अभियोग भए पनि दुईजनाविरुद्ध फरक-फरक धरौटी रकम माग भएको छ। चिकित्सक श्रद्धा शिल्पकार एक लाख तथा एरिना शाह ३५ हजार रुपैयाँ धरौटीमा छुटेका हुन्। धरौटी बुझाएर शिल्पकार आइतबार तथा शाह सोमबार छुटेकी हुन्।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले नक्कली प्रमाणपत्रका आधारमा एमबिबिएस अध्ययन गर्ने आठजना चिकित्सकलाई तीन साताअघि पक्राउ गरेको थियो। जसमध्ये सांसदसमेत रहेका सुनील शर्मालाई जिल्ला अदालत काठमाडौंले थुनामा राख्न म्याद नदिएकोमा अन्यलाई भने थुनामै राखेर मुद्दा दायर भएको हो। शर्माविरुद्ध भने मुद्दा अघि बढेको छैन। पक्राउ परेकामध्ये मनित चौधरी, अमित चौधरी, पुनम थापा, रामबाबु यादव र नसिम अख्तरविरुद्ध पनि अनुसन्धान सकाएर सोमबार मुद्दा दायर भएको छ।

डा.शर्माको हकमा भने सिआइबीले बयानसमेत लिनसकेको छैन। दबाबका कारण उनलाई बयानमा बोलाउन नसकिएको सिआइबी स्रोतले बतायो। उनले बिहारको एक कलेजमा १२ कक्षा उत्तीर्ण गरेको भनेर शैक्षिक प्रमाणपत्र पेस गरी चीनमा एमबिबिएस अध्ययन गरेको मेडिकल काउन्सिलको छानबिनमा पुष्टि भएको थियो। सिआइबीले अप्रेसन 'फक्सट्रोल चार्ली' सञ्चालन गरी नक्कली प्रमाणपत्रधारी चिकित्सकलाई पक्राउ गरेको हो। मेडिकल काउन्सिलसँग सहकार्य गरी थप चिकित्सकको शैक्षिक प्रमाणपत्रमाथि पनि अनुसन्धान भइरहेको सिआइबीले जनाएको छ।

मधेश प्रदेश सभा सदस्य सिंह पक्राउ



सप्तरी/ प्रहरीले मधेश प्रदेश सभा सदस्य अनिरुद्धकुमार सिंहलाई पक्राउ गरेको छ। मुल्तबी रहेको ज्यान मुद्दाका आरोपी सिंहलाई सोमबार दिउँसो राजविराजबाट पक्राउ गरिएको सप्तरीका प्रहरी प्रमुख नरेन्द्रकुमार कार्कीले जानकारी दिए। उनलाई सोमबार नै अदालतमा पेस गरिएको उनको भनाइ छ। सिंह गत प्रदेश सभा निर्वाचनमा सप्तरी ४ (ख) बाट स्वतन्त्र उम्मेदवार भई विजयी भएका थिए। ०६४ मा माओवादी नेता गोविन्द चौधरीको हत्यामा संलग्न रहेको मुद्दामा सिंहसमेत आरोपी छन्।

शरणार्थी नेता पौडेलले मागे सुरक्षा

काठमाडौं/ भुटान पिपुल्स पार्टीका अध्यक्ष एवं भुटानी शरणार्थी नेता बलराम पौडेलले २२ वर्षअघि आफ्ना नेता आरके बुढाथोकीको हत्या भएको परिस्थिति दोहोरिने गरी आफूमाथि धम्की आएको उल्लेख गर्दै जीवनरक्षाका लागि नेपाल सरकारसँग अपिल गरेका छन्। झापाका प्रमुख जिल्ला अधिकारीमार्फत सोमबार दिएको निवेदनमा उनले भुटानी नागरिकलाई लखेटिएको पृष्ठभूमि, आफ्नो स्वदेश आगमन, पार्टी नेताको हत्या भएको सन्दर्भ उल्लेख गर्दै आफूमाथि धम्की आएको विवरण पनि बुझाएका छन्।

इन्ट्रा फाउन्डेसनद्वारा २ भदौमा काठमाडौंमा आयोजित 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स' समापनमा संस्थाका अध्यक्ष डिल्ली अधिकारीले नेपालबाट सन् १९७२ मा भुटानमा नेपालीभाषी गएको अभिव्यक्ति दिएपछि भुटानी समुदायका अगुवा एवं संस्थाले विरोध जनाएका थिए। भुटान पिपुल्स पार्टीका अध्यक्ष पौडेलले पनि अधिकारीको भनाइले जबर्जस्ती खेदिएका र भुटानमा सयौँ वर्षदेखि बस्दै आएका नेपालीभाषीहरूको भावनामा चोट पुगेको भन्दै विरोध जनाएका थिए। अमेरिका पुनर्वास भएकाहरूको प्रतिनिधित्व गर्दै ग्रेटर क्लिभल्यान्ड भुटानी समाजको तर्फबाट अध्यक्ष तोयानाथ खतिवडाले अधिकारीको भनाइप्रति खेद व्यक्त गर्दै विज्ञप्ति जारी गरेका थिए। झापास्थित बेलडाँगी शरणार्थी शिविरमा मन्तव्य दिनेक्रममा अधिकारीले इतिहासबारे आफू पनि विज्ञ भएको भन्दै आफ्नो भनाइको बचाउ गरेका थिए। अधिकारी हाल अमेरिका गइसकेका छन्।

गत बुधबार मध्याह्न अपरिचित मोबाइल नम्बर ९८२८७४३१६६ बाट फोन गरेर बिबी बस्नेत नामका पूर्वभुटानीले धम्की दिएको पौडेलले निवेदनमा उल्लेख गरेका छन्।

■ जलस्रोत अनुसन्धान केन्द्रका लेखा अधिकृत कार्कीविरुद्ध मुद्दा

चार करोड ६७ लाख गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोग

काठमाडौं/ गैरकानुनी सम्पत्ति आर्जनको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक लेखा अधिकृतविरुद्ध चार करोड ६७ लाख ३८ हजार रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरेको छ। जलस्रोत अनुसन्धान विकास केन्द्र ललितपुरका लेखा अधिकृत तोरणबहादुर कार्कीविरुद्ध सोमबार अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको हो।

१७ जेठ ०५३ मा सार्वजनिक सेवामा प्रवेश गरेको कार्कीको गत २८ मंसिर ०७९ सम्मको अवधिको आम्दानी र खर्चको विश्लेषण अख्तियारले गरेको थियो। आम्दानीतर्फ पत्नी उर्मिला थापा कार्कीसहितको पारिश्रमिक आय, विभिन्न भत्ता, घरबहाल, बिमा, जग्गा बिक्री, बैंक ब्याज, विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको कर्जा, ऋणबापत प्राप्त विप्रेषणलगायतका शीर्षकमा कार्कीको वैध आय एक करोड आठ लाख ४८ हजार ५९० रुपैयाँ देखिएको छ।

सोही अवधिमा उनले पाँच करोड ७५ लाख ८७ हजार ३७० रुपैयाँ खर्च तथा लगानी गरेको देखिन्छ। घर-निर्माण, जग्गा खरिद र रजिस्ट्रेसन दस्तुर, अध्ययन, ऋण लिएबापत तिरेको साँबा-ब्याज, बिमा प्रिमियमबापत तिरेको रकम, सवारीसाधन खरिद, विभिन्न कम्पनीको सेयर खरिद, पुँजीगत लाभकर, घरबहाल कर, बैंक मौज्दातलगायतमा उनको खर्च तथा लगानी देखिएको छ।

परीक्षण अवधिमा कार्कीको आम्दानी र खर्च घटाउँदा आएको चार करोड ६७ लाख ३८ हजार ७८० रुपैयाँबराबरको खर्च तथा लगानी (सम्पत्ति) वैधानिक स्रोत नखुलेको आरोपपत्रमा उल्लेख छ। 'निजको वैधानिक आयको तुलनामा खर्च एवं लगानीसहितको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिन आएबाट वैधानिक रूपले आर्जित सम्पत्तिको अनुपातमा मनासिब नदेखिने किसिमको अमिल्दो र अस्वाभाविक उच्चस्तरको जीवनयापन निज तोरणबहादुर कार्की र निजको परिवारले गरेको प्रमाणित भयो,' अख्तियारको आरोपपत्रमा उल्लेख छ। स्रोत नखुलेको सम्पत्तिबराबरको रकमलाई बिगो कायम गरेर भ्रष्टाचार निवारण ऐनबमोजिम जरिवाना र कैद सजाय तथा स्रोत नखुलेको सम्पत्तिबाट बढेबढाइ हाल कायम रहेको सम्पत्तिसमेतबाट बिगो र जरिवाना जफत गरी पाउन पनि अख्तियारले दाबी गरेको छ

सार्वजनिक पदको दुरुपयोग गरी भ्रष्टाचारजन्य कार्यमार्फत कार्कीले गैरकानुनी रूपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्ति पत्नी उर्मिलाका नाममासमेत राखेको देखिएको छ। पत्नीका नाममा जग्गा, सेयर, सवारीसाधन खरिद तथा बैंक खाताहरूमा रकम मौज्दातलगायतमा गरिएका खर्चमध्ये स्रोत पुष्टि हुन नसकेको लागत मूल्यबराबरको भागको स्रोत नखुलेको सम्पत्ति बिगो जफत गर्न पनि अख्तियारले भनेको छ।

■ ट्राफिक प्रहरीको दुर्घटना न्यूनीकरण अभियान

सडकमै रोकेर चालकको स्वास्थ्य परीक्षण



धादिङमा दुई ठूला राजमार्ग छन्, जहाँ दिनहुँजसो दुर्घटना भइरहन्छन्। दुर्घटनाका धेरै कारणमध्ये चालकहरूकै लापरबाही र उनीहरूको स्वास्थ्य अवस्था पनि एक हो। चालक नै स्वस्थ भएन भने यात्रा असुरक्षित हुन सक्छ। जनचेतना फैलाउन सोमबारदेखि सुरु भएको अभियान निरन्तर रूपमा चल्नेछ। राजमार्गमा मात्र नभई जिल्लाका अन्य स्थानमा पनि यो अभियान सञ्चालन हुन्छ।

■ **बद्रीनाथ गैहे**, प्रमुख जिल्ला अधिकारी, धादिङ

धादिङमा **अर्जुन श्रेष्ठ**

राजमार्गमा हुने दुर्घटना न्यूनीकरण गर्न चालक तथा सहचालकको स्वास्थ्य परीक्षण अभियान सुरु गरिएको छ। अधिकांश दुर्घटना चालकके कारण भएको ठहर गर्दै जिल्ला ट्राफिक प्रहरी कार्यालय धादिङले यस्तो अभियान थालेको हो।

सवारी दुर्घटना न्यूनीकरण गरी जनधनको क्षति कम गर्न चालक तथा सहचालकको स्वास्थ्य परीक्षण अभियान सुरु गरिएको धादिङका प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैहेले जानकारी दिए। 'धादिङ जिल्लामा दुई ठूला राजमार्ग छन्। राजमार्गमा दिनहुँजसो दुर्घटना भइरहन्छन्। दुर्घटनाका धेरै कारणमध्ये चालकहरूकै लापरबाही र उनीहरूको स्वास्थ्य अवस्था पनि एक हो,' उनले भने, 'चालक नै स्वस्थ भएन भने यात्रा असुरक्षित हुन सक्छ। जनचेतना फैलाउन सोमबारदेखि सुरु भएको अभियान निरन्तर रूपमा चल्नेछ। राजमार्गमा मात्र नभई जिल्लाका अन्य स्थानमा पनि यो अभियान सञ्चालन हुन्छ।'

पृथ्वी राजमार्ग देशैभरका सवारीसाधन संघीय राजधानी काठमाडौंसम्म आवतजावत गर्ने मुख्य मार्ग हो। यो राजमार्ग भएर दैनिक हजारौंको संख्यामा सवारी आवतजावत गर्छन्। 'राजमार्गमा चल्ने सबै सवारीसाधनका चालक तथा सहचालकलाई धादिङ जिल्लाले मात्रै स्वास्थ्य परीक्षण गर्न सम्भव हुँदैन। धादिङबाट सुरु भएको हो, अन्य जिल्लामा सन्देश पुऱ्याउन यो अभियान थालिएको हो,' उनले भने।

ट्राफिक प्रहरीले धादिङको बेनीघाट रोराङ- ९ मभिमटारमा शिविरकै रूपमा स्वास्थ्य परीक्षण थालेको हो। स्वास्थ्य परीक्षण अभियानअन्तर्गत चालक तथा सहचालकको ब्लड प्रेसर, आँखाको भिजन टेस्टलगायत मानसिक तथा शारीरिक थकानको चेकजाँचसमेत गरिएको छ।

स्वास्थ्य परीक्षण गरिएका चालक तथा सहचालकमध्ये धेरैमा स्वास्थ्य समस्या देखिएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए। स्वास्थ्य समस्या भएकामध्ये अधिकांशलाई उच्च रक्तचापको समस्या छ। 'स्वास्थ्य समस्या देखिएका चालक तथा सहचालकलाई उपचार पनि गरिएको छ। कतिपयलाई आराम गराउँदै स्वास्थ्य परामर्श दिएर पठाएका छौं। सवारीधनीलाई पनि फोन गरेर जानकारी दिने र सचेत रहन सल्लाह पनि दिने गरेका छौं,' उनले भने।



राजमार्गमा हुने दुर्घटना न्यूनीकरण गर्ने अभियानअन्तर्गत चालक तथा सहचालक स्वास्थ्य परीक्षण गर्दै स्वास्थ्यकर्मीको टोली। तस्बिर : नयाँ पत्रिका

चालक तथा सहचालकको स्वास्थ्य परीक्षणले राजमार्गमा हुने दुर्घटना न्यूनीकरण हुने जिल्ला ट्राफिक कार्यालय गजुरीका प्रहरी निरीक्षक रवीन्द्रकुमार श्रेष्ठ बताए। 'चालकको सामान्य त्रुटिबाट पनि जनधनको ठूलै क्षति हुन सक्छ। हरेक दिनजसो हुने दुर्घटना न्यूनीकरण गरी जनधनको क्षति कम गर्न अभियान सुरु गरिएको हो,' उनले भने, 'सडक सञ्जाल, चालकको लापरबाही, सवारीसाधनको अवस्थालगायतका कारण दुर्घटना भइरहेका छन्। दुर्घटना न्यूनीकरण गर्न चालक तथा सहचालकको स्वास्थ्य परीक्षण अभियान सुरु गरिएको हो।'

स्वास्थ्य परीक्षण अभियानसँगै धादिङ जिल्लामा रहेका ट्राफिक युनिटले दैनिक जनचेतनामूलक कार्यक्रम गर्दै आएका छन्। 'सवारी चेकिङ गर्ने राजस्व संकलन मात्र नभई चालक, सहचालक, यात्रुहरूको गुनासो सुन्ने गर्छौं। चाडपर्व पनि नजिकिँदै छ। विशेष कार्ययोजना बनाएर समस्या समाधानको खोजी गर्ने लक्ष्य हाम्रो छ,' उनले भने। राजमार्गका विभिन्न ठाउँमा रिफ्रेस सेन्टर स्थापना गरिने निरीक्षक श्रेष्ठले बताए। 'नजिकभन्दा लामो दूरीमा चल्ने सवारीसाधन हाँक्ने सवारीचालकलाई मध्यनजर गरेर रिफ्रेस सेन्टरको सुरु गर्न लागिएको हो,' उनले भने।

प्रहरीले राजमार्गमै सवारी रोकेर चालक तथा सहचालकको स्वास्थ्य अवस्था चेकजाँच गरेको हो। तर, काउन्टरबाट सवारी छुट्नुअघि चेकजाँच गरिए प्रभावकारी हुने चालकहरूको भनाइ छ। बाटोमै सवारी रोकिँदा यात्रुलाई गन्तव्यमा पुऱ्याउन ढिलाइ हुने मनोज कुमालले बताए। 'हामीले हाम्रो स्वास्थ्य चेकजाँच त गरिरहेका छौं। प्रहरीको यो काम सराहनीय छ। तर, प्रहरीले चेकजाँच गर्दा समस्या देखिहाले यात्रुहरूलाई गन्तव्यसम्म पुऱ्याउन समस्या हुन्छ। सवारी छुट्ने ठाउँ बसपार्कलगायतको ठाउँमा यस्ता चेकजाँच भए अझै प्रभावकारी हुन्छ,' उनले भने।

प्रहरीले चालेको यो अभियानलाई यात्रुहरूले प्रशंसा गरेका छन्। यो अभियानले सबैलाई सचेत बनाएको यात्रु मधु विकले बताइन्। 'चालक सहचालक पनि सजग बन्छन्। यात्रु पनि सचेत हुनुपर्छ। यसले सुरक्षित यात्राको अनुभूति हुनेछ,' उनले भनिन्।

पहिलोपटक साहित्य महोत्सव गरेर बिपीलाई सम्झँदै छ कांग्रेस

काठमाडौं/ कांग्रेसले बिपीजयन्तीको अवसर पारेर गर्न लागेको साहित्य महोत्सवको तयारी तीव्र बनाएको छ। कांग्रेसले पहिलोपटक 'बिपी साहित्य महोत्सव' आयोजना गरी बिपीको साहित्य र राजनीतिक योगदानलाई स्मरण गर्न लागेको हो।

कार्यक्रमका लागि सहमहामन्त्री बद्री पाण्डेको संयोजकत्वमा ३७ सदस्यीय मूल तयारी समिति गठन गरेको छ। तयारीबारे सोमबार पत्रकार सम्मेलन गर्दै संयोजक पाण्डेले नेपालको राजनीतिमा विचारलाई केन्द्रमा राख्ने गरी महोत्सव गर्न लागिएको बताए।

राजनीतिमा देखिएका गलत संस्कृतिको अन्त्य र असल संस्कृतिमा अभिमुख गराउनु महोत्सवको उद्देश्य रहेको उनको भनाइ छ। 'विचारको राजनीति पुनर्ताजगी गर्ने गरी महोत्सव गर्न लागिएको हो। गलत संस्कृतिको अन्त्य गर्दै असल संस्कृतिको बाटोमा सिंगै राजनीति अभिमुख गराउनु महोत्सवको मुख्य उद्देश्य हो,' उनले भने।

प्रचार विभाग प्रमुख मीन विश्वकर्माका अनुसार बिपी कोइरालाको ११०औँ जन्मजयन्तीको अवसर पारेर २४ भदौबाट तीन दिन हुने महोत्सवको अन्तिम तयारी भइरहेको छ। महोत्सव कांग्रेस केन्द्रीय कार्यालय सानेपामा २४ देखि २६ भदौसम्म आयोजना हुनेछ।

महोत्सव कांग्रेस केन्द्रीय कार्यालयको आयोजनामा र नेपाली लेखक संघको संयोजनमा सम्पन्न हुनेछ। १० साउनमा सम्पन्न केन्द्रीय कार्यसमिति बैठकले बिपी साहित्य महोत्सव आयोजना गर्ने निर्णय गरेको थियो।

एमसिसीको अनुगमन गर्न समाजवादीले बनायो समिति

काठमाडौं/ सत्तारूढ एकीकृत समाजवादीले एमसिसीको अनुगमन गर्न पाँच सदस्यीय समिति गठन गरेको छ। सोमबार बसेको सचिवालय बैठकले उपाध्यक्ष राजेन्द्र पाण्डेको नेतृत्वमा एमसिसी अनुगमन समिति बनाउने निर्णय गरेको प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए। समितिमा उपमहासचिव खतिवडासहित, डा. गंगालाल तुलाधर, सचिव गरिमा शाह छन्। समितिमा एकजना विषयविज्ञसमेत हुनेछन्। विषयविज्ञ चयन गर्न बाँकी रहेको खतिवडाले बताए।

'व्याख्यात्मक घोषणाका १२ बुँदा सम्झौताको अंग बनाएर मात्रै एमसिसी कार्यान्वयन गरिनुपर्दछ। हाम्रो माग र पहलका आधारमा नेपालको संसद्ले यसलाई पारित पनि गऱ्यो। संसद्ले पारित गरेपछि यो सिंगो देशको माग बन्यो। सार्वभौम संसद्को साझा मागलाई एकातिर पन्छाउँदै एमसिसी कार्यान्वयन हुन लागिरहेको घटनाक्रम हामीले देखिराखेका छौं। हाम्रो पार्टीले आज पनि व्याख्यात्मक घोषणालाई सम्झौताको अंग बनाउन, अंग बनायो कि बनाएन, भोलि कस्ता समस्या पैदा हुनेछन्, त्यसको रखबारी गर्न र अनुगमन गर्न एमसिसी अनुगमन समिति बनाउने निर्णय गरेको छ,' खतिवडाले भने। समितिले संसदीय अनुगमन समिति बनाउन पनि पहल गर्ने पनि उनले बताए।

■ कोशी प्रदेश सरकार गठनमा विवाद

'हेर्दाहिर्दै'मा रहेको मुद्दामा आज पनि सुनुवाइ हुँदै

नयाँ पत्रिका



कोशी प्रदेश सरकारको वैधानिकता परीक्षणमाथि मंगलबार पनि सर्वोच्चमा सुनुवाइ निरन्तर रहने भएको छ। सोमबारदेखि पूर्ण इजलासमा सुनुवाइ सुरु भएकोमा हेर्दाहिर्दैमा रहेपछि मंगलबार पनि सुनुवाइ हुने भएको हो।

आइतबार संयुक्त इजलासले पूर्ण इजलासमा पठाउने आदेश गरेपछि न्यायाधीशत्रय सपना प्रधान मल्ल, कुमार चुडाल र नहकुल सुवेदीको इजलासमा यो मुद्दा परेको थियो। निवेदकका तर्फबाट बहस भएकोमा मंगलबार विपक्षीका कानुन व्यवसायीले बहस गर्ने तयारी गरेका छन्।

सोमबार पाँचजना वरिष्ठ अधिवक्ताले निवेदक हिक्मत कार्कीका पक्षमा बहस गरेका थिए। वरिष्ठ अधिवक्ताहरू टीकाराम भट्टराई, रमेश बडाल, उषा मल्ल पाठक, शम्भु थापा र रविनारायण खनालले निवेदक तथा पूर्वमुख्यमन्त्री कार्कीका पक्षमा बहस गरेका थिए।

उनीहरूले सभाको अध्यक्षता गर्ने जोसुकै सांसदको भूमिका सभामुखसरह हुने र अध्यक्षता गरुन्जेल सभामुखकै अधिकार तथा कर्तव्यमा बाँधिनुपर्ने तर्क गरे। तसर्थ, सभाको अध्यक्षता गर्नेलाई विश्वासको मत दिने अधिकार नरहने र उक्त मतसमेतका आधारमा विश्वासको मत लिइएको भन्न नमिल्ने उनीहरूको भनाइ थियो।

वरिष्ठ अधिवक्ता भट्टराईले यसअघि सर्वोच्चबाटै सभाको अध्यक्षता गर्ने व्यक्तिले बराबर भएको अवस्थामा बाहेक मतदान गर्न नपाउने तथा सभामुखजस्तिकै बन्देज लाग्ने भएकाले तटस्थ रहनुपर्ने तर्क गरे। पूर्वमहान्यायाधिवक्ता बडालले हालका मुख्यमन्त्री थापाले विश्वासको मत हासिल गर्न नसकेकाले अब उनलाई नेतृत्वको अवसर दिन नमिल्ने बताएका थिए। दोस्रोपटकको प्रतिनिधिसभा विघटनको मुद्दामा भएको फैसलमा यो आसय रहेको भन्दै अब निवेदक कार्कीलाई अवसर दिने आदेश हुनुपर्ने माग गरे।

यसैगरी वरिष्ठ अधिवक्ता थापाले विश्वासको मत लिने दिन सभाध्यक्षले स्वयं मतदान गर्नु संविधानमाथिको जालसाजी रहेको बताएका थिए। सत्ता टिकाउन असंवैधानिक काम भएको भन्दै कोशीका सत्तारूढ दलबाट संविधानमाथि बारम्बार प्रहार भएको वरिष्ठ अधिवक्ता मल्लको तर्क थियो। पछिल्लोपटक सर्वोच्चबाटै भएको फैसला नमानेकाले अदालतको अवहेलनामा कारबाही अघि बढाउन उनले माग गरिन्। अर्का वरिष्ठ अधिवक्ता खनालले भने निवेदक कार्कीलाई मुख्यमन्त्री बनाउने आदेश आउनुपर्ने बताए।

यसअघि ११ साउनमा कोशीकै सरकार गठनका विषयमा कार्कीले नै थापासमेतलाई विपक्षी बनाई दायर गरेको रिटमाथि पूर्ण इजलासबाटै फैसला आएको थियो। जसपछि कोशीमा १६८(२) बमोजिमको सरकार पुनः गठनको प्रक्रिया त थालियो, तर त्यसमा सांसदहरूलाई अनुपस्थित गराउने तथा सत्तारूढ र विपक्षीले आ-आफ्नो नेतृत्वमा सरकार गठन गर्नका लागि कोसिस गरिरहे।

पछिल्लोपटक ४ भदौमा विश्वासको मत पाउने दिन ज्येष्ठ सदस्यले प्रदेश सभा बैठकको अध्यक्षता गरे। साथै उनले मुख्यमन्त्री थापाको पक्षमा मतदानसमेत गरेका थिए। सभाध्यक्ष विश्वासको मत दिन जाँदा सभाको अध्यक्षता गर्ने उपाध्यक्षले पनि विश्वासको मत दिइन्। जुन गैरसंवैधानिक रहेको दाबीसहित सर्वोच्चमा रिट दायर भएको हो।

उक्त रिटमाथि सुनुवाइ गर्दै एक न्यायाधीशको इजलासबाट दीर्घकालीन र महत्त्वपूर्ण निर्णय गर्न रोक लगाइएको थियो। साथै आदेशमा थापाले विश्वासको मत प्राप्त गरेको भनी गरिएको घोषणासमेतका सक्कल कागजात झिकाउन भनिएको थियो।

आशयपत्र माग गर्ने सूचना

(कार्यविधिको दफा ७ को उपदफा १ सँग सम्बन्धित)

पोखरा महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कास्की

प्रथम पटक प्रकाशित मिति : २०८० भदौ १९ गते।

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारबीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत् यस कास्की जिल्लामा सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्ने तथा **पोखरा महानगरपालिकामा** समुदाय सचेतीकरणका कार्यक्रमहरू, मनोसामाजिक परामर्श र वित्तीय साक्षरतासम्बन्धी कार्यक्रमहरू सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुन गइरहेको सुरक्षित आप्रवासन कार्यक्रम (Safer Migration Program) का लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन इच्छुक, नेपालको प्रचलित नियमानुसार दर्ता भएका देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनीहरूबाट उक्त सेवा उपलब्ध गराउनेसम्बन्धी आशय पत्र आव्हान गरिएको छ। योग्यता पुगेका इच्छुक संस्थाहरूले मिति २०८०।०६।०४ दिनको १२:०० बजेभित्रमा निर्धारित ढाँचामा Egp System को address www.bolpatra.gov.np मार्फत आशय पत्र नं. 01/PMC/EOI/SAMI/080-081 मा पेश गर्न सकिनेछ। आशयपत्रको ढाँचा, सुचीकरणको आधार एवं अन्य थप आवश्यक कुराहरू यस पोखरा महानगरपालिकाको वेभसाईटः www.pokharamun.gov.np मा राखिएको छ।

१. **आशयपत्रदाताको योग्यता :**
   (क) प्रचलित कानुन अनुसार दर्ता, नविकरण भएको,
   (ख) मूल्य अभिबृद्धिकरमा दर्ता भएको
   (ग) कानुन बमोजिम प्रत्येक वर्षको करचुक्ता गरेको
   (घ) प्रस्तावित कार्यसँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ।
२. प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय चालू आ.व. को असार मसान्तसम्म।
३. संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिदसम्बन्धी प्रस्ताव माग गरिनेछ।
४. आशयपत्रदाताले आशय पत्र साथ आशय पत्रको नमूनामा उल्लेख भएबमोजिमका कागजातहरू पेश गर्नुपर्नेछ।
५. आशयपत्र egp system को address www.bolpatra.gov.np/egp मार्फत online submission गर्न सकिनेछ।
६. आशयपत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ। उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारवाही गरिने छैन।
७. सुरक्षित आप्रवासनसम्बन्धी सम्पूर्ण परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ।
८. यो सेवा प्रदान गर्नका लागि कुनै पनि व्यक्ति वा संस्थासँग उप-सम्झौता (sub-contract) गर्न पाइनेछैन। तर रेडियोमार्फत् प्रसारण हुने रेडियो जिङ्गल प्रसारणसम्बन्धी उप-सम्झौता गर्न यो बुदाँले बाधा पुऱ्याउने छैन।
९. आवश्यक थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्नुहोला।

प्रमुख प्रशासकीय अधिकृत

Government of Sudur Pashchim Province

Ministry of Social Development

Province Health Logistic Management Center

Dhangadhi, Kailali Nepal

Date of publication: **2080/05/19 (September 05, 2023)**

1. The **Province Health Logistic Management Center Dhangadhi-05, Kailali** invites electronic bids from eligible bidders for the following goods under National competitive bidding – **Single Stage Two Envelope procedures** specified in public procurement Act & Regulations. As below:

SN	Description of Goods	IFB No.	Bid Security	Bid Security Validity
1	The Procurement, Supply and Delivery Laboratory Equipment's (Package-1)	PHLMCSP/G/NCB-2.1/2080-081	15,00,000.00	2080/10/19 (Feb 02, 2024)
2	The Procurement, Supply and Delivery Laboratory Equipment's (Package-2)	PHLMCSP/G/NCB-2.2/2080-081	2,80,000.00	2080/10/19 (Feb 02, 2024)
3	The Procurement, Supply and Delivery Laboratory Equipment's (Package-3)	PHLMCSP/G/NCB-2.3/2080-081	6,50,000.00	2080/10/19 (Feb 02, 2024)

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Province Health Logistic Management Center Dhangadhi, Kailali,** or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
3. For more Information: Telephone +977-091-524982, email: phlmcsp@gmail.com

Acting Director

गौरीगङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चौमाला, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं. :०९१-४१८०५९/४१८०६०
वेवसाइट : www.gaurigangamun.gov.np
ई- : info.gaurigangamun@gmail.com

ढुङ्गा, गिट्टी,वालुवा, ग्राभेल, भरान (माटो) कर उठाउने ठेक्का सम्वन्धी सूचना (GGM/REV1-5/080/81)

दोश्रो पटक प्रकाशित मिति : २०८०/०५/१९

यस नगरपालिका वाट आर्थिक वर्ष २०८०।०८१ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ६२ (क) को उपदफा (१) र सुदुरपस्चिम प्रदेश आर्थिक बिधायक २०८० अनुसार यस नगर क्षेत्रभित्र भएर बग्ने IEE गरेका र घाटगट्टी तोकिएका नदीखोलाहरुमा ढुंगा गिट्टी, बालुवा, ग्राभेल, भरानमाटो आदि कूल सङ्कलन देहाय बमोजिम घन मि. मात्र बिक्रिमा प्रति घन मिटर रु. २१२ रुपैया। (भ्याटबाहेक) का दरले कर दस्तुर रकम संकलन गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्मवा कम्पनीहरुवाट नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृदी कर दर्ता प्रमाणपत्र, ०७९-८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु संग्लग्न गरि तपसिल बमोजिमका सर्त हरुको अधिनमा रही E-BIDDING मार्फत बोलपत्र पेश गर्न दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ। साथै टेण्डर खरिद गर्दा गौरीगङ्गा नगरपालिकाको नाममा रहेको एन.आई.सी एशिया बैंक लि., चौमाला शाखामा रहेको राजस्व खाता नं. ०७१-२०५००-२८०६-२००२ मा देहायको टेण्डर दस्तुर वापतको रकम दाखिला गरी अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारीका लागि बेवसाइट bolpatra.gov.np/egp मा गई Tender Document हेर्न तथा डाउनलोड गर्न सकिनेछ। ठेक्का लिन ईच्छुक व्यक्तिले भ्याट बाहेक कवुल अंकको ५ प्रतिशतले अथवा तोकिए बमोजिम हुन आउने धरौटी रकम जम्मा गर्नुपर्नेछ। धरौटी वापतको रकम यस गौरीगङ्गा नगरपालिका, कार्यपालिकाको कार्यालयको नाममा एन.आई.सी.एशिया बैंक लि., चौमाला शाखामा रहेको धरौटी खाता नं. ७१CA५००९८२५२४००४ मा नगदै जम्मा वा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको १२०(एकसयबीस) दिन म्याद भएको बिडवन्डको सक्कल प्रति संलग्न गर्नुपर्नेछ। नदीजन्य सामग्री सङ्कलन तोकिएका नदीबाट ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, भरान (माटो) बिक्रिकर संकलन ठेक्का अवधी ठेक्का सम्झौता गरेको मितिदेखि २०८१ जेष्ठ मसान्त सम्मको लागि (चुरे संरक्षित क्षेत्र बाहेक) मात्र लागु हुनेछ।

तपसिल

ठेक्का नं.	नदी/खोलाको विवरण	कुल मात्रा घ.मि	न्यूनतम ठेक्का अङ्क रु.मा (भ्याट वाहेक)	न्युनतम धरौटी रकम	टेण्डर फाराम दस्तुर (रु.)
GGM/REV1/080/081	गौरीगंगा नदि	४९,०००/-	ने.रु. १०,३८,८०००/-	५२०००/-	रु. ३०००/-
GGM/REV2/080/081	चौमाला नदि	३५,३९२/-	ने.रु. ७५,०३,१०४/-	३७६०००/-	रु. ३०००/-
GGM/REV3/080/081	शिवगंगा नदि	३७,९७५/-	ने.रु. ८०,५०,७००/-	४०३०००/-	रु. ३०००/-
GGM/REV4/080/081	कान्द्रा नदि	२८,५८२.५/-	ने.रु. ६०,५९,४९०/-	३०३०००/-	रु. ३०००/-
GGM/REV5/080/081	लिक्मा(सेती, मटकौना) नदि	२८,४००/-	ने.रु. ६०,२०,८००/-	३०२०००/-	रु. ३०००/-

हरिदत्त भट्ट

प्रमुख प्रशासकीय अधिकृत

Government of Nepal

Ministry of Physical Infrastructure and Transport

Department of Roads

Road Division Doti

Notice of Intention to Award Contract

Notice No :- 02/2080/081

Date of Publication :- 2080/05/19

Road Division Doti hereby notifies and intends to award the following listed contracts and publish this notice to all concerned bidders regarding our Bid *Notice No 01-RDDOT/2080/081,* (published on Madhyanna Daily dated 2080/03/19) in accordance with ITB Clause 39 and Public Procurement Act 2063 Clause 27.2, 27.3 and 47.

S. N.	Contract No.	Name and Address of Bidder	Total Bid Amount excluding VAT & PS (NRs)
1	RDDOT/337011384/2080/081-001	M/s DP Construction Doti	7,305,989.00
2	RDDOT/337011384/2080/081-002	M/s SS Construction & suppliers, Doti	7,275,602.50
3	RDDOT/337011384/2080/081-003	M/s DS Builders, Dadeldhura	8,814,063.20
4	RDDOT/337011384/2080/081-004	M/s k & Brothers Construction Pvt. Ltd., Sunsari	6,134,609.40
5	RDDOT/337011384/2080/081-005	M/s Dana Nirman Sewa, Darchula	9,871,701.00
6	RDDOT/337310113/2080/081-006	M/s Yogendra Construction & Suppliers, Doti	2,889,444.25
7	RDDOT/337310113/2080/081-007	M/s Puja Nirman Sewa, Dadeldhura	8,636,186.24
8	RDDOT/337310113/2080/081-009	M/s Dana Nirman Sewa, Darchula	12,508,150.00
9	RDDOT/337310113/2080/081-010	M/s DP Construction, Doti	5,050,714.00
10	RDDOT/337310113/2080/081-011	M/s Narhari Krishna Nirman Sewa, Kanchanpur	6,900,000.00
11	RDDOT/337011694/2080/081-012	M/s SS Construction & suppliers, Doti	2,850,325.00

Division Chief



रामबाबुको 'डिग्री माइला'मा आँचल

रामबाबु गुरुङको निर्देशनमा बन्न लागेको फिल्म 'डिग्री माइला : एमए थर्ड क्लास'मा अभिनेत्री आँचल शर्मा अनुबन्धित भएकी छिन्। फिल्ममा अभिनेता दयाहाङ राईको जोडीको रूपमा आँचललाई अनुबन्धित गरिएको हो। फिल्ममा दयाहाङ र आँचलसँगै माओत्से गुरुङ, पुष्कर गुरुङ, विजय बराल, बुद्धि तामाङ र प्रकाश घिमिरेको अभिनय रहनेछ। फिल्म 'डिग्री माइला' नाटकमा आधारित रहेर निर्माण हुन लागेको हो।



कंगना रनावतको 'चन्द्रमुखी २' को ट्रेलर सार्वजनिक

अभिनेत्री कंगना रनावत अभिनीत फिल्म 'चन्द्रमुखी २' को ट्रेलर सार्वजनिक भएको छ। ट्रेलरमा एक हवेलीमा घुमिरहेको आत्माको कथा चित्रण गरिएको छ। पी वासुले निर्देशन गरेको फिल्ममा कंगना रनावत र राघव लोरेन्सको मुख्य भूमिका छ। सुवास करण र मनीष शाहको लगानीमा बनेको फिल्म हिन्दी, तमिल, तेलुगू, कन्नड र मलयालम भाषामा १९ सेप्टेम्बरदेखि प्रदर्शन हुनेछ।

मुख गनाउने समस्याले पनि हुन सक्छ क्यान्सर





डा. सुवास घिमिरे
ओम समाज डेन्टल हस्पिटल

मुख गनाउने समस्याले व्यक्तित्वमा नै नराम्रो प्रभाव पार्छ। जसले मुख र शरीर स्वस्थ छैन भन्ने स्वतः बुझाउँछ। मुख गनाउने समस्या भएका मानिस अलि कमजोर र मानसिक रूपमा डिप्रेसनमा हुन्छन्। आफ्नो सास आफैँलाई नगनाउने भएकाले यसबारे थाहा पाउन दन्तचिकित्सककोमा देखाइराख्नुपर्छ। यदि लामो समयदेखि मुख गनाउने समस्या छ भने त्यहाँ क्यान्सर भएको पनि हुन सक्छ। त्यसैले समयमै उपचार गर्नुपर्छ।

मुख गनाउने कारण

- दाँत तथा मुख राम्रोसँग सफा नगर्दा। सही तरिकाले ब्रसिङ र फ्लसिङ नगर्दा। लगाएको कृत्रिम दाँत राम्रोगरी सफा नगर्दा र लामो समयसम्म एउटै ब्रस प्रयोग गर्दा पनि।
- खाना खाएपछि कुल्ला गर्ने बानी नहुँदा तथा जिब्रो सफा नगर्दा। गुलियोको मात्रा अधिक प्रयोग गर्नाले।
- गिजा सुन्निएर पाइरिया भएमा। पिनासको संक्रमण भएमा। धूम्रपान, मद्यपान तथा सुर्तीजन्य वस्तुको प्रयोगका कारण। दाँत किराले खाएर खाल्डो भएमा। मुखभित्र घाउ, खटिरा वा संक्रमण भएमा। टन्सिलाइटिस भयो भने।
- एसिडिटी हुनु अथवा पेटको अम्ल मुखमा आउनु। श्वासनली र फोक्सोमा संक्रमण हुँदा। खाना नली र पेटमा घाउ हुनु। शरीरमा चिनीको मात्रा अत्यधिक बढी वा कम हुनु।
- पानी कम पिउने कारण मुख सुक्खा हुन्छ। कफीको अत्यधिक सेवन गर्दा।
- पेट, फोक्सो, खानानली आदिमा क्यान्सर हुनु। नाइट्रेट्स, स्लिपिङ ट्याब्लेट र भिटामिन आदि औषधि प्रयोग गर्नाले। जोग्रेन सिन्ड्रोम नामक रोग लागेमा। कलेजोले काम गरेन भने।
- मिर्गौला फेल भयो भने कुहिएको माछाजस्तै गन्ध आउँछ। रेडियो थेरापी तथा क्यान्सरको उपचार गराउँदा पनि मुख गनाउँछ।

रोकथाम र उपचार

- मुख गनाउने खानेकुरा सकेसम्म बाहिर हिँड्दा नखाने। किनभने, ब्रस वा फ्लस गर्दा पनि जाँदैन।
- पर्याप्त मात्रामा पानी पिउने, जसले शरीरमा पानीको मात्रा सन्तुलित राख्छ र मुख सुक्खा हुन दिँदैन।
- जिब्रोलाई क्लिनरले नियमित सफा गर्ने। कफी र गुलियो खानेकुरा कम खाने।
- सही तरिकाले ब्रसिङ र फ्लसिङ गर्ने। कृत्रिम दाँतमा खाना अड्किने भएमा राम्रोसँग सफा गर्ने। अझ ठीक नभएमा चिकित्सककोमा जाने। एउटा ब्रस तीन महिनाभन्दा बढी प्रयोग नगर्ने।
- खाना खाएपछि मज्जाले मुख कुल्ला गर्ने। धेरै गुलियो, चकलेट र चुइंगमको प्रयोग कम गर्ने।
- गिजा सुन्निएमा उपचार गरेर ठीक पार्ने। पिनास र टन्सिलको उपचार गर्ने।
- धूम्रपान अथवा सुर्तीजन्य पदार्थ सेवन नगर्ने। मुखका घाउ-खटिराको उपचार समयमै गर्ने। मुखमा क्यान्सर भएमा यसको उपचार समयमै गर्ने।
- मुखमा अम्लको मात्रा बढी आउन नदिने। खानपानमा ध्यान दिने र पेटको उपचार गर्ने।
- श्वासप्रश्वास नली र फोक्सोको समस्यालाई समयमै उपचार गर्ने। मधुमेह नियन्त्रणमा राख्ने।
- नियमित रूपमा दन्तचिकित्सकलाई देखाउने, के कारणले मुख गनाउँछ, त्यसको कारण पत्ता लगाई समयमै उपचार गर्नुपर्छ।

भविष्यमा पीडा दिन सक्ने ट्याटु





सन्दीप लामा
ट्याटु आर्टिस्ट
ट्याटु हाउस

ट्याटु खोप्ने रहर गरेर मात्रै हुँदैन। खोप्नुअघि गम्भीर ढंगले सोच्न जरुरी छ। कतिपयले आवेगमा आएर ट्याटु खोपाएका हुन्छन्। त्यसरी खोप्दा तत्कालका लागि आनन्द मिल्छ। तर, भविष्यमा पीडा पनि निम्तिन सक्छ। मन नपरेपछि ट्याटु मेट्न खर्च लाग्ने र छालामा समस्या निम्तिने खतरा हुन्छ।

प्रेमी/प्रेमिका

टिनएजरहरूलाई प्रायः प्रेमी वा प्रेमिकाको ट्याटु खोप्न आनन्द लाग्छ। आफ्नो अथाह प्रेम दर्साउन र आफूप्रति बढी आकर्षित गर्न उनीहरूले पार्टनरको ना वा तस्बिरको ट्याटु खोप्ने गर्छन्। आफ्ना साथीहरूमाझ एक्स्ट्रा देखिन पनि उनीहरू यो काम गरिरहेका हुन्छन्। तर, उनीहरू सोच्न सक्दैनन् कि टिनएजमा गरिएको प्रेम सफल हुने सम्भावना निकै कम हुन सक्छ। भविष्यमा एक-अर्काबीच विवाह नै हुन्छ भन्ने ग्यारेन्टी हुँदैन। जब उनीहरूबीच ब्रेकअप हुन्छ र दोस्रो व्यक्तिसँग सम्बन्ध सुरु गर्नुपर्ने हुन्छ, त्यसपछि पूर्वप्रेमी-प्रेमिकाको ट्याटुले पीडा निम्त्याउँछ। पुरानो ट्याटुकै कारण वैवाहिक जीवनमा दरार पैदा पनि हुन सक्छ।

पब्लिक स्टार

पब्लिक स्टारबाट प्रभावित भएर कतिपय उनकै नाम वा तस्बिरलाई ट्याटुमा उतार्ने गरेको पनि पाइन्छ। विश्वका चर्चित फुटबलर, गायक-गायिका र अभिनेता-अभिनेत्रीका नाम वा तस्बिर आफ्नो शरीरमा खोप्ने गरिन्छ। तर, यस्तो ट्याटु पनि पीडादायी हुन सक्छ। ट्याटु खोप्नुअघि नै सोच्नुपर्छ कि जुनसुकै स्टार सधैं स्टार रहिरहन सक्दैनन् र जतिबेला पनि नराम्रो गल्ती गरेर विवादमा आउन सक्छन्। त्यतिखेर आफ्नो शरीरमा उही स्टारको ट्याटु हुँदा नमजा लाग्न सक्छ।

धर्म/संस्कृति

धर्म/संस्कृतिमा केन्द्रित ट्याटु खोप्दा पनि विचार पुऱ्याउनुपर्ने हुन्छ। अहिले विश्वको जुनसुकै कुनाको व्यक्ति अर्को जुनसुकै कुनामा पनि पुग्न सकिने जमाना छ। संसारमा विभिन्न धर्म र संस्कृति मान्ने समाज छ। यही धर्म र नियमको नाममा ठूला-ठूला हिंसात्मक घटना हुने गरेका छन्। त्यस्ता हिंसाको निसानामा पर्ने कारण शरीरमा खोपिएका धार्मिक ट्याटु बन्न पनि सक्छ। त्यसैले धार्मिक मन्त्र र भगवान्का चित्रको ट्याटु खोप्दा विचार गर्दा राम्रो हुन्छ।

क्लब वा ब्यान्ड

संसारमा विभिन्न स्पोर्टस् क्लब था म्युजिक ब्यान्डप्रति धेरै व्यक्ति निकै क्रेजी हुन्छन्। सपोर्टरहरू क्लब र ब्यान्डको लोगो शरीरमा खोपेर आफ्नो समर्थन व्यक्त गर्छन्। ती क्लब तथा ब्यान्डले तत्कालीन अवस्थामा पाएको चर्चालाई आधार मानेर खोपिएको हुन्छ। तर, सधैं चर्चामा नहरन सक्छन्।

अनि बन्छ आकर्षक बाथरुम



रामगोपाल तन्दुकार
महासचिव
इन्टेरियर डिजाइनर एसोसिएसन अफ नेपाल



बाथरुम कम र अट्याच्ड गरी दुई प्रकारका हुन्छन्। अट्याच्ड बाथरुम बस्ने कोठकै एउटा भाग छुट्याएर बनाइन्छ। त्यसो त पहिले शौचालय र स्नान कक्षलाई विभाजित गरेर बाथरुम बनाउने चलन थियो। हिजोआज ट्रेन्ड परिवर्तन भएको छ। जग्गा पनि धेरै हुने र प्रयोगका लागि पनि सजिलो हुने भएकाले दुवैलाई एकै कोठामा राख्ने गरिन्छ। यो सौन्दर्य र सरसफाइका लागि सहज हुने गर्छ।

बाथरुमको आकार

- बाथटब राख्ने गरी बनाउने हो भने ८/५, ७/५-६ साइजको उपयुक्त हुन सक्छ।
- बाथटब नराख्ने हो भने ६/६, ६/५, ७/४-६ साइज उत्तम हुन्छ।
- सावर नराख्ने हकमा ५/४, ६-६/५ साइज भए पनि हुन्छ।

छोड्न नमिल्ने पाटो

- घरका कोठाबाट पायक स्थानमा बाथरुम बनाउनुपर्छ। उज्यालो र घाम लाग्ने तथा हावाको बहाव हुने स्थान छुट्याउनुपर्छ। दिशाको हिसाबले दक्षिण-पश्चिम, उत्तर-पश्चिम उपयुक्त हुन्छ।
- बाथरुममा कमोड, वास बेसिन, कमोड स्प्रे, धारा, ऐना, टावेल स्ट्यान्ड र टावेल, सोपकेस, साबुन राख्ने क्याबिनेट, डस्टबिन जरुरी हुन्छ। यी कुरा नछोड्ने गरी बनाउनुपर्छ।
- हिजोआज बाथरुममा फल्ससिलिङ राखेर लाइट डिजाइन राखेर पनि बनाउने चलन बढेको छ। डिजाइन निकालेर पनि बनाउन सकिन्छ। सावर धेरै सस्तो पनि र महँगो पनि छ। बाथरुमलाई धेरै खर्चमा पनि बनाउन सकिन्छ।

भुइँमा

बाथरुमको भुइँमा नचिप्लिने खालको टायल नै प्रयोग गर्नुपर्छ। मार्बलचाहिँ प्रयोग गर्नुहुँदैन। बजारमा बाथरुमका लागि विभिन्न थरीका टायल उपलब्ध छन्। टायल छान्दा नचिप्लिने र सफा गर्न सजिलो हुने छान्नुपर्छ। भित्ता उज्यालो, डार्क अझ राम्रो देखिन्छ। स्लेट ढुंगाको टायल, नेवारी इँटा, टायल तथा चिप्स मसला (क्रेजी) लगाउन सकिन्छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
विकास सहायता समन्वय तथा गुणस्तर महाशाखा
निर्माण व्यवसाय प्रवर्द्धन शाखा

ब्याज दर प्रस्ताव सम्वन्धमा।

प्रथम पटक प्रकाशित मिति :-२०८०/०५/१९

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत रहेको निर्माण व्यवसायीहरूको कार्य क्षमता बृद्धि गर्ने उद्देश्यले निर्माण व्यवसायी कोषमा संकलित रकम मध्ये केहि रकम सरकारी वा "क" वर्गका वाणिज्य बैंकहरूको मुद्दति खातामा राख्ने निर्णय भएकोले इच्छुक बैकहरूलाई सार्वजनिक सूचना मार्फत व्याज दर प्रस्ताव आह्वान गरिएको छ। रकम, अवधि र बैकवाट उपलब्ध गराउन सकिने अधिकतम व्याज दर खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र व्याजदर यस शाखामा प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। थप बुझ्नु पर्ने भएमा ०१-५३१५७७२, ०१-५३५१३५५ वा ९८५१०९७२१५ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

Invitation for Bids

Vyans Rural Municipality
Office of the Rural Municipal Executive
Sunsera, Darchula
Sudurpaschim, province Nepal

Date of publication: 05 Sep-2023 (2080/05/19)

1. Vyans Rural Municipality Office invites electronic bids from nepalese eligible bidders for the Construction works (as mentioned in table below) under National competitive bidding procedures.

Contract No.	Description of Works	Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years	Minimum Work experience of similar size and nature *Project about Nrs*	Bid Security Amount (Nrs.)	Bid Document Fee (Nrs.)	Remarks
IFB No:- 01-NCB-VRM-2080/081	Construction of Shree Himalaya Secondary School Building Ward No 06, Huti	49 Million	29 Million	1.2 Million	5000/-	Hard copy not acceptable

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office ofVyans Rural Municipality, Sunsera, Darchula,Email: infovyansrm@gmail.com, Contact No: 9858776565 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .

Information to deposit the cost of bidding document in Bank:

Name of the Bank : Machhapuchchhre Bank Limited, Sunsera Branch
Name of Office : Vyans Rural Municipality
Office Code no. : 80773507300
Office Account Nam : VYAS GA.PA. ANTARIK RAJASHO G-1.1
Account No : 0990076084800081

5. Pre-bid meeting shall be held at Vyans Rural Municipality Office Sunsera, Darchula at 19-Sep-2023 (2080/06/02) at 12:00 Noon.
6. Electronic bids must be submitted to the office VyansRural Municipality Office Sunsera, Darchula through PPMO website www.bolpatra.gov.np. on or before 12:00 Noon on 05-Oct-2023(2080/06/18) . Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 05-Oct-2023 (2080/06/18) at the office of Vyans Rural Municipality Office Sunsera, Darchula. Bids must be valid for a period of 120 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid\ amounting to a minimum given above table which shall be valid for 30 days beyond the validity period of the bid
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Vyans Rural Municipality Office, Sunsera Darchula reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer

बुद्धिजीवीको जवाफदेहिता

बुद्धिजीवीले कुनै प्रभावमा नपरी कसैको समर्थन वा विरोधभन्दा पनि सार्वजनिक हितका लागि वकालत गर्छ भन्ने आमबुझाइ छ



● वीणा झा

अग्रलेख

सकसपूर्ण अवस्थामा सही निर्णयको महत्त्वपूर्ण भूमिका हुन्छ, चाहे त्यो व्यक्तिगत साँघुरो परिधि होस् वा बृहत् सार्वजनिक। र, त्यस्तो सही निर्णयका लागि आवश्यक हुन्छ, बुद्धि-विचार। विशेषगरी समाजको कठिन अवस्थामा सार्वजनिक हितलाई केन्द्रमा राख्दै सामाजिक न्यायका लागि अगाडि बढ्ने जवाफदेहिता बुद्धिजीवीको काँधमा हुन्छ।

सामान्य अर्थमा बुद्धिजीवी भनेको त्यो व्यक्ति हो, जसले सार्वजनिक हितबारे चिन्तन गर्छ, सो हित संरक्षणका लागि सधैँ तत्पर हुनुका साथै समाजसँग निरन्तर संवादमा रही मानवताविरोधी कार्य र परम्पराको अन्त्य गर्न तथा विभेदरहित समाज निर्माणका लागि राज्यका विभिन्न संरचना र शक्तिसँग संघर्ष गर्दै एउटा साझा छवि निर्माण गर्छ।

करिब सय वर्षअघि नै युरोपका प्रमुख विचारक एन्टोनियो ग्राम्सीले बुद्धिजीवीबारे स्पष्ट अवधारणा दिएका थिए। त्यसैगरी अमेरिकी विद्वान् नोम चोम्स्की, थोमस सोवेललगायत नेपालका प्रा.डा. चैतन्य मिश्र, डा. कमलप्रकाश मल्ल, डा. हर्क गुरुङलगायत विभिन्न विद्वान्ले विभिन्न समयमा दिएका बुद्धिजीवीबारेको अवधारणामा एउटा बुझाइ साझा भेटिन्छ। उनीहरू भन्छन्- बुद्धिजीवी चिन्तनशील हुन्छन्, ज्ञानको निर्माण गर्छन् र सो ज्ञानलाई औजारका रूपमा समाज रूपान्तरणमा प्रयोग गर्ने क्षमता राख्छन्।

समग्रमा भन्नुपर्दा बुद्धिजीवी भनेको समाजको त्यो चेतनशील वर्ग हो, जो निरन्तर चिन्तनद्वारा ऐतिहासिक रूपले संकलित आधार र सामाजिक संरचनाबीचका क्रिया-प्रतिक्रियाद्वारा निर्मित सन्दर्भको धरातलमा टेक्दै विचार निर्माण गर्छ र त्यो विचार समाजको सार्वजनिक हितका लागि वितरण गर्नुका साथै त्यसको उपयोग गरिने संरचनालाई आवश्यकताअनुसार परिमार्जन गर्नसमेत दिशानिर्देश गर्ने क्षमता बोकेको हुन्छ। अर्थात् बुद्धिजीवी वर्ग ज्ञानका निर्माता हुन्। तर, सबै ज्ञानका निर्माता, अन्वेषक बुद्धिजीवी वर्गमा पर्दैनन् किनकि ती सबैले आफ्ना ज्ञानलाई समाजसँग जोड्दै त्यसको व्याख्या विश्लेषणको आधार सार्वजनिक हितलाई केन्द्रमा राखेर गर्दैनन्। त्यसैले ती विज्ञ, विद्वान् हुन सक्छन् तर बुद्धिजीवी हुन्छन् नै भन्न सकिन्न। त्यसैले थोमसले आफ्नो पुस्तक 'इन्टेलेक्चुअल एन्ड सोसाइटी'मा बुद्धिजीवीका भूमिकाबारे प्रस्ट पार्दै भनेका छन्- हरेक ज्ञान निर्माण गर्नेलाई बुद्धिजीवी भन्न मिल्दैन। उनी अगाडि भन्छन्, बुद्धिचाल प्रतियोगिताका विश्वविजयी खेलाडी बुद्धिजीवी नहुन सक्छ, किनकि उसको ज्ञानको उपयोग उसले खेल जित्न मात्रै प्रयोग गरेको हुन्छ न कि सामाजिक हितका लागि। त्यसैले बुद्धिजीवीको मुख्य भूमिका भनेको सामाजिक रूपान्तरणका लागि गरिने योगदान हो, जो समाजसँग प्रत्यक्ष जोडिएका हुन्छन् र निरन्तर संवादमा रहन्छन्। त्यसैगरी नोम चोम्स्कीले आफ्नो पुस्तक 'हु रुल्स द वर्ल्ड ?'मा बुद्धिजीवीका परिभाषाका साथै तिनका सामाजिक दायित्व र भूमिकाबारे स्पष्ट धारणा व्यक्त गरेका छन्। जसमा बुद्धिजीवी सदैव शोषणविरुद्ध उभिनुपर्ने र जस्तोसुकै प्रतिकूल अवस्थामा पनि सत्यलाई छोड्न नहुने भन्दै तिनका भूमिकाको व्याख्या गरेका छन्।

त्यसो भए विश्वका उत्कृष्ट विश्वविद्यालयबाट प्रमाण पत्र प्राप्त गर्ने अनेक वैदेशिक जर्नल र पुस्तक प्रकाशित गर्ने, विश्व मञ्चमा दरिलो प्रस्तुति दिन सक्ने तर नेपाली समाजका कमजोर वर्गका हित संरक्षण गर्न समाजलाई सुसूचित गर्दै तिनका चेतनाका तह परिवर्तन गर्न भूमिका नखेल्नेलाई नेपालको बुद्धिजीवी वर्गमा राख्ने कि नराख्ने ? आफ्नो ज्ञान सिर्फ आफ्नो व्यक्तिगत वा पारिवारिक फाइदाका लागि प्रयोग गर्नेलाई के भन्ने ? यसबारे स्पष्ट अवधारणा भेटिँदैन।

नेपाली समाजमा बौद्धिक वर्ग भन्नाले ती सबै समेटिन्छन्, जो समुदायका हकहितका लागि विनास्वार्थ दिशानिर्देश गर्ने क्षमता राख्छन् भन्ने स्थापित एक साझा बुझाइ छ। जुनसुकै वर्ग, क्षेत्र र लिंगको प्रतिनिधित्व गरे पनि शिक्षक, सञ्चारकर्मी, न्यायकर्मी तथा विभिन्न पेसामा आबद्ध सचेत नागरिकले समाजमा प्रस्ट प्रभाव पार्न सक्छन्। बौद्धिक वर्गको कुनै जात, धर्म, क्षेत्रसँग कुनै पनि किसिमको आसक्ति हुँदैन, उसले जे देख्छ र बुझ्छ, त्यही कुरा जस्ताको त्यस्तै प्रस्तुत गर्छ भन्ने समाजको अपेक्षा हुन्छ। अर्थात् बुद्धिजीवी वर्गले कुनै किसिमको पनि प्रभावमा नपरी कसैको समर्थन वा विरोधभन्दा पनि सार्वजनिक हितका लागि वकालत गर्छ भन्ने आमबुझाइ छ। त्यसैले तिनका काँधमा विभिन्न उत्तरदायित्व हुन्छन्। सामाजिक सद्भाव जोगाउने, समाज रूपान्तरण गर्ने, समुदायलाई सामाजिक न्यायको अनुभूति गराउने, सर्वसाधारणका आशा जीवन्त राख्ने, समाजमा रहेका विभेद अन्त्य गर्नेतर्फ प्रयासरत रहँदै राज्यलाई सचेत गराउन समय-समयमा खबरदारी गर्ने जिम्मेवारी पनि बौद्धिक वर्गको काँधमा हुन्छ।

सामाजिक अन्यायप्रति उदासीन भएर रमिता हेर्ने, राज्यका शक्ति सञ्चालकका गलत गतिविधिलाई बुझेर बुझ पचाउने, रंगभेद, लिंगभेद, जात र क्षेत्रगतजस्ता विभिन्न स्वरूपका विभेदलाई आधार बनाएर आफ्नो अभीष्ट पूरा गर्न गरिने राजनीतिलाई मौन समर्थन गर्ने व्यक्तिलाई बुद्धिजीवी भनी सामाजिक अगुवाका रूपमा इतिहासले सम्मान गर्दैन।



हुन त ग्राम्सीले प्रस्तुत गरेका बुद्धिजीवीका प्रकार र तिनका निर्माण प्रक्रियामा राज्यले खेल्ने भूमिकामा राजनीति, संस्कृति, समाजको आर्थिक अवस्थाका साथै विश्वव्यापीकरणको प्रभावसमेतलाई नकार्न सकिन्न। जहाँ पुँजीवादको छत्रछायामा हुर्केका सामाजिक संस्थाका संरचनामार्फत राज्यका शक्तिशाली निकाय सरकार, पुँजीपति व्यापारी, बजारमा प्रभुत्व जमाउने सम्बन्धित विविध पक्षले बुद्धिजीवीलाई आ-आफ्नो उद्देश्यपूर्ति हेतु प्रयोग गर्छन्। र, थाहै नपाई समाजका निमुखा वर्गले आफ्नो सहमतिको मोहर लगाइदिन्छन्। किनकि, तिनको विश्वास बुद्धिजीवीमाथि हुन्छ भन्ने विषयलाई ग्राम्सीले आफ्नो जेलजीवनमा लेखेका नोटमा विस्तृत व्याख्या गरेका छन्, जुन नेपाली समाजका बुद्धिजीवी र तिनका भूमिकालाई बुझ्न थप मद्दतगार छ।

नेपाली समाजका बुद्धिजीवीका भूमिकालाई गहिराइमा गएर बुझ्ने हो भने पहिला बुद्धिजीवी निर्माणमा राज्यले खेलेको भूमिका, सम्बन्धित निकायका पक्षलगायत समाजको लगानीसमेत हेर्नुपर्ने हुन्छ। बुद्धिजीवी निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने ज्ञान निर्माणका प्लेटफर्महरूमा राज्यको लगानी, निगरानी र नियन्त्रण कस्तो छ ? नेपाली समाजमा युगौँदेखि जातीय, क्षेत्रीय, लैंगिक आधारमा स्थापित विभिन्न विभेदकारी संरचनाको भूमिका कस्तो छ ? समाजमा रहेका विभिन्न सामाजिक संस्थाबीचको सम्बन्ध र सहकार्य कस्तो छ ? भन्नेजस्ता विषय महत्त्वपूर्ण हुन्छन्, किनकि बुद्धिजीवी भनेको एउटा मानिस हो, जो हेर्दा स्वतन्त्र देखिए पनि वास्तवमा परिवारदेखि विश्वसँग जोडिएको हुन्छ। त्यसैले, हरेक संरचनाको प्रभाव बुद्धिजीवीको निर्माण र उसको चिन्तनशैलीमा हुँदै कार्यशैलीमा समेत पर्छ र परिणाम धरातलमा देखिन्छ।

> सामाजिक सद्भाव जोगाउने, समाज रूपान्तरण गर्ने, समुदायलाई सामाजिक न्यायको अनुभूति गराउने, सर्वसाधारणका आशा जीवन्त राख्ने, समाजमा विद्यमान विभेद अन्त्य गर्नेतर्फ प्रयासरत रहँदै राज्यलाई सचेत गराउन समय-समयमा खबरदारी गर्ने जिम्मेवारी पनि बौद्धिक वर्गको काँधमा हुन्छ

यो त स्पष्ट छ कि बुद्धिजीवी वर्ग आफू पनि प्रश्नमा घोत्लिन्छन् र अरूलाई पनि हरेक परिदृश्यका पछाडि निरन्तर प्रश्न खोतल्न प्रोत्साहित गर्छन्, जसले ज्ञान निर्माणको आधार तयार पार्न मद्दत गर्छ। समाज भनेको निरन्तर परिवर्तनशील भइरहने हुँदा यसका विभिन्न नियम र मानक विभिन्न घटकको प्रभावका कारण परिवर्तित भइरहेको हुन्छ। निरन्तर समाजमा समूहगत सचेतना निर्माण गर्नु तथा राज्यलाई त्यसअनुरूपका नीति-निर्माण र कार्यशैली अपनाउन दबाब दिनु आफैँमा विशेष कार्य हो, जसको जिम्मेवारी बुद्धिजीवीको काँधमा रहेको हुन्छ।

नेपालका बुद्धिजीवी वर्गलाई मुख्यतः तीन समूहमा विभाजन गर्न सकिन्छ। पहिलो समूह, जो आफ्नो ज्ञान र विचारको उपयोग यथास्थितिवादी शक्तिशाली समूहको पक्षपोषणमा गर्छ र आफू सम्मानित र चर्चित भइरहन रुचाउँछ। राजनीतिक संरचना परिवर्तनसँगै यिनका भाषा र शैली पनि समय-समयमा परिवर्तित भइरहन्छ। मिडियाका विभिन्न माध्यममा सहज पहुँच भएका यी बुद्धिजीवी आफ्ना विचारलाई स्थानीयभन्दा विदेशी धरातलमा पस्किन बढी रुचाउँछन्।

दोस्रो, बुद्धिजीवी समूह भनेको त्यो समूह हो, जो आफ्नो विचार निर्माणका आधारमा प्रस्ट नभई विभिन्न मध्यमबाट पस्किने छताछुल्ल ज्ञानका स्रोतलाई छामछुम पार्दै विभिन्न लोभलाग्दा 'स्लोगन' निर्माण गर्छन् र त्यसैलाई ज्ञानको भण्डार मान्दै निर्धक्क पस्किन अगाडि सर्छन्। आफू र आफ्ना वरिपरि स्थापित र संरक्षित विभेदका संरचना भत्काउन सम्बन्धित समाजअनुरूपको औजार आफैँ निर्माण गर्न प्रयास गर्नुको साटो अन्य समाजमा निर्मित र परीक्षित औजार बोकी मैदानमा उत्रन्छन्। यिनलाई मिडियाले अत्यधिक रुचाउँछन्, किनकि यिनले आफ्ना विचार उत्तेजक रूपमा प्रस्तुत गर्छन्, जसलाई बहुसंख्यकले स्वादका रूपमा लिने गर्छन्।

बुद्धिजीवीका तेस्रो समूह जसले, हरेक परिदृश्यलाई बडो गहनतासाथ विश्लेषण गर्ने क्षमता राख्छ, तर संगठन बनाउन, राज्यका नजरमा पर्न, शक्तिलाई रिझाउन इच्छा राख्दैनन् र अध्ययनको आनन्दमा चुर्लुम्म डुबी ज्ञानका हिरा संगालेर बसेका हुन्छन्। यी समूह तुलनात्मक रूपमा अन्यभन्दा क्षमतावान् भए पनि राज्यले उचित संरचना निर्माण गर्न नसक्दा सदुपयोग गर्न सकेको देखिँदैन। मिडियाका विभिन्न माध्यमले पनि यिनलाई खासै भेट्टाउँदैनन्, भेट्टाइहाले पनि खासै रुचाउँदैनन्, किनकि यिनका विचार पस्किँदा मिडियालाई खासै लाभ हुँदैन।

उल्लिखित तिनै प्रकारका बुद्धिजीवी समूह निर्माणमा राज्यको प्रमुख भूमिका रहेको हुन्छ। समाजमा अवस्थित विभिन्न विधागत संरचनाको पहिचानदेखि लिएर अनुकूल वातावरण निर्माणमा राज्यको स्रोतसाधन परिचालनमा राजनीतिक नेतृत्व क्षमताले अहम् भूमिका खेल्ने हुँदा राजनीतिक संरचना र बुद्धिजीवीका भूमिका एक-अर्कासँग जोडिएको हुन्छ।

सरकारको सफलतामा बुद्धिजीवीका सशक्त भूमिका अपरिहार्य हुन्छ भने बुद्धिजीवी निर्माणदेखि लिएर तिनका सशक्त भूमिका निर्वाह गराउनमा राज्यको महत्त्वपूर्ण हात हुन्छ। किनकि, सिद्धान्ततः राजनीति र बुद्धिजीवीको साझा उद्देश्य हो, समृद्ध समाज निर्माण गर्ने। त्यसैले, बुद्धिजीवीका भूमिका प्रभावकारी बनाउनमा समाजका विभिन्न अवयवबीचको सम्बन्ध र सहकार्य पनि जिम्मेवार हुन्छ। नेपालको इतिहासदेखि वर्तमानसम्मका परिदृश्यमा बौद्धिक वर्गका रूपमा चित्रित प्रायः व्यक्ति, जो कि त आफ्नो वा आफ्नाका लाभ नहुँदा मौन बस्छन्, कि त वेलाबखत कुनै निश्चित क्षेत्र, वर्ग, लिंग, जाति र राजनीतिक दलका लागि मात्रै बोल्ने गर्छन्। वास्तवमा तिनका जवाफदेहिताको सीमारेखा कहाँसम्म पर्छ ?

(झा समाजशास्त्री हुन्)

---

३ प्रश्न

प्रधानमन्त्री कार्यालयको शासकीय सुधार महाशाखाका प्रमुख **प्रद्युम्न उपाध्याय**लाई



पछिल्लो समय निष्क्रिय अवस्थामा रहेको हेलो सरकारलाई सक्रिय बनाउनुभएछ नि ?

हो। जनताका गुनासा सिधै कार्यकारी प्रमुखसम्म पुर्‍याउने माध्यम हो हेलो सरकार। स्थापनाकालमा यो निकै लोकप्रिय थियो। त्यतिखेर हामीसित जनशक्ति, प्रविधि र अन्य पूर्वाधार निकै कमजोर थिए। कार्यालय पनि टहरोमा थियो। अहिले प्रधानमन्त्रीज्यूको विशेष चासो र निर्देशनअनुसार प्रधानमन्त्री कार्यालयमै यसको कार्यालय राखिएको छ। आवश्यक प्रविधि र प्रविधिविज्ञ जनशक्तिलाई यस शाखामा खटाइएको छ। हेलो सरकारको पोर्टललाई विशेष सुधार गरिएको छ।

हेलो सरकारमा आएका गुनासाको सम्बोधन कसरी हुन्छ ?

सरकारी निकायबाट प्रवाह हुने सेवाबारे चित्त नबुझेको अवस्थामा गुनासो गर्नु नागरिकको अधिकार हो। हेलो सरकारमार्फत नागरिकले गुनासो गरिसकेपछि हामी ती गुनासाको वर्गीकरण गर्छौं र सम्बोधन हुनुपर्ने गुनासाहरू सम्बोधन गर्न सम्बन्धित कार्यालयलाई निर्देशन दिन्छौँ। प्रधानमन्त्री कार्यालयबाटै निर्देशन गइसकेपछि त्यसको शीघ्र सम्बोधन हुन्छ। यसबाट नागरिकमा सरकार र हेलो सरकारप्रति विश्वास बढ्छ।

हेलो सरकारमा आएका गुनासाहरूको सम्बोधनचाहिँ कति हुन्छन् ?

देशको कार्यकारी प्रमुखको कार्यालयबाटै प्रत्यक्ष निर्देशन र निगरानी हुने भएकाले सबैजसो गुनासाको सम्बोधन हुन्छ। प्रधानमन्त्री कार्यालयबाट आएको निर्देशन भनेपछि मातहतका निकाय पनि सचेत हुन्छन्। आफूबाट भएका कमी कमजोरी सच्याउने र भविष्यमा त्यस्ता कमी कमजोरी दोहोरिन नदिन सबै सचेत हुने अवस्था हुन्छ। त्यसैले, नागरिकको पनि यसप्रति विश्वास छ। उहाँहरूले अनेकौँ गुनासा हेलो सरकारमा पठाइहरनुभएको हुन्छ।

प्रेरक प्रसंग

इमानदार बालक

एकपटक एक बालक आफ्नी बहिनीसित बजारतिर घुम्दै थिए। त्यहाँ शिरमा अम्बाको टोकरी राखेर बिक्रीका लागि हिँडिरहेकी एक किशोरीसित उनीहरूको जम्काभेट भयो। बालककी बहिनी भूलवश ती किशोरीसित ठोक्किइन्। जसका कारण ती किशोरीको टोकरी भुइँमा खस्यो र सबै अम्बा भुइँमा पोखिए। भुइँमा पोखिँदा कतिपय अम्बामा चोट लाग्यो भने कतिपय हिलोमा पनि परे। यो देखेपछि ती किशोरी रुन थालिन्। उनले रुँदै भनिन्- हे भगवान्! अब म मेरा गरिब बाआमालाई के खुवाउँला ? अब उहाँहरूले कैयौँ दिन थप भोकै बस्नुपर्ने भयो।



ती किशोरी रोइरहेको देखेर बहिनीले ती बालकलाई भनिन्- दाजु, अब हामी यहाँबाट भागौँ। आखिर म ठोक्किएको कसैले देखेको छैन। फेरि पछि भिड जम्मा भएपछि हाम्रो पोल खुल्न पनि सक्छ। त्यस्तो भयो भने हामीले क्षतिपूर्ति पनि तिर्नुपर्ने हुन सक्छ। बालकले भने- होइन बहिनी, हामीले यस्तो गर्नु हुँदैन। कसैले नदेखे पनि भगवान्ले देखिरहेकै छन् नि! त्यसैले हामीले यहाँबाट भाग्नु हुँदैन। अब यिनलाई घर लगेर आमासित भनेर क्षतिपूर्ति तिर्नेपर्छ। त्यसपछि उनले आफूसित भएको तीन आना ती किशोरीलाई दिए र भने- दिदी, हामीले जानीजानी तपाईंको अम्बा खसाइदिएका होइनौँ। भूलवश यस्तो दुर्घटना हुन पुग्यो। अब तपाईं हामीसित हाम्रो घरसम्म हिँड्नुहोस्, हामी तपाईंलाई क्षतिपूर्ति तिर्छौँ। तीनैजना घर पुगे। बालकले आमालाई सबै कुरा सुनाए। आमाले दुवैलाई एकएक थप्पड लगाएर भनिन्- तिमीहरूलाई घुम्न जान किन परेको थियो ? घर चलाउन खर्च छैन, झन् यो क्षतिपूर्ति कसरी तिर्नु ? बालकले भने- आमा, हजुरले हामीलाई स्कुल जाँदा जुन पकेट खर्च दिनुहुन्छ नि, त्यही कटौती गरेर क्षतिपूर्ति दिनुहोस्। यो रकम नपुगेसम्म हामी दुवैजना स्कुलमा खाजा खाँदैनौँ। त्यसपछि बालककी आमाले किशोरीलाई क्षतिपूर्ति तिरिन्। ती बालक र उनकी बहिनीले डेढ महिनासम्म स्कुलमा खाजा खान पाएनन्। ती बालक पछि गएर विश्वविजयी सम्राट् नेपोलियनका रूपमा विख्यात भए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बिजुली गाडीलाई प्राथमिकता देऊ

'संसद्का पदाधिकारीलाई बिजुली गाडी' शीर्षकको समाचार पढियो। हाम्रो देशमा पेट्रोलियम पदार्थको उत्पादन शून्य छ र बिजुली फालाफाल छ। यस्तो देशले यसरी बिजुली गाडी प्रवर्द्धन गर्नु निकै सकारात्मक निर्णय हो। अबका दिनमा सरकारले सकभर बिजुली गाडी नै बढी प्राथमिकता दिनुपर्छ। देशमा उत्पादन नहुने पेट्रोलियम पदार्थको उपभोग बढाउनुको साटो सकभर घटाउनु नै बेस हो। राज्यले नयाँ सवारीसाधन खरिद गर्दा बिजुली गाडी मात्र खरिद गर्ने नीति बनाएर त्यसलाई कडाइसाथ लागू गर्नुपर्छ। साथै, स्कुटरलगायत दुईपाङ्ग्रे सवारीसाधन खरिद गर्दा पनि विद्युतीय सवारीसाधनलाई नै प्राथमिकता दिनुपर्छ। यसका साथै, राज्यले विद्युतीय चार्जिङ स्टेसनलाई पनि प्राथमिकतासाथ निर्माण गर्नुपर्छ। साथै, विद्युतीय सवारीसाधनको करमा पनि राम्रै छुट दिने व्यवस्था मिलाउनुपर्छ। र, राज्यका हरेक पदाधिकारीले बिजुली गाडी प्रयोग गर्ने माहोल बनाउनुपर्छ।

● **भुवन पाठक**, सानोठिमी, भक्तपुर

सवारीसाधन हाँक्दा सचेत बनौँ

हरेक दिनजसो नेपालका कुनै न कुनै स्थानमा दुर्घटना भएका र कैयौँले ज्यान गुमाएका समाचार आइ नै रहेका हुन्छन्। कहिले राजधानीमा त कहिले दूरदराजका गाउँठाउँमा दुर्घटना भएका खबर आउँछन्। कहिले त्रिशूलीमा बस खसेका, यात्रुले ज्यान गुमाएका अप्रिय समाचार आउँछन्। भर्खरै राजधानीको पेप्सीकोलामा भएको सवारी दुर्घटनामा परी दुईजनाको ज्यान गयो भने कैयौँ घाइते भए। यस्ता अधिकांश दुर्घटना चालकका लापरबाहीकै कारण हुने गर्छन्। त्यसैले, सवारी हाँक्दा सचेत बनौँ, दुर्घटनाबाट बचौँ।

● **गोविन्द महर्जन**
जडीबुटी, काठमाडौँ

पानीको गुणस्तर मापन गरौँ

'जारको पानी अनुगमन, गुणस्तरमा शंका' शीर्षकको समाचार पढ्दा हामीले पिउँदै आएको पानीको गुणस्तरबारे चिन्ता लाग्यो। विशेष गरी संघीय राजधानी काठमाडौँ उपत्यकाभित्र पिउनेपानीको अभावका कारण हामी आमउपभोक्ता जारको पानीमा निर्भर छौँ। र, त्यही जारको पानी नै गुणस्तरहीन हुन्छ भने हामीले कुनै पानी पिउने ? पानीजस्तो संवेदनशील विषयमा राज्यले तत्काल गम्भीरतापूर्वक गुणस्तर परीक्षण गरी कुनै कैफियत भेटिएमा तत्काल कडा कदम चाली पानीको गुणस्तर सुधारमा ध्यान दिनुपर्‍यो। उपभोक्ताको स्वास्थ्य जोखिममा पार्ने काम नगर।

● **अमन्दा घिसिङ**
लोलाङ हाइट, काठमाडौँ

बिदेसिने युवालाई रोक्ने कसले ?

अचेल सामाजिक सञ्जाल खोल्नेबित्तिकै न्युज फिड र स्टोरीका भित्ताहरू खादा र मालासहित हातमा पासपोर्ट बोकेका युवालाई आफन्तले बिदाइका हात हल्लाएका दृश्य मात्रै देखिन्छन्। राजनीतिक रूपान्तरण त भयो तर देशले गणतन्त्रपछि औद्योगिक रूपान्तरण गर्न सकेन। अस्थिर सत्ता, संस्थागत भ्रष्टाचार तथा जनतालाई भोट बैंकका रूपमा हुने प्रयोगका कारण देशका युवाशक्तिमा नैराश्य पैदा भई विदेश पलायन हुने क्रम अत्यधिक छ। नेपालजस्तो युवा जनसंख्या धेरै भएको विकासोन्मुख देशले युवा परिचालन गरी देश विकास गर्नुपर्ने हो, तर त्यसतर्फ कसले सोच्ने यहाँ ?

हरेक वर्ष पाँच लाखभन्दा बढीले कक्षा १० को एसइई परीक्षा दिन्छन्। उनीहरू १२ कक्षासम्म पुग्दा करिब ८० प्रतिशत विद्यार्थीको रोजाइ विदेश हुने गर्छ। यस्तो खराब स्थितिमा युवा पलायनले देशको भविष्य कस्तो बन्ला ? युवाले परदेशबाट पसिना बगाएर पठाएको विप्रेषणमा होली खेल्ने भ्रष्ट राजनीतिको मारमा कहिलेसम्म देश फसिरहने ? दैनिक दुई हजारभन्दा बढी युवा त्रिभुवन विमानस्थलबाट बिदेसिँदै गरेको अत्यन्तै कहालीलाग्दो दृश्य रोक्न नेपाल सरकार र यहाँका राजनीतिक दलहरूसँग कुनै पनि स्पष्ट मार्गचित्र छैन भन्ने कुरा घामजत्तिकै छर्लंग छ।

● **सञ्जय थापा क्षेत्री**, फलेवास-३, पर्वत
meetusanjay93@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

के गाँजा सेवन साँच्चै सुरक्षित छ ?

गुगलमा गाँजा शब्दको खोजी गर्दा हजारौँ लाभ देख्न सकिन्छ, जब कि यी अधिकांश लाभका पछाडि बलियो वैज्ञानिक प्रमाण छैन



देश/विदेश

● बेथ कोहेन

अमेरिकामा वयस्कमाझ सुर्तीको प्रयोग घट्दै जाँदा गाँजाको प्रयोगमा बढोत्तरी भएको छ। यसबाहेक सुर्ती र गाँजाको उपभोगलाई नियन्त्रण गर्ने कानुन र नियम फरक ढंगले तर्जुमा हुँदै छन्। सार्वजनिक क्षेत्रमा धुम्रपान निषेध र फ्लेभरयुक्त सुर्तीजन्य उत्पादनमा राज्यस्तरमा बिक्रीमा रोकावटजस्ता प्रतिबन्धसहित सुर्तीजन्य नियम दिनानुदिन कडा हुँदै गइरहेका छन्। ठिकविपरीत बढ्दो संख्यामा राज्यस्तरमा गाँजाको चिकित्साजन्य वा मनोरञ्जनात्मक प्रयोगको अनुमति बढिरहेको छ। यसबाहेक धुम्रपानमुक्त कानुनभित्र गाँजालाई अपवाद बनाउने उद्देश्यसाथ पहलकदमी लिइँदै छन्। यी परिवर्तनले मानिसलाई गाँजाको धुम्रपानतर्फ नजिक्याइरहेको छ। यस सन्दर्भमा प्रत्यक्ष वा परोक्ष गाँजा सेवन कति सुरक्षित छ त ?

म एक त्यस्तो राज्यमा प्राथमिक हेरचाह चिकित्सक र अनुसन्धानकर्ताका रूपमा काम गर्छु, जहाँ चिकित्सा र मनोरञ्जन प्रयोजन दुवैका लागि गाँजाको प्रयोगलाई कानुनी बनाइएको छ। मेरा सहकर्मी र मैले गाँजाको बढ्दो प्रयोग र प्रवर्द्धन भइरहँदा सुर्ती र गाँजासेवन सम्बन्धित सुरक्षाबारे सार्वजनिक धारणा कसरी विकसित भइरहेको छ भनेर खोजी गरिरहेका छौँ।

हामीले सन् ०१७, ०२० र ०२१ का बीचमा पाँच हजारभन्दा बढी वयस्कमाझ सर्वेक्षण गरेका थियौँ। सर्वेक्षणअनुसार सो अवधिमा चुरोट सल्काउनुभन्दा गाँजा सल्काउनु सुरक्षित हो भन्ने धारणा बलियो भएको पाएका थियौँ। सन् २०१७ मा २६ प्रतिशत मानिसले दिनमा एक चुरोट सल्काउनुको सट्टा गाँजाको जोइन्ट सल्काउनु सुरक्षित हुन्छ भन्ने जनाएका थिए। सन् २०२१ मा यो आँकडा ४४ प्रतिशत पुगेको थियो। त्यसैगरी चुरोटको तुलनामा गाँजाको परोक्ष सेवन 'पूर्ण रूपमा सुरक्षित' रहेको जनाएका थिए। यी मानिसका अनुसार सम्भावित जोखिममा रहने बालबालिका र गर्भवती महिलाका अगाडि गाँजा सल्काउनु पनि 'पूर्ण रूपमा सुरक्षित' हो। यी अवधारणाका बाबजुद नयाँ शोध-अनुसन्धानले गाँजाको सेवनले स्वास्थ्यमा असर पार्न सक्ने विषयमा चासो वृद्धि गरेको देखिन्छ।

के गाँजासम्बन्धी अवधारणा विज्ञानसम्मत छ ? : दशकौँको अनुसन्धान र सयौँ अध्यययनले चुरोट सेवन विभिन्न किसिमका क्यान्सर र मुटुसम्बन्धी रोगसँग जोडिएको देखाएको छ। तर, गाँजा सेवनको दीर्घकालीन असरबारे धेरै अध्ययन हुन पाएको छैन। संघीय तहमा गाँजा अवैधानिक भएकाले यसको प्रभावबारे अध्ययन गर्नु वैज्ञानिकका लागि थप चुनौतीपूर्ण बनेको छ। लामो समयसम्म नियाल्नुपर्ने र अत्यधिक आश्रयको अवस्थाले निम्त्याउने स्वास्थ्य प्रभावको अध्ययन गर्नु चुनौतीपूर्ण हुने गर्छ। क्यान्सर वा मुटुसम्बन्धी रोगको सम्बन्धमा गाँजाको अनुसन्धानको हालैका विश्लेषणले यी अनुसन्धानमा धेरै कमी रहेको देखाएको छ। किनभने, यी अनुसन्धानमा पर्याप्त ढंगले आश्रित भएका अनुसन्धान सहभागीको संख्या सीमित छ, सहभागी हुनेसँग अनुसन्धानकर्मीको नियमित अद्यावधिक भेट कम देखिन्छ, र चुरोट सेवनको बानीलाई अनुसन्धानमा पर्याप्त ठाउँ दिइएको छैन। गाँजाका कैयौँ पैरवीकर्ता गाँजा सेवनका नकारात्मक परिणामबारे स्पष्ट नतिजा नभएकाले गाँजा सेवन सुरक्षित रहेको दलिल पेस गर्छन्। तर, यो बुझाइलाई म र मेरा सहकर्मी अस्वीकार गर्छौं, अर्थात् वैज्ञानिक भाषामा भन्ने हो भने 'प्रमाणको अभाव भएकै कारण अभावलाई नै प्रमाण' मान्ने प्रवृत्तिलाई मान्न सकिँदैन।

विभिन्न वैज्ञानिकले गाँजा र सुर्तीमा कैयौँ समान रसायन रहेको पत्ता लगाएका छन्। यी रसायनमा कैयौँ क्यान्सरका कारक र विष पनि रहेको देखिएको छ। सुर्ती होस वा गाँजा ती जलेपछि त्यसका कण सासका माध्यमबाट फोक्सोमा पुग्दा शरीरका तन्तुमा क्षति



तस्बिर : तुनातुरा/आइस्टक

पुग्छ। जनावरमाथि सुर्ती र गाँजाको परोक्ष धुम्रपानको असरले मुटुसम्बन्धी असर निम्त्याउने देखाएको छ। यी असरमा धमनीको चौडाइको विस्तार, उच्च रक्तचाप र मुटुको कार्यमा गिरावट पर्छन्। गाँजा सेवनका कारण हुने फोक्सोको क्यान्सर, हृदयघात र स्ट्रोकका जोखिम पत्ता लगाउन थप अनुसन्धान आवश्यक छ। तथापि मौजुदा ज्ञानले जनस्वास्थ्य संगठनमाझ चासो पैदा गरेको छ।

गाँजा सेवनसम्बन्धी अवधारणाको के अर्थ ? : मानिसले गाँजालाई सुरक्षाको कसीबाट कसरी हेर्छन् भन्ने विषयले यसको प्रयोग र सार्वजनिक नीतिमा महत्त्वपूर्ण प्रभाव पार्छ। गाँजा र अन्य पदार्थको अध्ययन गर्ने विभिन्न शोधकर्ताले यदि मानिसलाई केही पदार्थ कम जोखिमपूर्ण लाग्छ भने ती पदार्थको प्रयोगको सम्भावना बढी हुन्छ।

गाँजा सेवनको सुरक्षा जोखिमसम्बन्धी अवधारणाले चिकित्सा र मनोरञ्जन प्रयोजनसम्बन्धी कानुन र नीतिको विकासलाई प्रभाव पार्छ। यसमा गाँजा सेवनलाई सुर्ती सेवनजस्तै नियमन गर्ने वा धुम्रपानसम्बन्धी कानुनमा गाँजा सेवनलाई अपवाद बनाउने निर्णय पर्छन्।

गाँजा सेवनसम्बन्धी अवधारणा निर्माण गर्दा जटिलता मौजुद छन्। अर्थात् विभिन्न चिकित्सकीय प्रयोगले कहिलेकाहीं विशेष परिस्थितिमा गाँजाको प्रयोग लाभदायी पनि हुने देखिएको छ। यी लाभमा निश्चित दीर्घकालीन दुखाइका व्यवस्थापन गर्न, किमोथेरापीले निम्त्याउने वाकवाकी र बान्ता रोक्न र एचआईभी/एड्स भएका बिरामीमा भोक र तौल बढाउने काम पर्छन्। महत्त्वपूर्ण कुरो के हो भने यी कुनै पनि प्रयोगमा गाँजाको धुम्रपान वा भेपिङ समावेश छैन। दुर्भाग्य, गुगलमा गाँजा शब्दको खोजी गर्दा हजारौँ लाभ देख्न सकिन्छ, जबकि यी अधिकांश लाभका पछाडि पुख्ता वैज्ञानिक प्रमाण मौजुद छैन।

गाँजाको सम्भावित लाभ र जोखिमबारे जान्न चाहने व्यक्तिलाई म स्वास्थ्य सेवा प्रदायक वा पूर्वाग्रहरहित वैज्ञानिक सामग्रीको खोज गर्न आग्रह गर्छु। यस सन्दर्भमा द नेसनल सेन्टर फर कम्प्लिमेन्ट्री एन्ड इन्टिग्रेटिभ हेल्थसँग कुन चिकित्सकीय अवस्थामा गाँजाको प्रयोग गर्ने वा नगर्ने र सम्भावित जोखिमबारे जानकारीको सिंहावलोकन उपलब्ध गराएको छ।

(कोहेन क्यालिफोर्निया विश्वविद्यालयकी चिकित्साविज्ञानकी प्राध्यापक हुन्)

द कन्भर्सेसनबाट

एक सन्तान नीतिको दुष्परिणामबारे ढिलो गरी जागेको चीन

एक सन्तान नीति लागू नगरेको भए पनि चीनको जनसंख्या बढीमा १.६ अर्बसम्म पुगेर ओरालो लाग्न थाल्ने थियो





● यी फुजियान

यी फुजियान युनिभर्सिटी अफ विस्कनसिन-प्याडिसनका वरिष्ठ प्रजनन तथा स्त्रीरोग विशेषज्ञ हुन्

चीन विश्वसामु खुल्न थालेको चार दशकभन्दा लामो समयसम्म पनि त्यहाँको सरकारको नीति-निर्माण प्रक्रिया गोप्य रह्यो । यहाँ चीनको जनसंख्या नियन्त्रण नीति, तथ्यांक गोप्य राख्दाको परिणाम र तिनलाई चुनौती दिने मेरो व्यक्तिगत प्रयासबारे चर्चा गर्दै छु । सन् १९८० मा एकजना रकेट वैज्ञानिक सोङ जियान र अर्थशास्त्री चियान सुयानले चीनको जनसंख्या सय वर्षमा ४.२ अर्बमाथि पुग्ने प्रक्षेपण गर्दै एक खुला पत्र लेखे । उक्त प्रक्षेपणले चिनियाँ अधिकारीलाई त्रसित बनायो । त्यसपछि सरकारले एक बच्चा नीति लागू गऱ्यो । यथार्थमा एक सन्तान नीति लागू नगरेको भए पनि चीनको जनसंख्या धेरैमा १.६ अर्बसम्म पुगेर ओरालो लाग्न थाल्ने थियो ।

चीनमा हुकिँदा मैले व्यक्तिगत रूपमा एक सन्तान नीतिको क्रूरता देख्न पाएँ । त्यसैबाट प्रेरित भएर म सन् २००० मा कठोर जनसंख्या नियन्त्रण नीतिविरुद्ध उभिएँ । सुरुमा मैले विदेशी वेबसाइटमा आलेख छपाउने काम मात्र गरेको थिएँ । त्यसपछि मैले प्राज्ञिक विधि अँगाल्ने । सन् २००३ मा आइपुग्दा मेरा आलेखले छिटपुट रूपमा चिनियाँ माध्यममा छापिने अनुमति पाउन थालेका थिए । सन् २००४ अक्टोबरमा सरकारी पत्रिकाले नै मेरो आलेख छाप्यो, जसमा मैले देशमा लागू एक बच्चा नीति रोक्न आह्वान गरेको थिएँ । त्यस आलेखले कठोर जनसंख्या नियन्त्रण नीतिबारे एक प्रकारको बहस सुरु गरायो ।

मेरो अभियानले गति लिन थालेसँगै शीर्ष अधिकारीले पनि मेरो अनुसन्धानलाई गम्भीरतापूर्वक लिन थालेका थिए । उदाहरणका लागि तत्कालीन चिनियाँ वित्तमन्त्री जिन रेनछिडले व्यक्तिगत रूपमा मेरा पाँच रिपोर्टहरू हेरेका थिए । सन् २००७ मा मैले हङकङबाट 'बिग कन्ट्री विथ एम्प्टी नेस्ट' नामक पुस्तक छपाएँ । पुस्तकमा मैले चीनमा लागू भइरहेको एक बच्चा नीतिपछाडिको अवधारणालाई चुनौती दिँदै तत्काल त्यसलाई अन्त्य गर्न आह्वान गरेको थिएँ । पुस्तकले परिवार-नियोजन अधिकारी र जनसंख्या विज्ञमाझ हलचल ल्याएछ, तिनले मेरो प्रतिरोधी धारणालाई अवमूल्यन गर्ने र दबाउने प्रयास गरे । मेरो पुस्तक चीनमा प्रतिबन्धित भयो । तथापि पुस्तकको अनलाइन संस्करणलाई करोडौंले हेरे । यसबाट अधिकारीहरू मेरो आवाज दबाउने प्रयासमा असफल भए ।

तीन वर्षपछि मेरो एक आलेख 'जनसंख्या नीतिबारे नयाँ आलोचनात्मक बहस' नामक संग्रहमा 'फरक' विचारका रूपमा समावेश गरियो । सन् १९८० का खुला पत्र लेखक रकेट वैज्ञानिक सोङको भूमिका र अर्थशास्त्री चियान तथा चीनको राष्ट्रिय परिवार नियोजन आयोगका दुई उप-निर्देशकको आलेख रहेको पुस्तकका अधिकांश लेख मेरो आलोचनामा खर्च भएको थियो । झन्डै दश वर्षसम्म मलाई 'देशद्रोही'को बिल्ला लाग्यो । मैले यस अवधिमा चीन भ्रमण गरिनँ । लामो अन्तरालपछि सन् २०१० मा सुटुक्क चीनको वार्षिक जनसंख्या सम्मेलनमा भाग लिन गएको थिएँ । त्यहाँ सन् १९८० मा सरकारलाई एक सन्तान नीति अंगीकार गर्न बाध्य पार्ने खुला पत्रका एकजना मस्यौदाकारले मेरो आलोचनामा लामो भाषण गरे । पछि सम्मेलनमा म आएको हल्ला चलेपछि प्रहरीले मलाई खोज्न थाल्यो, जसले गर्दा रातारात मैले सहर छाड्नुपऱ्यो ।

त्यसपछिका वर्षमा मैले जबर्जस्ती गर्भपतन गराउन लागिएका दसौं हजार महिलाको सहयोगको याचनायुक्त निवेदन हात पार्ने । मैले कैयौं बच्चालाई बचाउन सहयोग गरेकोमा अहिले पनि गर्व लाग्छ । एक बच्चा नीतिको मानवीय असरमाथि प्रकाश पार्न पछि पनि मैले राष्ट्रिय संसद्का हरेक सदस्य, विभिन्न प्रातीय र मन्त्रालय अधिकारीलाई पुस्तिका पठाइरहें । म प्रायःबाट सकारात्मक जवाफ पाउने गर्थें । र, पछि मेरो प्रक्षेपण नै सही निस्कियो । सार्वजनिक तथा प्राज्ञिक बहसमा मेरो अनुसन्धानप्रति चासो बढ्न थाल्यो । सन् २०१० देखि २०१७ बीचमा मैले चीनभित्रका झन्डै सय शीर्ष थिंक ट्यांक र विश्वविद्यालयबाट बोल्न निमन्त्रणा पाएँ । उलेखनीय कुरा केही परिवार नियोजन अधिकारी मेरो मन्तव्य सुन्न टाढा-टाढाका प्रान्तबाट आएका हुन्थे ।

> चिनियाँ अधिकारीले गतिलो अनुसन्धानलाई निरन्तर बेवास्ता गरिरहँदा देश गम्भीर जनसांख्यिक संकट भोग्ने स्थितिमा आयो । यसको प्रभाव चीनभित्र मात्र होइन, विश्व अर्थतन्त्रसम्म हुने देखिन्छ ।

सन् २०१३ मा चिनियाँ राज्य परिषद्प्रति जवाफदेही प्रकाशकले 'बिग कन्ट्री विथ एन एम्प्टी नेस्ट'को नयाँ संस्करण प्रकाशित गऱ्यो । पुस्तक सो वर्ष चाइना पब्लिसिङ टुडेले चुनेको सय उत्कृष्ट पुस्तकमध्ये पहिलो स्थानमा रह्यो । मेरो कामको स्वीकारोक्ति बढिरहँदा मलाई सन् २०१६ को 'बोआयो फोरम फर एसिया कन्फरेन्स' (जसलाई डेभोसमा हुने 'वर्ल्ड इकोनोमिक फोरम'को चिनियाँ संस्करण मानिन्छ ।)मा आमन्त्रण गरियो । मेरो पहिले प्रतिबन्धित पुस्तक बेस्टसेलर बनेको थियो भने नीति-निर्मातामाझ लोकप्रिय थियो । कुनै समय 'देशद्रोही' घोषित म आफैं राज्यको विशिष्ट पाहुनाका रूपमा बोलाइन थालेको थिएँ । तर, सन् २०१६ मा द न्युयोर्क टाइम्सलाई दिएको एक अन्तर्वार्तामा मैले चीनको अर्थतन्त्र अमेरिकाभन्दा ठूलो हुन नसक्ने बताएपछि चिनियाँ अधिकारी मसँग रिसाए । परिवार नियोजनका अधिकारीले केन्द्रीय सरकारसँग मलाई सरकारी कालोसूचीमा राख्न लबी नै गरे । पछि मैले चीनको जनसंख्या सन् २०१८ बाटै घट्न थालेको हुन सक्ने र सरकारले जनसंख्या तथ्यांक बढाइचढाइ गरिरहेको हुन सक्ने बताएपछि अधिकारी थप रुष्ट बने ।

मेरो सल्लाहअनुरूप पूर्ण जनसंख्या नियन्त्रण हटाउनुको साटो चिनियाँ नेतृत्वले संयमित नीति अपनायो । सन् २०१४ मा सरकारले दुई बच्चा नीति अंगीकार गऱ्यो, तर यसका लागि अभिभावकमध्ये एकजना परिवारको एकल बच्चा भए मात्र लागू हुने सर्त राखियो । दुई वर्षपछि सबै परिवारका लागि दुई बच्चा नीति खुला गरियो । अन्ततः २०२१ मा चीनले अभिभावकलाई तीन बच्चासम्म पाउन खुला गऱ्यो । दुर्भाग्यवश यो परिवर्तन ढिलो गरी आएको छ । चीन अझै गलत मार्गमा छ । यसको पछाडि एक बच्चा नीति कायम रहेको अवस्थामा प्रजनन दर १.८ रहने र सन् २०३३ सम्म १.५ अर्ब पुगेर ओरालो लाग्ने त्यहाँको सरकारी जनसांख्यिक प्रक्षेपणले निम्त्याएको डरले काम गरिरहेको छ । यही प्रक्षेपणमा सबै जोडीलाई दुई बालबच्चा जन्माउन दियो भने जनसंख्या सन् २०४४ मा १.६ मा उचाइमा पुगेर ओरालो लाग्ने उल्लेख छ । तथापि यी सबै सन् १९८० मा एक बच्चा नीति लागू गर्नुअघि चर्चामा आएको प्रक्षेपणजस्तै बकवास भएको खुलिसकेको छ । चीनको बढाइचढाइ गरिने सरकारी तथ्यांकअनुसार नै पनि देशको जनसंख्या सन् २०२२ बाट घट्न सुरु भएको छ । प्रजनन दर १.० सम्म पुगिसकेको छ । चीनको जनसंख्या नियन्त्रण नीतिलाई चुनौती दिँदाको मेरो झन्डै २५ वर्षे अनुभवले म सही थिएँ भन्ने कुरामा मात्र सन्तोष प्रदान गर्छ । अर्कोतर्फ चिनियाँ अधिकारीले गतिलो अनुसन्धानलाई निरन्तर बेवास्ता गरिरहँदा देश गम्भीर जनसांख्यिक संकट भोग्ने स्थितिमा आयो भन्ने कुराले दुःखी बनाउँछ । यसको प्रभाव चीनभित्र मात्र होइन, विश्व अर्थतन्त्रमसम्म हुने देखिन्छ ।

प्रोजेक्ट सिन्डिकेटबाट

विश्व संक्षेप

जी-२० सम्मेलनमा चिनियाँ राष्ट्रपति सहभागी नहुने

बेइजिङ / चीनका राष्ट्रपति सी जिनपिङ विश्वका विशाल अर्थतन्त्र भएका १९ देश र युरोपेली संघ मिलेर बनेको अन्तरसरकारी मञ्च जी-२० को १८औं शिखर सम्मेलनमा सहभागी नहुने भएका छन् । राष्ट्रपति सी यही भदौ २३ र २४ गते भारतको राजधानी नयाँदिल्लीमा आयोजना हुने सम्मेलनमा सहभागी नहुने बेइजिङले घोषणा गरेको हो ।

चिनियाँ विदेश मन्त्रालयमा सोमबार भएको नियमित पत्रकार सम्मेलनमा विदेश मन्त्रालयका प्रवक्ताले राष्ट्रपतिको सट्टा प्रधानमन्त्री ली छ्याङले शिखर बैठकमा भाग लिने बताएका हुन् । उनले 'जी २० शिखर सम्मेलनमा चिनियाँ प्रतिनिधिमण्डलको नेतृत्व प्रधानमन्त्री लीले गर्ने' स्पष्ट गर्दै त्यसलाई उनले आर्थिक सहयोगका लागि महत्त्वपूर्ण मञ्चको रूपमा वर्णन गरेका छन् । यसैबीच, अमेरिकी राष्ट्रपति जो बाइडेनले चिनियाँ राष्ट्रपति नयाँदिल्लीमा हुने विश्वनेताहरूको सम्मेलनमा सहभागी नहुने खबरले आफू 'निराश' भएको बताएका छन् ।

नासाको स्पेसएक्स क्रू-६ पृथ्वीमा फर्कियो

न्युयोर्क / अमेरिकाको राष्ट्रिय हवाई यातायात तथा अन्तरिक्ष प्रशासन (नासा) को स्पेसएक्स क्रू-६ छ महिनापछि पृथ्वीमा फर्किएको छ । स्पेसएक्स ड्रागन अन्तरिक्षयानमा सवार आफ्नो स्पेसएक्स क्रू-६ का अन्तरिक्ष यात्रीहरू सोमबार बिहानै दक्षिणपूर्वी अमेरिकी राज्य फ्लोरिडाको तटीय क्षेत्रमा सुरक्षित अवतरण गरेको नासाले जनाएको छ ।

नासाका अन्तरिक्षयात्री स्टेफन बोवेन र वुडी होबर्ग, संयुक्त अरब इमिरेट्स (युएई) का अन्तरिक्षयात्री सुल्तान अल नेयादी र रुसको राष्ट्रिय अन्तरिक्ष निगमका अन्तरिक्षयात्री आन्द्रे फेद्याएभसहित चार सदस्यीय अन्तर्राष्ट्रिय चालक दल फ्लोरिडाको तटमा सोमबार बिहान प्यारासुटको सहयोगमा पृथ्वीमा सकुशल अवतरण गरेको हो । अन्तरिक्षयान अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्र (आइएसएस) बाट ग्रिनविच समयअनुसार आइतबार ११:०५ मा छुटेको थियो । मार्च २ मा फ्लोरिडास्थित नासाको केनेडी स्पेस सेन्टरबाट प्रक्षेपण गरिएको यो मिसन अर्को दिन आइएसएसमा जोडिएको थियो । चालक दलका सदस्यहरू ६ महिनादेखि आइएसएसमा बसेर काम गरिरहेका थिए ।

सात महिनामा दुई लाख श्रीलंकाली विदेश पलायन

कोलम्बो / श्रीलंकाको वैदेशिक रोजगार विभागमा दर्ता भएर यस वर्ष हालसम्म दुई लाखभन्दा बढी श्रीलंकाली वैदेशिक रोजगारीमा गएका छन् । श्रम तथा वैदेशिक रोजगारमन्त्री मानुषा नानायककाराले उक्त जानकारी दिएका हुन् । सन् २०२२ मा करिब तीन लाख ११ हजार श्रीलंकाली वैदेशिक रोजगारीका लागि प्रस्थान गरेका थिए । यसैबीच विदेशमा रहेका श्रीलंकाली सन् २०२३ को पहिलो ६ महिनामा दुई अर्ब ८० करोड अमेरिकी डलरभन्दा बढी रकम स्वदेश पठाएका छन् ।

कामदारहरूको विप्रेषण श्रीलंकाको विदेशी मुद्रा आयको एक प्रमुख स्तम्भ भएको छ । यसले बढ्दो व्यापार घाटाविरुद्ध पर्याप्त योगदान प्रदान गर्छ र देशको बाह्य क्षेत्रको लचिलोपनलाई बढावा दिन्छ । श्रीलंकाको श्रीलंकाको केन्द्रीय बैंकले ब्याजदर बढाउनु र अत्यावश्यक वस्तुहरूको आयात कटौतीपछि औषधि, खाद्यान्न र ग्यासजस्ता वस्तुहरूको कमीले जीवन कष्टकर भएपछि श्रीलंकाली नागरिक आन्दोलित भएका थिए । आन्दोलनका भरमा श्रीलंकाका राष्ट्रपति गोटाबाया राजापाक्षेले राजीनामा दिनुपरेको थियो भने लामो राजनीतिक अनुभव सम्हालेका वर्तमान राष्ट्रपति रनिल विक्रमासिंघेको नेतृत्वमा स्थितिलाई सम्हाल्ने काम भएको छ । हाल मुद्रास्फीति घटेको छ र आर्थिक गतिविधि सामान्य देखिन थालेका छन् । यद्यपि, आर्थिक संकटले पारेको घाउ निको हुन निकै समय लाग्ने देखिएको छ ।

इतिहासमा आज



सन् १९४४ : बेल्जियम, नेदरल्यान्ड र लक्जमबर्ग सम्मिलित तीन राष्ट्रहरूको राजनीतिक तथा आर्थिक संघ बेनेलक्सको स्थापना भएको थियो । तीन देशबीच आर्थिक, सामाजिकलगायत क्षेत्रमा सहकार्य गर्ने उद्देश्यले उक्त संघ स्थापना गरिएको थियो ।

सन् १९४४ : जर्मनीद्वारा आफ्नो पहिलो भी-२ मिसाइल फ्रान्सको राजधानी पेरिसमा प्रहार ।

सन् १९५७ : अमेरिकी लेक ज्याक केरोसले एउटा महत्त्वपूर्ण पुस्तक लेखेका थिए, जसले समकालीन पुस्तकको बिक्री र लेखनमा क्रान्ति ल्याएको थियो । अन दी रोड नामक सो पुस्तक ज्याक र उनका साथीको अमेरिका यात्रामा केन्द्रित छ । पुस्तक दोस्रो विश्वयुद्धपछि अमेरिकी संस्कृतिको अध्ययन र निरीक्षण गरेका लेखक तथा कलाकारको अनुभवमा केन्द्रित छ ।

सन् १९७२ : प्यालेस्टेनी लडाकुको एउटा समूह जर्मनीको म्युनिखस्थित ओलम्पिक भिलेजमा इजरायली खेलाडी बसेको अपार्टमेन्टमा पुगेर अन्धाधुन्द गोली प्रहार । बन्दुकधारीले इजरायलमा थुनामा राखिएका दुई सय ३० अरबी कैदी रिहा गर्न माग गर्दै खेलाडीलाई बन्धक बनाएका थिए । उक्त घटनामा खेलाडीसहित ११ जनाको मृत्यु भएको थियो । सो नरसंहारपछि जारी ओलम्पिक केही दिनका लागि स्थगित भएको थियो ।

सन् १९७७ : अमेरिकी अन्तरिक्ष निकाय नासाद्वारा फ्लोरिडाबाट भोयगर-१ यान प्रक्षेपण । शनिग्रहको अध्ययनका लागि पठाइएको सो यान शनिग्रहमा नपुगी हराएको थियो । भोयगर-१ अन्तरिक्षमा सबैभन्दा टाढा पुग्ने मानव निर्मित पहिलो यान हो ।

सन् १९८० : विश्वको सबैभन्दा लामो सुरुङ खुला । स्विट्जरल्यान्डको सेन्ट गोथहार्ड टनेल १० दशमलव १४ माइल फैलिएको छ ।

सन् १९९७ : मदर टेरेसाको निधन । गरिबहरूको परोपकारी कार्यका लागि सन् १९७९ मा नोबेल शान्ति पुरस्कारबाट सम्मानित टेरेसाको कोलकातामा ८७ वर्षको उमेरमा निधन भएको थियो ।

सन् २००० : करिब १० हजार जनसंख्या भएको पश्चिम-मध्यप्रशान्त महासागरमा रहेका नौ कोरल टापुहरूको समूह टुभालु संयुक्त राष्ट्र संघको १८९औं सदस्य बनेको थियो ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/०५/१९

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय तुलसीपुर, दाङबाट सिटिजन्स महिला उद्यमशीलता कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सोको हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

कर्जा शिर्षक	**: सिटिजन्स महिला उद्यमशीलता कर्जा**
ऋणीको नाम	**: प्राप्ती सेल एण्ड फेन्सी**
रजिष्टर्ड ठेगाना	: तुलसीपुर उपमहानगरपालिका -५, दाङ
रजिष्ट्रेसन नं.:	१४७६४/११४२ (प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, दाङ)
पान नं.	: ३०५७३८३९४

फर्मको प्रोप्राईटरको नाम र ठेगाना

नाम	**: श्रीजना न्यौपाने**
बाबु	: नोखी राम न्यौपाने
ससुरा	: डिल्लीराज लामिछाने
पति	: घनश्याम लामिछाने
ठेगाना	: तुलसीपुर न.पा -०४, दाङ
हालको ठेगाना	: तुलसीपुर उ.म.न.पा.-१० दाङ
ना.प्र.नं.	: ५२२०२९/२२१८
जारी मिति	: २०६४/०८/२५
जि.प्र.का.	: दाङ

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम	**: घनश्याम लामिछाने**	**२.नाम**	**: पार्वता देवी लामिछाने**
बुबा	: डिल्लीराज लामिछाने	बुबा	: सेतु भट्टराई
बाजे	: लिलाधर लामिछाने	ससुरा	: लिलाधर लामिछाने
पत्नी	: श्रीजना न्यौपाने	पति	: डिल्लीराज लामिछाने
ठेगाना	: टरीगाउँ गा.वि.स-६, दाङ	ठेगाना	: टरीगाउँ गा.वि.स.-६, दाङ
हालको ठेगाना	: तुलसीपुर उ.म.न.पा.-१० दाङ	हालको ठेगाना	: तुलसीपुर उ.म.न.पा.-१० दाङ
ना.प्र.नं.	: ८२०/१२६४	ना.प्र.नं.	: ३९/३४८
जारी मिति	: २०५७/०२/०३ (तेस्रो प्रतिलिपी मितिः २०७५/०१/१४)	जारी मिति	: २०४३/०८/१६
जि.प्र.का.	: दाङ	जि.प्र.का.	: दाङ

धितो राखिएको सम्पत्तिको विवरणः

धितो सुरक्षण धनीको नामः– पार्वता देवी लामिछाने

सि.नं	जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट	कि.नं.	क्षेत्रफल (व.मि.)	कैफियत
१.	दाङ	टरीगाउँ	६/६ख	१५३०	९०७.००	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत ।

माथि उल्लिखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पुर्ण रकम कलम (Entire Receivables) सहित ।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

ग्लोबल आइएमई बैंक लिमिटेडको

आन्तरिक सजावट (निर्माण) कार्यबारे शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०८०/०५/१९

यस बैंकको उल्लेखित शाखा कार्यालयको आन्तरिक सजावट (निर्माण) कार्यका लागि नेपाल सरकारमा दर्ता रहेको फर्म वा कम्पनीबाट निम्न बमोजिमको शर्तहरु पालना गर्ने गरी रितपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

क्र.सं.	शाखा
१	बिर्तामोड शाखा, झापा

शर्तहरुः

१) बोलपत्र फाराम प्रति शाखा/कार्यालयका लागि रु. ३,०००/- (रुपैयाँ तिन हजार मात्र) मा पछि फिर्ता नहुने गरी यस बैंकको कुनै पनि शाखामा OTHER INCOME MISC A/C NO 003700524005 शीर्षकमा जम्मा गरेको भौचर पेश गरी मिति २०८० भदौ २५ गते १:०० बजे सम्म यस बैंकको कमलादी स्थित कार्यालयको सामान्य से वा विभागबाट खरिद गर्न सकिनेछ ।

२) खरिद भएको बोलपत्र मिति २०८० भदौ २५ गते ५:०० बजे भित्र यस बैंकको कमलादी स्थित कार्यालयको सामान्य सेवा विभागमा उल्लेखित प्रमाण-पत्रहरु संलग्न राखी शिलबन्दी गरी पेश गर्नुपर्नेछ । यस प्रयोजनका लागि बो लपत्र बुझाउँदा Technical Proposal/Financial Proposal छुटा छुटै खाममा शिलबन्दी गरी खामको बाहिर फर्मको नाम र ठेगाना स्पष्ट रुपमा लेखी दाखिला गर्नुपर्नेछ । साथै खाममा Technical Proposal/Financial Proposal प्रष्ट लेख्नु पर्नेछ ।

३) प्राप्त भएका शिलबन्दी बोलपत्रहरु मिति २०८० भदौ २६ बिहान ११ बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस बैंकको कमलादी कार्यालयमा खोलिनेछ । तर शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४) शिलबन्दी बोलपत्र खरिद गर्ने दाखिला गर्ने, एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५) बोलपत्र फाराम भर्दा अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेट भएको ठाउँमा सहि छाप हुनुपर्नेछ ।

६) बोलपत्र फारमका साथ आफुले कबुल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखाबाट EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO 002610524002 शीर्षकमा जम्मा गरेको भौचर वा सो बराबरको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ । सो बैंक ग्यारेन्टी (बिड बण्ड) को म्याद न्यूनतम अवधि बोलपत्र पेश गर्ने अन्तिम मितीबाट ९० दिनको हुनुपर्ने छ ।

७) बोलपत्रका साथ निम्न कागजात समेत पेश गर्नुपर्नेछ,
- क) अद्यावधिक कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- ख) मूल्यअभिवृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपि,
- ग) कम्पनी/फर्मको संक्षिप्त परिचय तथा कार्यानुभव (Profile),
- घ) वाणिज्य बैंकाको कम्तिमा ३ वटा शाखा निर्माण गरेको कार्य अनुभवको प्रमाणपत्र । यसरी निर्माण गरेका शाखाको लागत रु. २० लाख भन्दा माथि हुनुपर्ने,
- ङ) प्रबन्धपत्र/नियमावली/साझेदारहरु बिचको कबुलियतनामाको प्रतिलिपी,
- च) कर चुक्ता प्रमाण पत्र र
- छ) विगत ३ वर्षको औसत वार्षिक कारोबार रु. १ करोड भन्दा माथिको भएको प्रमाणित गर्ने कागजपत्र वा लेखापरीक्षण भएको वित्तीय विवरण ।

८) रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

९) प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अथवा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित रहनेछ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

तीन महिनापछि ताप्लेजुङ-काठमाडौं उडान

ताप्लेजुङ/ काठमाडौंदेखि ताप्लेजुङको सुकेटारमा करिब तीन महिनादेखि बन्द भएको हवाई सेवा सोमबारदेखि सुरु भएको छ। नेपाल एयरलाइन्सले करिब तीन महिनापछि काठमाडौं-सुकेटार उडान सुरु गरेको हो। खराब मौसमलगायतका कारण गएको जेठ २४ गतेदेखि काठमाडौं-सुकेटार उडान बन्द भएको थियो। मौसममा सुधार आएसँगै सोमबारदेखि नियमित उडान सुरु भएको नेपाल एयरलाइन्सका ताप्लेजुङ प्रमुख सचिन तिवारीले बताए। लामो समयपछि भएको उडानमार्फत काठमाडौंबाट ६ जना यात्री ताप्लेजुङ आएका छन्। ताप्लेजुङबाट भने एकजना यात्री काठमाडौं गएका छन्। नेपाल एयरलाइन्सले साताको सोमबार, बिहीबार र शनिबार नियमित उडान गर्ने प्रमुख तिवारीले बताए। करिब एक हजार आठ सय मिटरको उचाइमा रहेको सुकेटार विमानस्थलमा बर्सातको समयमा प्रायः हुस्सु लाग्ने भएकाले उडानमा कठिनाइ हुने गरेको छ।

यसैबीच पहिलाको भन्दा उडानको भाडादरसमेत घटाइएको छ। काठमाडौं-ताप्लेजुङको भाडा यसअघि नौ हजार ६ सय ५३ रुपैयाँ थियो। सो भाडा घटाएर अहिले आठ हजार ६ सय कायम गरिएको छ। यस्तै, ताप्लेजुङ-काठमाडौंको भाडा यसअघि नौ हजार चार सय ५३ रुपैयाँ भएकोमा यसलाई घटाएर आठ हजार चार सय रुपैयाँमा झारिएको छ।

रिलायन्स फाइनान्स लि. को कर्जा चुक्ता गर्ने तथा धितोमा रहेका अचल सम्पतिको लिलाम बिक्रिका लागि ७ दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०८०/०५/१९)

यस वित्तीय संस्थाबाट कर्जा कारोवार गर्ने तपशिल बमोजिमको विवरणका ऋणीले यस वित्तीय संस्थासंगका शर्त कबुलियत लिखत बमोजिम कर्जा नतीरी नबुझाई बक्यौता राख्नु भएकोले पटक पटक लिखित, मौखिक तर ताकेता एवं सार्वजनिक पत्रिकामा सुचना प्रकाशित गर्दा समेत कर्जा हिसाव फरफारक नगरेकोले यो सुचना प्रकाशीत गरीएको छ। यो सुचना प्रकाशित गरेको मितिले ७ दिन भित्र कर्जा हिसाव फरफारक गर्न गराउन ऋणी, धितो दिने र ब्यक्तिगत धन जमानी दिने समेतलाई यसै सुचनाद्वारा सुचित गरिन्छ। उक्त म्याद भित्र पनी कर्जा हिसाव राफसाफ नभएमा बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐन २०७३ ले दिएको अधिकार तथा ऋणी संगका कानुनी लिखतका आधारमा सो कर्जा वापत राखेको धितो जायजेथा लिलाम बिक्री गरि लेना असुल उपर गरीने र सो बाट नपुग भएमा ऋणी र धितो जमानी दिनेको अन्य जायजेथा समेतबाट असुल उपर गर्न आवश्यक कानूनी कार्यवाही अगाडी बढाइने ब्यहोरा समेत सुचित गरिन्छ। साथै ऋणी ब्यक्तीगत धन जमानीकर्ता तथा धितो जमानत दिनेलाई समेत कर्जा सुचना केन्द्रको कालो सुचिमा राख्नका लागि लेखि पठाइने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। ऋणीले सो म्यादमा कर्जा हिसाव राफसाफ नगरेमा लेखाई दिएको तपशिल बमोजिमको जायजेथा ८ औं दिनमा लिलाम बिक्री गरिने हुनाले यो सूचना प्रकाशित भएको ७ दिन भित्र तपशिलका शर्तका अधिनमा आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी पेश गर्न हुन समेत सर्बसाधारणमा आव्हान गर्दछौं। सो जेथा लिलाम बिक्री नभएमा वित्तीय संस्था आफैले सकार गरि लिन सक्नेछ।

तपसिल

ऋणीको विवरण	धितोको विवरण	ब्यक्तिगत धन जमानी दिनेको विवरण	
नामः चन्द्र बहादुर सुनार ठेगानाः खजुरा-१, बाँके वुवाः पदमबहादुर सुनार बाजेः गोरे सुनार कर्जा शिर्षकः ब्यक्तिगत कर्जा	चन्द्र बहादुर सुनारको नाममा दर्ता रहेका राधापुर वडा नं. ८ बाँके स्थित कित्ता नं. २५२ र २५५ को क्षेत्रफल क्रमशः १४३३.३४ व.मि. र १००० व.मि को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	**निर्मला सुनार** ठेगानाः खजुरा-१, बाँके ससुराः पदम बहादुर सुनार श्रीमान्ः चन्द्र बहादुर सुनार	**कालुराम कामी** ठेगानाः खजुरा-२, बाँके वुवाः धन सिंह कामी बाजेः बिरे कामी

शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरुः १. शिलवन्दी बोलपत्र आह्वान सुचना प्रकाशित भएको मितिले ८ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २ बजे संस्थाको शाखा कार्यालय कोहलपुर बाकेमा हुनेछ, सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट हुनेछ। २. खरिद गरि लिन चाहेको उल्लेखित सम्पत्ति के कति रकममा खरिद गरि लिन चाहेको हो, सो रकम अङक तथा अक्षरमा स्पष्ट हुनुपर्ने छ। आफुले कवोल गरेको रकमको घटिमा १० प्रतिशत रकम धरौटी स्वरुप संस्थाको नामको प्रभु बैंक लि कोटेश्वर शाखाको चल्ती खाता नं. ०१७००१७८१२४०००२६ मा जम्मा गरि सो को सक्कल भौचर बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ। ३. बोलपत्रवालाको नागरिकताको प्रतिलिपी बोलपत्र साथ समावेश हुनुपर्ने छ। ४. बोलपत्र खोलिने दिन बोलपत्र दाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि तोकिएको समय भित्र नै उपस्थित हुन यसै सुचनाद्वारा जानकारी गराइन्छ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने र सो खोलिएको बोलपत्र उपर पछि कुनै किसीमको दावी तथा उजुरी लाग्ने छैन। बोलपत्र रित नपुगी आएका तथा शर्त राखी दिएको बोलपत्र उपर कुने कारवाहि गरिने छैन। ५. बोलपत्रमा कबुल अंकमा सो जेथा बिक्री गर्ने नगर्ने अधिकार यस वित्तीय संस्थालाई हुनेछ। ६. कबुल अंकमा सो जेथा बिक्री गर्ने निर्णय भएमा धरौटी रकम बाहेक बांकी रकम संस्थाले तोकेको समयमा संस्थामा दाखिला गरि जेथा दाखेल खारेज गरि लान सकिनेछ। ७. बोलपत्र अस्वीकृत भएमा धरौटी फिर्ता गरिनेछ। बोलपत्र स्वीकृत भै सुचना गरीएमा सुचना गरेको मितिमा रकम दाखिला गरि जेथा दा.खा. गरि नलिएमा धरौटी जफत गरिनेछ। ८. सो जेथा दा.खा. गर्दा लाग्ने राजश्व र अन्य खर्च बोलपत्रवालाले ब्यहोर्नु पर्नेछ। ९. विस्तृत जानकारीका लागि वित्तीय संस्थामा सम्पर्क राख्न सकिनेछ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu.
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Branch Office: Kohalpur, Banke. Tel: 081 542154/174
info@reliancenepal.com.np | www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

NIC ASIA
एन आई सी एशिया बैंक लि.


एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्सः +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सनः २०८/२२२/२२५)
फ्याक्सः +९७७-०१-४२६७६७५

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ८क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. २५६९, ८४८ र ४३२१ को क्षेत्रफल क्रमशः ०-०-६.२५-०, ०-०-१५-० र ०-०-८-० (विगाह) को घरजग्गा ।
२.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. २ क (हाल देवदह न.पा. वडा नं. २) स्थित कित्ता नं. ८३५, ८३६ र ८३७ को क्षेत्रफल क्रमशः ०-२-१४-०, ०-३-१६.७५-० र ०-२-१२-०(विगाह) को जग्गा ।
३.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. १घ (हाल देवदह न.पा. वडा नं. १) स्थित कित्ता नं. ३१२ को क्षेत्रफल ०-२-१०.५०-० (विगाह) को जग्गा ।
४.	यस बैंकको नाममा मालपोत कार्यालय, कावासोती नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, कावासोती गा.वि.स. वडा नं.६ क (हाल कावासोती न.पा. वडा नं.९) स्थित कित्ता नं. १०२१ को क्षेत्रफल ०-०-१५-०.५ (विगाह) को जग्गा ।
५.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेको नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, अमरौड गा.वि.स. वडा नं. २ (हाल रामग्राम न.पा. वडा नं.१४) स्थित कित्ता नं. १६६ को क्षेत्रफल १-५-१५-० (विगाह) को जग्गा ।
६.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, जुडिबेला गा.वि.स. वडा नं. ९ (हाल चन्द्रपुर न.पा. वडा नं. २) स्थित कित्ता नं. १०९९ र १०९८ को क्षेत्रफल क्रमशः ४३१७.५१ र ६०९५.३४ (व.मि.) को जग्गा ।
७.	यस बैंकको नाममा मालपोत कार्यालय बेलबारी मोरङको लगतमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, हरैंचा गा.वि.स. वडा नं. १/ग (हाल सुन्दरहरैंचा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३४५ को क्षेत्रफल ०-१-५-० (विगाह) को जग्गा ।
८.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय लगनखेल ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, सैंबु गा.वि.स. वडा नं. ३ ख (हाल ललितपुर म.न.पा. वडा नं. २५) स्थित कित्ता नं. ५९२ को क्षेत्रफल ०-१५-०-२ (रोपनी) को घरजग्गा ।
९.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लागतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. बडा नं. ५ स्थित कित्ता नं. ५६४२, ५६३८ र ५६४० को क्षेत्रफल क्रमशः ०-५-०-०, ०-१४-३-१ र ०-३-०-३ (रोपनी) को जग्गा ।
१०.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, नरही गा.वि.स. वडा नं. १ (हाल करैयामाई गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११४ को क्षेत्रफल ०-४-०-० (विगाहा) को जग्गा ।
११.	यस बैंकको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, बागेश्वरी तीत्रौना गा.वि.स. वडा नं. ५ (हाल पर्सागढी न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३९ र ४३ को क्षेत्रफल क्रमशः १३५.०० र ४८९५ (व.मि.) को जग्गा ।
१२.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय पर्सा, विरगञ्जको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, लंगडी गा.वि.स.वडा नं.६ (हाल धोवीनी गा.पा.वडा नं.४) स्थित कित्ता नं.८४ को क्षेत्रफल ४३७.५० वर्ग मिटरको घर/जग्गा ।



तपसिल नं. १ मा उल्लेखित सम्पति | तपसिल नं. २ मा उल्लेखित सम्पति | तपसिल नं. ३ मा उल्लेखित सम्पति | तपसिल नं. ४ मा उल्लेखित सम्पति
तपसिल नं. ५ मा उल्लेखित सम्पति | तपसिल नं. ६ मा उल्लेखित सम्पति | तपसिल नं. ७ मा उल्लेखित सम्पति | तपसिल नं. ८ मा उल्लेखित सम्पति
तपसिल नं. ९ मा उल्लेखित सम्पति | तपसिल नं. १० मा उल्लेखित सम्पति | तपसिल नं. ११ मा उल्लेखित सम्पति | तपसिल नं. १२ मा उल्लेखित सम्पति

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल विक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयमले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

■ पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सरकारको प्राथमिकतामा

अर्थमन्त्री डा. महतले भने– पोखरा पर्यटनको ट्रान्जिट बन्नुपर्छ

काठमाडौं/ देशमा एउटा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माणलाई सरकारले प्राथमिकतामा राखेको अर्थमन्त्री डा. प्रकाशशरण महतले बताएका छन्। पोखरा पर्यटन परिषद्को २३औँ वार्षिक साधारणसभालाई सम्बोधन गर्दै उनले बाराको निजगढमा प्रस्तावित अन्तर्राष्ट्रिय विमानस्थल निर्माणलाई प्राथमिकता दिने बताएका हुन्।

सरकारले निजगढमा ४५ सय मिटर लामो रन-वे भएको पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रिया अगाडि बढाएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको डिजाइनसमेत तयार पारेको छ। यसअघि विमानस्थल निर्माणका लागि प्रारम्भिक काम करिब सम्पन्न गर्ने लाग्दा सर्वोच्च अदालतले सम्पूर्ण प्रक्रिया खारेज गरिदिएको थियो। सर्वोच्चकै परमादेशअनुसार सरकारले विज्ञ समूह गठन गरेर देशमा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि सर्वेक्षण गराउँदा निजगढको सोही क्षेत्र सबैभन्दा बढी उपयुक्त हुने ठहर भएको छ। तर, विज्ञ समूहले पेस गरेको प्रतिवेदन लामो समयदेखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको घर्रामा थन्किएको छ।

नेपालमा अहिलेसम्म तीनवटा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आइसकेका छन्। काठमाडौं र भैरहवाको अन्तर्राष्ट्रिय विमानस्थलमा तीन हजार मिटर र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा २५ सय मिटरको रन-वे छ। ठूला कार्गो विमान उडान-अवतरण गर्न र देशलाई अन्तर्राष्ट्रिय ट्रान्जिट हब बनाउन ४५ सय मिटर लामो दुईवटा रन-वेसहितको विमानस्थल आवश्यक पर्ने विज्ञको भनाइ छ।

'अन्तर्राष्ट्रिय पर्यटक वृद्धिका लागि हवाई यातायात महत्त्वपूर्ण हो, काठमाडौंको एयरपोर्ट साँघुरो छ, जतिसुकै धेरै पर्यटक ल्याउँछु भने पनि अन्तर्राष्ट्रिय उडान आउने क्षमतै कम छ,' अर्थमन्त्री डा. महतले भने, 'एउटा अन्तर्राष्ट्रिय विमानस्थल बनाउनैपर्छ, यसलाई हामीले प्राथमिकतामा राखेका छौं, त्यो एयरपोर्ट बनाउन सकियो भने ठूलो संख्यामा पर्यटक भित्र्याउन सकिन्छ।' सँगसँगै, फास्ट ट्र्याक र सिद्धार्थ राजमार्ग बनाउन सकिएमा सडक यातायातबाटै प्रशस्त पर्यटक भित्र्याउन सकिने सम्भवना रहेको पनि उनले औँल्याए।

पोखरा पर्यटनको ट्रान्जिट

अर्थमन्त्री डा. महतले पोखरा पर्यटनको ट्रान्जिट बन्नुपर्ने धारणा राखेका छन्। मुस्ताङ, लमजुङ, चितवन, लुम्बिनी जान पोखरा केन्द्रबिन्दु हुन सक्ने उनको भनाइ छ। 'सरकारले अन्तर्राष्ट्रिय हवाई अड्डामा धेरै ठूलो लगानी गरेको छ, पर्यटन प्रवर्द्धनका लागि लगानी गरिएको हो,' उनले भने, 'अहिले लगानी उठाउन सकिएको छैन, दीर्घकालमा सबै हवाई अड्डाले राम्रो लाभ दिनेछन्।' 'हामी धेरैजसो माग र निर्णय भावनामा बगेर गर्छौं, भावनामा बगेर गरेको लगानीबाट प्रतिफल कसरी लिन सकिन्छ भन्ने चुनौती सरकारसँग रहेको छ,' उनले थपे, 'युद्ध, भूकम्प, कोभिड र रसिया-युक्रेन युद्धले ल्याएको अन्तर्राष्ट्रिय मन्दीबाट हामी गुज्रिएकाले राजस्वमा ठूलो प्रभाव पर्‍यो र अर्थतन्त्रमा शिथिलता देखिएको छ।' भूकम्प र कोभिडबाटै सुरु भएको अर्थतन्त्रको शिथिलता पछिल्लो समय विशिष्ट किसिमले देखिएको भनाइ थियो।

अर्थमन्त्री डा. महतले सबैले सकारात्मक सोच राखेमा अर्थतन्त्र पनि सकारात्मक बाटोतर्फ उन्मुख हुने बताए। उनले भने, 'पोखरा पर्यटन व्यवसायको हब हो, यसलाई कसैले बिगार्न सक्दैन। यसको भविष्य दिगो छ। थोरै समस्या आयो भन्दै हामीले निराशाको कुरा गर्ने हो भने यसले राम्रो गर्दैन।' पुँजीगत खर्च प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने, ठेक्का समयमा लगाइने, ठूलठूला आयोजनाबाहेक सरकारले तीनवर्षे योजना समयमै सम्पन्न गर्ने हिसाबले ठेक्कामा लगाउने प्रतिबद्धता उनले जाहेर गरेका छन्।

'भनेजस्तो पर्यटकको आगमन भएको छैन, बाटोको उस्तै समस्या छ, एयरपोर्टमा अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन, पृथ्वी राजमार्ग समयमै स्तरोन्नति भइसक्नुपर्ने थियो,' डा. महतले भने, 'यसलाई सरकारले गम्भीरताका साथ लिएको छ, बाटो राम्रो हुनेबित्तिकै आन्तरिक पर्यटनमा वृद्धि हुनेछ।'

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्सः +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सनः २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तर को दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र)र ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि पुनः यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा प्रा.फ.र.नं. ३-३५-३८२-१५९६५६/२०७७/७८ अन्तर्गत मिति २०७८/०३/२२ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २२, रन्जना गल्ली स्थित **बाल गणपती इम्पेक्स** **प्रोप्राइटर तथा जमानीकर्ताः ज्ञान्त्रीक कुमारी कलवार** स्थायी ठेगानाः रौतहट जिल्ला, बसन्तपट्टी गा.वि.स. वडा नं. ७ हालको ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० बाबुः रघुनाथ प्रसाद साह कलवार ससुराः चुल्हाई साह कलवार पतिः लालबाबु प्रसाद	१) बन्ती साहको नाती, चुल्हाई साह कलवारको छोरा, रौतहट जिल्ला, बसन्तपट्टी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० बस्ने लालबाबु प्रसादको नाममा मालपोत कार्यालय गौर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, बसन्तपट्टी गा.वि.स. वडा नं. ७ क स्थित कित्ता नं. ८७० को क्षेत्रफल १०१५.९२ (व.मि.)को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) रघुनाथ प्रसाद साह कलवारकी छोरी, चुल्हाई साह कलवारकी बुहारी, लालबाबु प्रसादकी पत्नि, रौतहट जिल्ला, बसन्तपट्टी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० बस्ने ज्ञान्त्रीक कुमारी कलवारको नाममा मालपोत कार्यालय गौर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, बसन्तपट्टी गा.वि.स. वडा नं. ६ स्थित किता नं. ६८७ र ५१६ को क्षेत्रफल क्रमशः १०१५.८९ र ३३८.६४ (व.मि.)को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) बाल गणपती इम्पेक्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) लालबाबु प्रसाद	२) मनिसा कुमारी जयसवाल	३) प्रिन्स कुमार जायसवाल	४) राजा जयसवाल
स्थायी ठेगानाः रौतहट जिल्ला, बसन्तपट्टी गा.वि.स. वडा नं. ७ हालको ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० बाबुः चुल्हाई साह कलवार बाजेः बन्ती साह	स्थायी ठेगानाः रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ६ हालको ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० बाबुः कैलास प्रसाद कलवार ससुराः लालबाबु प्रसाद पतिः प्रिन्स कुमार जयसवाल	स्थायी ठेगानाः रौतहट जिल्ला, बसन्तपट्टी गा.वि.स. वडा नं. ७ हालको ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० बाबुः लालबाबु प्रसाद बाजेः चुल्हाई साह कलवार	स्थायी ठेगानाः रौतहट जिल्ला, बसन्तपट्टी गा.वि.स. वडा नं. ७ हालको ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० बाबुः लालबाबु प्रसाद बाजेः चुल्हाई साह कलवार

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
२)	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बाँकेमा प्रा.फ.नं. १९५/४६९१/०७०/०७१, अन्तर्गत मिति २०७०/१०/१४ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १ स्थित **पुरैना डेरी उद्योग** **प्रोप्राईटर तथा जमानीकर्ताः शिव शंकर उपाध्याय** स्थायी ठेगानाः जाजरकोट जिल्ला, सीमा गा.वि.स. वडा नं. ५ हालको ठेगानाः बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १ बाबुः प्रशाराम उपाध्याय बाजेः हरि दास उपाध्याय	१) हरि दास उपाध्यायको नाती, प्रशाराम उपाध्यायको छोरा, जाजरकोट जिल्ला, सीमा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १ बस्ने शिव शंकर उपाध्यायको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, उढरापुर गा.वि.स. वडा नं. २ (हाल खजुरा गा.पा. वडा नं. ६) स्थित कित्ता नं. २५ र २१२ को क्षेत्रफल क्रमशः १०८५.०० र २४५.०० (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) पुरैना डेरी उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) त्रिपुरा कुमारी उपाध्याय	२) मदन राज उपाध्याय
स्थायी ठेगानाः बाँके जिल्ला, उढरापुर गा.वि.स. वडा नं. २ हालको ठेगानाः बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १ बाबुः अनुलाल उपाध्याय ससुराः प्रशाराम उपाध्याय पतिः शिव शंकर उपाध्याय	ठेगानाः बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १ बाबुः शिव शंकर उपाध्याय बाजेः प्रशाराम उपाध्याय

नोटः ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सुचनाः

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार १९ भदौ ०८०

अमेरिका-नेपाल व्यापार : ग्राह्यता सुविधा पाएपछि सात वर्षमा ५३ अर्ब घाटा

अमेरिकाले ७७ वस्तुलाई भन्साररहित सुविधा दिए पनि नेपालले लाभ उठाउन सकेन


कृष्ण रिजाल/नयाँ पत्रिका

फागुन ०७२ मा अमेरिकी सरकारले विशेष व्यापार ग्राह्यता दिने कानुन ल्याएर नेपालका ६६ वस्तुलाई भन्साररहित सुविधा दियो। त्यसको एक वर्षपछि भन्साररहित सुविधा पाउने सूचीमा ११ वस्तु थपिए। व्यापार ग्राह्यता पाएपछि अमेरिकामा नेपालको निर्यात उच्चदरमा बढ्ने अपेक्षा गरिएको थियो। तर, अवसर र अपेक्षाविपरीत ग्राह्यता सुविधा पाएको सात वर्षमा अमेरिकासँगको नेपालको व्यापार झन्डै ५४ अर्ब रुपैयाँले घाटामा गएको देखिएको छ।

ग्राह्यता सुरु भएको आर्थिक वर्ष ०७२/७३ देखि गत आर्थिक वर्ष ०७९/८० सम्म नेपालले अमेरिकामा ९८ अर्ब ९५ करोडबराबरका वस्तु निर्यात गरेको छ। जबकि, यही अवधिमा नेपालले अमेरिकाबाट एक खर्ब ५२ अर्ब ८७ करोडबराबरको वस्तु आयात गरेको छ। सात वर्षमा भएको दुई खर्ब ५१ अर्ब ८२ करोडबराबरको कुल व्यापारमा नेपाललाई ५३ अर्ब ८९ करोड घाटा भएको हो। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले गरेको एक अध्ययनका अनुसार अमेरिकामा हुने कुल निर्यातमा भन्सार सुविधा पाएका ७७ वस्तुको हिस्सा जम्मा ३.८ प्रतिशत मात्रै रहेको छ।

अमेरिकाबाट प्राप्त व्यापार ग्राह्यताको सुविधा उपयोग गर्न नेपाल चुकिरहेको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक शरदविक्रम राणाले बताए। 'अमेरिकातर्फ हुने कुल निर्यातमा ग्राह्यता सुविधा प्राप्त भएका वस्तुको हिस्सा ४-५ प्रतिशत मात्रै रहेको देखिन्छ,' उनले भने, 'हामीले सम्भावना र अवसरको सदुपयोग गर्न सकेका छैनौं।' यसले सुविधा पाएर मात्रै नहुने, आफ्नै क्षमता नै बढाउनुपर्ने पाठसमेत मिलेको उनको भनाइ छ।

खासगरी नेपालको निर्यात क्षमता कमजोर भएकै कारण उक्त सुविधा उपयोग गर्न नसकिएको उनले बताए। 'एकातर्फ हाम्रो निर्यात क्षमता कमजोर छ, उत्पादन कम छ, लागत बढी छ,' उनले भने, 'अर्कातर्फ अमेरिकाले सम्झौताअनुसार हाम्रो उत्पादन र निर्यात क्षमता अभिवृद्धिमा सघाएको देखिएन, जसले गर्दा नेपालले प्राप्त सुविधा उपयोग गर्न सकेन।'



■ पछिल्ला सात वर्षमा नेपाल र अमेरिकाबीच भएको व्यापार (रु. करोडमा)

आर्थिक वर्ष	आयात	निर्यात	व्यापार सन्तुलन
०७२/७३	८५९	९२०	६१
०७३/७४	८४६	८९६	४९
०७४/७५	९८९	९१६	-७३
०७५/७६	१३४२	१०८४	-२५७
०७६/७७	२३५४	९४४	-१४१०
०७७/७८	१९५०	१३७९	-५७०
०७८/७९	५००५	१७९९	-३२०५
०७९/८०	१९४२	१९५७	१५
०८०/८१ को पहिलो महिना	१०९	१७७	६८

स्रोत : भन्सार विभाग

निर्यात सम्भावना भएका वस्तुहरूले ग्राह्यता नपाउनु र ग्राह्यता पाएका वस्तुको निर्यात सम्भावना कम हुनुले नेपालले अमेरिकाबाट प्राप्त भन्सारहित सुविधाको उपयोग गर्न नसकेको तयारी पोसाक उद्योग संघका अध्यक्ष पशुपतिदेव पाण्डेले बताए। 'निर्यात सुविधा उपयोग नै नगरेको भन्ने होइन, धेरथोर उपयोग भएको छ,' उनले भने, 'अहिले सल, टोपीलगायत वस्तु निर्यात भइरहेका छन्, यदि सट, पाइन्ट, हाफपाइन्टलगायत वस्तुले समेत ग्राह्यता सुविधा पाउने हो भने निर्यात बढाउन सकिन्थ्यो।'

■ पुनरुत्थानका लागि प्राप्त सुविधा उपयोग भएन

अमेरिकाले भूकम्पपछि नेपालको आर्थिक पुनरुत्थानमा सघाउने भन्दै फागुन ०७२ मा विशेष व्यापार ग्राह्यता (स्पेसल ट्रेड प्रेफरेन्स) दिने कानुन ल्याएर नेपाली उत्पादनलाई अमेरिकी बजारमा सहज पहुँच दिएको थियो। ग्राह्यता सुरु भएको आर्थिक वर्ष ०७२/७३ मा अमेरिकासँग नेपालको व्यापार ६१ करोडले नाफामा थियो। अर्को आर्थिक वर्ष ०७३/७४ मा अमेरिकासँगको व्यापार ४९ करोडले नाफामै रह्यो। त्यसपछिका पाँच आर्थिक वर्ष भने अमेरिकासँगको व्यापार निरन्तर घाटामा गयो। नेपालले आव ०७४/७५ मा ७३ करोड घाटा व्यहोरेको थियो। आव ०७८/७९ मा आइपुग्दा अमेरिकासँगको व्यापार घाटा बढेर ३२ अर्ब पुग्यो। गत आव ०७९/८० मा भने व्यापार सन्तुलन देखिएको छ। उक्त आवमा नेपालले अमेरिकासँगको व्यापारमा १५ करोड नाफा आर्जन गरेको छ। त्यस्तै, चालू आवको पहिलो महिनामा पनि नेपालको व्यापार ६८ करोडले नाफामा देखिन्छ।

भूकम्पले क्षतिग्रस्त नेपालको आर्थिक पुनरुत्थानका लागि अमेरिकाले भन्साररहित सुविधा दिएको हो। तर, नेपालले त्यसको लाभ लिन सकेन। पछिल्ला दुई-तीन वर्षचाहिँ कोभिड महामारी र रुस-युक्रेन युद्धले समेत निर्यात व्यापार प्रभावित पारेको राणाले बताए।

■ म्याद सकिन करिब दुई वर्ष बाँकी

व्यापार ग्राह्यता सुविधाको म्याद ३१ डिसेम्बर २०२५ सम्म रहेको छ। बाँकी दुई वर्षभित्र ७७ वस्तुको निर्यात बढाउन अमेरिकाको समेत सहयोगमा वस्तु विकासदेखि गुणस्तर वृद्धि, प्याकेजिङलगायत कार्यक्रम सञ्चालन गर्नुपर्ने टिइपिसीका कार्यकारी निर्देशक राणा बताउँछन्। 'अहिले पनि अमेरिकाले नेपालको निर्यात तथा उत्पादन क्षमता वृद्धिका लागि युएसएडमार्फत सहयोग गरिरहेको छ, तर युएसएडले निजी कम्पनी-संस्थामार्फत सुविधा परिचालन गर्दा त्यसले परिणाम दिन सकेको छैन,' उनले भने, 'उद्यमशीलता विकास, सीप विकासदेखि अमेरिकामा बजार खोज्नेसम्मका काम गरेर क्षमता वृद्धि गर्नुपर्ने देखिन्छ।'

उत्पादन लागत घटाउने, प्रक्रियागत सहजीकरण गर्ने एवं निर्यातमा दिइने अनुदान बढाउने हो भने मात्रै अमेरिकाले दिएको सुविधा उल्लेखनीय रूपमा उपयोग गर्न सकिने संघका अध्यक्ष पाण्डे बताउँछन्। 'मल्टिफाइबर एग्रिमेन्टअन्तर्गत कोटा हुँदा अमेरिकीहरू आफैं यहाँ आएर गार्मेन्ट खोज्थे, हामी जानै पर्दैनथ्यो, उनीहरूलाई ३५ प्रतिशतसम्म नाफा थियो,' उनले भने, 'तर, अहिले अमेरिकी आयातकर्ता आकर्षित हुन सकेका छैनन्, भन्साररहित त भयो, तर लागत बढी भयो।'

गैरआवासीय नेपालीले दोस्रो बजारमा लगानी गर्न छुट्टै नियमावली बनाउनुपर्ने

नयाँ पत्रिका

गैरआवासीय नेपालीलाई पुँजी बजारमा लगानी गर्न छुट्टै नियमावली बनाउन अध्ययन समितिले सुझाव दिएको छ। गत १२ चैतमा बसेको नेपाल धितोपत्र बोर्ड सञ्चालक समितिको बैठकले कुमार काफ्लेको संयोजकत्वमा बनाएको अध्ययन समितिले बोर्डसमक्ष प्रतिवेदन बुझाएको हो। प्रतिवेदनमा एनआरएनलाई दोस्रो बजार लगानी खुला गर्न छुट्टै विनियमावली बनाउनुपर्ने सुझाव दिएको अध्ययन समितिका एक सदस्यले बताए। उनका अनुसार सुझाव समितिले गैरआवासीय नेपालीले कम्पनी रजिस्टार कार्यालयबाट नभई धितोपत्र बोर्डबाट मात्रै कानुन संशोधन गरेर जानुपर्ने सुझाव दिएको हो। हाल वैदेशिक लगानी ल्याउनका लागि कम्पनी उद्योग विभागमा दर्ता हुनुपर्ने कानुनी व्यवस्था केवाइसी फाराम भर्नुपर्ने व्यवस्थामा अनलाइनबाट पनि भर्न मिल्ने दफा थप्नुपर्ने भएको हो।

समितिले तयार गरेको प्रतिवेदनमा दोस्रो बजारमा कारोबार गर्ने एनआरएनले त्यसका लागि मात्र एउटा छुट्टै खाता खोल्नुपर्नेछ। सो खातामा भएको रकम सेयरबाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाइनेछैन। सो खाताको रिपोर्टिङ राष्ट्र बैंक र बोर्डलाई दिनुपर्नेछ।

वाणिज्य बैंकहरूलाई कस्टोडियन मेम्बर बैंक (सम्पत्तिको संरक्षक बैंक) तोक्नुपर्ने भनिएको छ। समितिले नेपालमा भएका सबै वाणिज्य बैंकलाई सो बैंकको सदस्य बनाउन सुझाव दिएको छ। 'हामीले बोर्डलाई कस्तो नियमावली बनाउने भन्ने विषयमा सुझाव मात्र दिएका छौं। लगानी भित्र्याउन रोक्ने कानुन

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

छ। एक सदस्यले भने, 'एनआरएनले कति समयपछि लगानी फिर्ता लैजान पाउनुपर्ने भनेर टुंगो लगाउने र कानुन बनाएर खुला गर्नुपर्नेछ।'

डिम्याट खाता तथा केवाइसी फाराम अनलाइनबाटै भर्न पाउने व्यवस्था संशोधन तथा थप गर्नुपर्ने सुझाव पनि समितिले दिएको छ। त्यस्तै, डलर खाताबाटै डिम्याट खोल्न पाउने व्यवस्था गर्न सुझाव दिइएको हो।

समितिको प्रतिवेदनअनुसार धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावलीमा एउटा दफा थप गर्नुपर्नेछ। अहिले भौतिक रूपमा नै उपस्थित भएर सुधारका लागि सुझाव दिएका छौं,' समितिका एक सदस्यले भने, 'विदेशी लगानी तथा हस्तान्तरणसम्बन्धी ऐन तथा धितोपत्र दर्ता तथा निष्कासन नियमावली संशोधनलाई प्राथमिकतामा राखिएको छ।'

एनआरएनले सेयर बजारमार्फत आर्जन गरेको नाफा एकैपटक लैजान नपाउने व्यवस्था कायम गर्न पनि समितिले सुझाव दिएको छ। एनआरएनले दोस्रो बजारमा कारोबार गरेर कमाएको रकमको एक वर्षमा २० प्रतिशत वा नियामक निकायले तोकेबराबर मात्र लैजान पाउने व्यवस्था गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

घरजग्गा कारोबारसम्बन्धी कर्जा ६४% घट्यो

तर, अपार्टमेन्ट निर्माण, प्लटिङ र कम्प्लेक्समा जाने कर्जामा उच्च वृद्धि

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बैंकिङ क्षेत्रमा देखिएको तरलता अभाव, आर्थिक शिथिलता तथा घरजग्गा कारोबारमा आएको मन्दीका कारण गत आर्थिक वर्ष ०७९/८० मा घरजग्गा कारोबारमा जाने कर्जा प्रवाह पनि घटेको छ। आव ०७८/७९ मा घरजग्गा कारोबारमा ८४ अर्ब १७ करोडबराबरको कर्जा प्रवाह भएको थियो। तर, गत आवमा यस शीर्षकमा प्रवाह भएको कर्जा करिब ६४ प्रतिशतले घटेर ३१ अर्ब ५० करोडमा सीमित भएको राष्ट्र बैंकले जनाएको छ।

साथै, बक्यौताका आधारमा पनि यस्तो कर्जाको वृद्धिदर घटेको देखिन्छ। गत आवमा घरजग्गा कारोबार (रियल इस्टेट)मा जाने कर्जा औसत ५.५६ प्रतिशतले बढेको छ। अघिल्लो आव ०७८/७९ मा भने यस्तो कर्जा प्रवाह १७.४६ प्रतिशतले बढेको थियो।

असार ०७९ सम्म घरजग्गा कारोबारसम्बन्धी कुल कर्जा कुल पाँच खर्ब ६६ अर्ब पाँच करोड ३८ लाख कर्जा प्रवाह भएको थियो। असार ०८० सम्म आउँदा त्यो ५.५६ प्रतिशतले बढेर पाँच खर्ब ९७ अर्ब ५६ करोड ३४ लाख रुपैयाँ पुगेको छ। असार ०७८ सम्म यस क्षेत्रमा कुल चार खर्ब ८१ अर्ब ८७ करोड ७५ लाख रुपैयाँ कर्जा प्रवाह भएको थियो। त्यसमा ०७८/७९ मा ८४ अर्ब १७ करोड ६३ लाख रुपैयाँ थपिएको थियो। डेढ करोड सीमाको व्यक्तिगत घर कर्जा र रियल इस्टेट लोन गरेर यस्तो कर्जालाई दुई शीर्षकमा विभाजन गरिएको छ।

त्यसमा गत आवमा डेढ करोड सीमाको व्यक्तिगत घर कर्जा प्रवाह १० अर्ब ३२ करोड रहेको छ। अघिल्लो आव ०७८/७९ मा भने त्यो ३९ अर्ब ५३ करोड थियो।

■ व्यावसायिक भवन, अपार्टमेन्ट र जग्गा प्लटिङ कर्जा बढ्यो

गत आवमा व्यावसायिक भवन, अपार्टमेन्ट र जग्गा प्लटिङमा जाने कर्जा भने उच्चदरमा बढेको छ। समग्रमा घरजग्गा कारोबारसम्बन्धी कर्जा प्रवाह सुस्ताए पनि व्यावसायिक भवन, अपार्टमेन्ट र जग्गा प्लटिङमा जाने कर्जा प्रवाह २२.८ प्रतिशतले बढेको छ।

असार ०७९ सम्म २५ अर्ब २६ करोड रहेको कर्जा गत आवसम्म आउँदा ३१ अर्ब दुई करोड ८९ लाख पुगेको छ। यसैगरी, आम्दानी गर्ने व्यावसायिक भवनमा जाने कर्जा भने ५३ प्रतिशतले बढेको छ। अघिल्लो आव ०७८/७९ सम्म त्यस क्षेत्रमा जाने कर्जा सात अर्ब ५३ करोड ३३ लाख रहेको थियो। असार ०८० सम्म आउँदा त्यो ११ अर्ब ५७ करोड ७५ लाख पुगेको छ। यसैगरी, जग्गा प्लटिङमा जाने कर्जा पनि २५.२ प्रतिशतले बढेर ४५ अर्ब ३३ करोड ८७ लाख रुपैयाँ पुगेको छ। असार ०७९ सम्म यस्तो कर्जा ३६ अर्ब २१ करोड ७१ लाख रुपैयाँ रहेको थियो।

कर्जा शीर्षक	असार ०७८ सम्म	असार ०७९ सम्म	असार ०८० सम्म
व्यक्तिगत घर कर्जा (डेढ करोड सीमा)	२९८२६०.६	३३७७९९.०	३४८१२१.३
आवासीय रियल इस्टेट	४६५३०.५	६२०४४.०	६५५१४.७
कर्मसियल कम्प्लेक्स तथा अपार्टमेन्ट निर्माण	१९००८.९	२५२६२.५	३१०२८.९
आम्दानीमा आधारित व्यावसायिक भवन	९३३८.९	७५३३.३	११५७७.५
अन्य (प्लटिङसहित)	१०८७३८.६	१३३४१५.०	१४१३२०.९

कुन शीर्षकमा कति कर्जा (रु. १० लाखमा)

बक्यौताका आधारमा यस्तो कर्जा प्रवाह ३.१ प्रतिशतले मात्रै बढेको छ। ०७९ असार मसान्तसम्म तीन खर्ब ३७ अर्ब ७९ करोड रहेको यस्तो कर्जा गत असारसम्म आउँदा तीन खर्ब ४८ अर्ब १२ करोड पुगेको छ।

यस्तै, गत आवमा रियल इस्टेट कर्जा पनि घटेको छ। आव ०७८/७९ मा रियल इस्टेटमा ४४ अर्ब ६३ करोड ७९ लाख कर्जा प्रवाह भएको थियो। तर, गत आवमा त्यसको आधाभन्दा पनि कम अर्थात् २१ अर्ब १८ करोडबराबरको यस्तो कर्जा प्रवाह भएको देखिन्छ। बक्यौताका आधारमा रियल इस्टेट कर्जा ९.३ प्रतिशतले बढेको छ। असार ०७९ मा दुई खर्ब २८ अर्ब २५ करोड रहेको यस्तो कर्जा गत असारसम्म आउँदा दुई खर्ब ४९ अर्ब ४४ करोड पुगेको छ। अघिल्लो आव ०७८/७९ मा यो कर्जा २४.३ प्रतिशतले बढेको थियो। त्यसअघि असार ०७८ सम्म यस्तो कर्जा एक खर्ब ८३ अर्ब ६१ करोड ६९ लाख रुपैयाँ रहेको थियो।

सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) निश्चलराज पाण्डेले माग न्यून भएका कारण रियल इस्टेट कर्जा प्रवाह प्रभावित भएको बताए। साथै, बैंकहरूमा पनि तरलता अभाव भएको, कर्जाको ब्याजदर पनि उच्चजस्ता कारण पनि कर्जा प्रवाहमा संकुचन आएको पाण्डे बताउँछन्।

३,१८४ उद्योग स्थानीय सरकारलाई हस्तान्तरण

जुम्ला/ जुम्लाका वाणिज्य फर्म र उद्योग स्थानीय सरकारलाई हस्तान्तरण गरिएको छ। उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय जुम्लाका १० लाखभन्दा कम पुँजी भएका दुई हजार आठ सय ९२ फर्म र पाँच लाखभन्दा कम पुँजी भएका दुई सय ९२ उद्योग स्थानीय सरकारलाई हस्तान्तरण गरिएको हो।

कार्यालयले जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्य र प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेको रोहवरमा स्थानीय तहलाई हस्तान्तरण गरेको हो। कार्यालय प्रमुख श्रीकृष्ण देवकोटाले १० लाखसम्म पुँजी भएका वाणिज्य फर्म र पाँच लाखसम्म पुँजी भएका उद्योगहरू नवीकरणसहित सञ्चालन गर्न स्थानीय सरकारलाई हस्तान्तरण गरिएको बताए। उनले भने, 'स्थानीय तहलाई नवीकरण मात्रै नभई सो लगानी भएका उद्योग र वाणिज्य फर्म दर्ताका लागि पनि हस्तान्तरण गरिएको छ।'

स्थानीय तहलाई वाणिज्य र उद्योग फर्म हस्तान्तरण कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले सेवाग्राहीलाई सजिलो र सरकारको राजस्वमा वृद्धि गर्न स्थानीय सरकारलाई हस्तान्तरण गरिएको हो। उनले भने, 'स्थानीय तहमा हस्तान्तरण भएका उद्योग स्थानीय सरकारको अपनत्वमा रहनु निकै राम्रो छ। यसले स्थानीय तहमा कार्यान्वयन गर्न आवश्यक रहेको छ।'

ग्लोबल आइएमई बैंक लिमिटेडका

कार्यालयहरू स्थानान्तरण हुने सम्बन्धी जरूरी सूचना

यस बैंकका निम्न स्थानमा संचालित शाखा कार्यालय साबिकको स्थानबाट स्थानान्तरण भई नयां परिसरबाट देहायको मिति २०८० भदौ २४ गते देखि सञ्चालन हुने भएको हुंदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै साबिकको शाखा कार्यालयमा रहेका ग्राहक महानुभावका लकर समेत स्थानान्तरण भएको शाखा कार्यालयमा स्थानान्तरण गरी सेवा सुचारु रहने व्यहोरा समेत जानकारी गराउंदछौं।

साबिक शाखाको ठेगाना	स्थानान्तरण हुने शाखाको ठेगाना	हालको शाखा कार्यालयबाट दुरी	शाखा स्थान्तरण हुने मिति
देवदह ०५, रुपन्देही	देवदह ०७, रुपन्देही	२०० मि.	२०८०/०५/२४

साथै साबिकको शाखा कार्यालयबाट लकर सुविधा उपभोग गरिरहनु भएका ग्राहक महानुभावहरुले आफ्नो लकरमा कुनै टुटफुट हुने सामानहरु राख्नु भएको भए लकर सार्नु अगावै (मिति २०८० भदौ २२ गते शुक्रबारका दिन सम्म) भित्र निकाल्नुहुन बिनम्र अनुरोध गर्दछौं, अन्यथा लकर स्थानान्तरण गर्दा लकरमा भएका सामानहरुमा कुनै क्षति पुरन गएमा बैंक जिम्मेवार नरहने व्यहोरा पनि जानकारी गराउंदछौं।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ प्राप्त

विश्वव्यापी साइबर सुरक्षा सूचकांक स्कोर ८० प्रतिशत पुऱ्याउने नेपालको लक्ष्य

मुना कुँवर/नयाँ पत्रिका

सरकारले विश्वव्यापी साइबर सुरक्षा सूचकांक स्कोर ८० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आगामी १५ वर्षमा सो लक्ष्य हासिल गर्ने उद्देश्यसहित शुक्रबार राष्ट्रिय साइबर सुरक्षा नीति २०८० जारी गरेको छ। अहिले नेपालको विश्वव्यापी साइबर सुरक्षा सूचकांक स्कोर ४४.९९ प्रतिशत रहेको छ। मन्त्रालयले आगामी पाँच वर्षभित्र ६० प्रतिशत र १० वर्षमा ७० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ।

मुलुकभित्र दक्ष जनशक्ति नहुँदा समय-समयमा प्राविधिक चोरी, डकैत तथा अन्य समस्याहरूको समाधान गर्न कठिनाइ भएको मन्त्रालयले जनाएको छ। त्यसैले यसलाई नियन्त्रण गर्न मन्त्रालयले राष्ट्रिय साइबार सुरक्षा नीति २०८० जारी गरेको हो। सुरक्षा नीतिमा मन्त्रालयले पाँचवटा लक्ष्य र नौवटा रणनीति बनाएको छ। सुरक्षित साइबर स्पेस निर्माणका लागि कानुनी र संस्थागत व्यवस्था गर्नु, साइबर आक्रमणको जोखिम न्यूनीकरण गर्दै संवेदनशील राष्ट्रिय पूर्वाधार संरक्षण गर्नु, साइबर सुरक्षा क्षेत्रमा अनुसन्धान जनशक्ति उत्पादन एवं कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्नु, डिजिटल प्रणालीबाट प्रवाह हुने सेवालाई विश्वसनीय र सुरक्षित बनाउनु र साइबर सुरक्षासम्बन्धी जोखिम न्यूनीकरणका लागि द्विपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग आदान-प्रदान गर्ने नीतिको उद्देश्य छ।

मन्त्रालयले नीति कार्यान्वयनका लागि सञ्चारमन्त्रीको अध्यक्षतामा एक निर्देशक समिति गठन गर्ने व्यवस्था गरेको छ। सञ्चार मन्त्रालयका सहसचिवको संयोकजत्वमा १६ सदस्यीय राष्ट्रिय साइबर सुरक्षा कार्यान्वयन समिति गठन गरिनेछ।

■ साइबर सुरक्षा बिमाको व्यवस्था गरिने

सञ्चार मन्त्रालयले साइबर सुरक्षा बिमाको व्यवस्था गरिने जनाएको छ। साइबर आक्रमण तथा अपराधबाट हुने जोखिम बहन गर्न साइबर सुरक्षा बिमाको व्यवस्था गरिने मन्त्रालयले जारी गरेको साइबार सुरक्षा नीतिमा उल्लेख गरेको छ। अन्तर्राष्ट्रिय मापदण्डसमेत आधारमा राष्ट्रिय साइबर सुरक्षा फ्रेमवर्क तर्जुमा गरिनेछ। गुणस्तरीय सफ्टवेयर, हार्डवेयर नेटवर्क डिभाइसको निर्माण लागत तथा प्रयोगसम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने नीतिमा उल्लेख छ।

त्यस्तै, मन्त्रालयले सूचना तथा सञ्चार प्रविधि प्रणाली सुरक्षा गर्न संस्थागत संरचना निर्माण एवं सुदृढीकरण गर्ने रणनीति तयार पारेको छ। यसका लागि साइबर सुरक्षाको विषयमा अनुसन्धान तथा विकासलगायतका कार्यलाई नियमन गर्न राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गरिनेछ। सूचना प्रविधि विभागको कार्यक्षेत्र विस्तार गरिनेछ। डिजिटल पूर्वाधारको विकास गरिनेछ। सरकारी नेटवर्क निर्माण गरिनेछ। साइबर सुरक्षासम्बन्धी राष्ट्रिय आकस्मिक योजना तयार गरी कार्यान्वयन गरिनेछ। साथै, संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यका लागि साइबर सुरक्षा सूचना संयन्त्र निर्माण गरिनेछ।

■ इथिकल ह्याकिङलाई प्रोत्साहन गरिने

सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले इथिकल ह्याकिङलाई प्रोत्साहन गर्ने भएको छ। मन्त्रालयको संवेदनशील राष्ट्रिय पूर्वाधारहरूको पहिचान गरी संरक्षण गर्ने रणनीतिअनुसार ह्याकिङलाई प्रोत्साहन गरिने जनाएको हो। व्यक्तिको अनलाइन पहिचानको सुरक्षा एवं डेटा सुरक्षासम्बन्धी व्यवस्था गरिने सुरक्षा नीतिमा उल्लेख छ। चोरीसम्बन्धी सूचनाको प्रतिवेदन राष्ट्रिय साइबर सुरक्षा केन्द्रमा गर्नुपर्ने व्यवस्था गरिनेछ। सरकारी निकायहरूको एप्लिकेसन सफ्टवेयर र इमेलमा विद्युतीय हस्ताक्षरको प्रयोगलाई प्रोत्साहन गरिनेछ। संवेदनशील सेवाप्रदायक समेटिने गरी वार्षिक रूपमा राष्ट्रिय साइबर ड्रिल आयोजना गरिनेछ।

नेपालमा पहिलोपटक ०२८ सालको राष्ट्रिय जनगणनाको तथ्यांक प्रशोधनका क्रममा कम्प्युटर प्रविधिको प्रयोग भएको हो। ०३१ सालमा कम्प्युटरसँग सम्बन्धित पहिलो संस्था सेन्टर फर इलेक्ट्रोनिक डेटा प्रोसेसिङको स्थापना भयो। जसको नाम पछि परिवर्तन भएर राष्ट्रिय कम्प्युटर केन्द्र भएको हो। राष्ट्रिय सञ्चार नीति २०४९, दूरसञ्चार ऐन २०५३ र दूरसञ्चार नियमावली २०५४ लागू भएपश्चात् मुलुकमा दूरसञ्चार क्षेत्र खुला एवं प्रतिस्पर्धी युगमा प्रवेश गरेको हो। ०५७ सालमा लागू भएको सूचना प्रविधि नीतिले सूचना प्रविधिलाई देश विकासको बहत्तर लक्ष्य हासिल गर्ने औजारका रूपमा स्थापित गर्ने अवधारणा अघि सारेको थियो।

हार्डफोर्ड बचत तथा ऋण सहकारी संस्था लि.
काठमाडौंको चौधौं वार्षिक साधारणसभाको सूचना

संचालक समितिको मिति २०८०/०५/१७ को निर्णयानुसार यस संस्थाको चौधौं वार्षिक साधारण सभा मिति २०८० साल आश्विन ६ गते (Sep. 23, 2023) शनिवारका दिन बिहान ८:०० बजे वाट तर्फशिलका विषयहरूमा छलफल तथा निर्णयका लागि दियो बैकेट का.म.न.पा. वडा नं. ४, आनन्दनगर, धुम्बाराहीमा बस्ने भएको हुँदा सम्पूर्ण सदस्यज्यूहरूको उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

साधारण सभामा छलफल तथा निर्णय हुने विषयहरू:

१) संचालक समितिको आ.ब. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल तथा अनुमोदन गर्ने बारे,
२) लेखा समितिको आ.ब. २०७९/०८० को प्रतिवेदन उपर छलफल तथा अनुमोदन गर्ने बारे,
३) आ.ब. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन उपर छलफल तथा अनुमोदन गर्ने बारे,
४) आ.ब. २०८०/०८१ को प्रस्तावित बजेट तथा कार्यक्रमहरू उपर छलफल तथा अनुमोदन गर्ने बारे,
५) आ.ब. २०८०/०८१ को लागि लेखा परीक्षकको नियुक्ती गर्ने तथा पारिश्रमिक तोक्ने बारे,
६) नीति तथा कार्यविधीहरू अनुमोदन गर्ने बारे,
७) संस्था एकिकरण गर्ने बारे,
८) संस्थाको घर जग्गा खरिद बिक्री गर्ने बारे,
९) संचालक समिति तथा लेखा समितिको निर्वाचन गर्ने बारे (निर्वाचन कार्यक्रम संस्थाको कार्यालयमा प्रकाशित गरिने छ)
१०)साधारण सभाको निर्णय पुस्तीकामा प्रमाणित गर्न सदस्य प्रतिनिधिहरूको मनोनयन गर्ने बारे र,
११) विविध विषयहरूमा छलफल गर्ने।

हार्डफोर्ड बचत तथा ऋण सहकारी संस्था लि.
काठमाडौं
फोन नं. ०१-४८१३३५२

जगदम्बाले सुरु गर्‍यो प्राइम बिलेट उत्पादन

काठमाडौं/ जगदम्बा इन्टरप्राइजेज प्रालिले अत्याधुनिक एलआरएफ (ल्याडल रिफाइनिङ फर्नेस) प्रविधिमार्फत प्राइम बिलेट उत्पादन सुरु गरेको छ। कम्पनीले भूकम्प प्रतिरोधी डन्डी बनाउन प्रयोग हुने प्राइम बिलेट नेपालमै पहिलोपटक उत्पादन सुरु गरेको हो।

भूकम्पले निकै ठूलो प्रभाव पारेको नेपालमा एफई ५०० डी गुणस्तरको फलामे डन्डीको माग र प्रयोग बढ्दो क्रममा रहेको कम्पनीले जनाएको छ।

एफई ५०० डी डन्डी भूकम्प प्रतिरोधात्मक हुने र यस्तो डन्डी केवल प्राइम बिलेटबाट मात्र बन्ने कम्पनीको दाबी छ। कम्पनीले हाल जगशक्ति गोल्ड ब्रान्डमा एफई ५०० डी डन्डीको उत्पादन एवं बिक्री-वितरण गर्दै आएको जनाएको छ।

वीरगन्ज-पथलैया औद्योगिक करिडोरको चोर्नीमा रहेको कम्पनीले जिआई पाइप, ब्ल्याक पाइप, त्युबुलार र पोल, हाइमास्ट पोल, फेब्रिकेसन तथा अन्य विभिन्न किसिमका फलामजन्य वस्तुहरूको उत्पादन गर्दै आएको जनाएको छ।

अरुण बहुद्देश्यीय सहकारी संस्था लिमिटेड

दर्ता नं.६९७/०५७

(सहकारी ऐन २०४८ अन्तर्गत स्थापित)

शान्तिनगर, काठमाडौं ३१, फोन नं. ०१-४१०७७९०

श्री जित मेहर न्याछ्यो श्रेष्ठकी नातिनी श्री बुद्धि बहादुर न्याछ्यो श्रेष्ठकी छोरी श्री हस्त बहादुर श्रेष्ठकी पत्नी श्रीमती कमला देवी न्याछ्यो श्रेष्ठ का हकवालाहरुलाई ३५ दिने सार्बजनिक सूचना :

यस संस्थाबाट ऋणि **श्रीमती कमला देवी श्रेष्ठ** (काठमाडौ महानगरपालिका वडा नं.१० (बिजुलीबजार)काठमाडौं)ले लिएको कर्जाको यस संस्थासंग गरेको शर्त सम्झौता बमोजिम समय समयमा बुझाउनु पर्ने साँवा,ब्याज लगायत अन्य दस्तुर आदि नतिरी, नबुझाई संस्थासंग गरेको कर्जा सम्बन्धि शर्त, सम्झौता, बन्देजहरु उल्लङ्घन गरेकोले संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्न श्री मालपोत तथा भूमिसुधार कार्यालय काठमाडौं, डिल्लीबजारमा निजको नाममा दर्ता कायम रहेको का.म.न.पा. वडा नं.१०, कि.नं.२८५ को ०-६-२-२ रोपनी (२१०६५व.मी) जग्गा र सो जग्गामा निर्मित घर समेतको संस्थाबाट गरिएको लिलाम बिक्रिको प्रकृयामा श्री उच्च अदालत पाटनबाट मिति २०८०/०५/१३ मा ३५ दिन भित्र ऋणिका हकवाला उपस्थित भई सहकारीलाई बुझाउनु पर्ने सम्पूर्ण रकम बुझाएको अवस्थामा कानून बमोजिम हुने हुँदा सो अवस्थामा बाहेक ३५ दिन पछि धितो रोक्का रहेको जग्गा लिलाम सकार गर्नेको नाममा दा.खा.नामसारी गर्ने आदेश भएकाले ऋणि श्रीमती कमला देवी न्याछ्यो श्रेष्ठको हकवालाहरु जो जो जहांजहां हुनु हुन्छ मिति २०८०/०५/१७को ३५ दिन भित्र संस्थामा उपस्थित भई संस्थालाई बुझाउनु पर्ने साँवा,ब्याज,हर्जाना लगायत अन्य दस्तुर आदि बुझाउन हुन यो सार्बजनिक सूचना प्रकाशित गरिएको छ। अन्यथा, उक्त धितो रहेको घर,जग्गा लिलाम सकार गर्नेको नाममा दा.खा.नामसारी भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०/०५/१९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत जमानतकर्ताको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरूको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो जमानी दिनु हुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

क्र.स.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	धितो लेखिदिएको सम्पत्तिको विवरण
१	ओभरड्राफ्ट सुविधा	**ऋणीको नामः लक्ष्मी पुजा ज्वैलर्स** (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग कार्यालय भीमदत्तनगर,कञ्चनपुरमा दर्ता रहेको) दर्ता नं.: ८८/१५०८/०६६/०६७ दर्ता मिति : २०६६/०७/२० स्थायी लेखा नं.: ३०३८३१६०२ ठेगानाः कञ्चनपुर जिल्ला, झलारी न.पा. वडा नं. ७ । **प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः** **अजय विश्वकर्मा** ना.प्र.प.नं (जारी मिति/स्थान): ९०४०५३६२(२०५६/०९/१०/कञ्चनपुर) बाजेको नामः कुरे कामी बाबुको नामः भक्त बहादुर विश्वकर्मा ठेगानाः कञ्चनपुर जिल्ला, सुडा गा.वि.स. वडा नं. ३ । **व्यक्तिगत जमानतकर्ताहरू:** **१. ज्ञानु विश्वकर्मा** ना.प्र.प.नं (जारी मिति/स्थान): ९०४०१४०२(२०६०/०८/१५/कञ्चनपुर) बाबुको नामः शेर बहादुर लामिछाने ससुराको नामः भक्त बहादुर विश्वकर्मा पतिको नामः अजय विश्वकर्मा ठेगानाः कञ्चनपुर जिल्ला, सुडा गा.वि.स. वडा नं. ३ । **२. आकाश घिमिरे** ना.प्र.प.नं (जारी मिति/स्थान): ७५१०२२/२८६४९(२०७३/०१/२४/कञ्चनपुर) बाजेको नामः भक्त बहादुर विश्वकर्मा बाबुको नामः अजय विश्वकर्मा ठेगानाः कञ्चनपुर जिल्ला, झलारी पिपलाडी न.पा. वडा नं. १० ।	कुरे कामीको नाति, भक्त बहादुर विश्वकर्माको छोरा कञ्चनपुर जिल्ला, सुडा गा.वि.स. वडा नं. ३ बस्ने **अजय विश्वकर्माको** नाममा मालपोत कार्यालय डडेलधुराको लगतमा दर्ता श्रेष्ता कायम रहेको डडेलधुरा जिल्ला, खलंगा गा.वि.स. /न.पा. वडा नं. २ स्थित कि.न. ३९२, ४६४, ४६७, ४६९, ६९२ र ७५२ को क्षेत्रफल क्रमशः १३५.१३, १२९.१७, १२९.१७, १२९.१७, १४१.१० र २५४.३७ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
२.	आवास कर्जा	**ऋणीको नामः अजय विश्वकर्मा** ना.प्र.प.नं (जारी मिति/स्थान): ९०४०५३६२(२०५६/०९/१०/कञ्चनपुर) बाजेको नामः कुरे कामी बाबुको नामः भक्त बहादुर विश्वकर्मा ठेगानाः कञ्चनपुर जिल्ला, सुडा गा.वि.स. वडा नं. ३ । **व्यक्तिगत जमानतकर्ताः** **१. ज्ञानु विश्वकर्मा** ना.प्र.प.नं (जारी मिति/स्थान): ९०४०१४०२(२०६०/०८/१५/कञ्चनपुर) बाबुको नामः शेर बहादुर लामिछाने ससुराको नामः भक्त बहादुर विश्वकर्मा पतिको नामः अजय विश्वकर्मा ठेगानाः कञ्चनपुर जिल्ला, सुडा गा.वि.स. वडा नं. ३ । **२. आकाश घिमिरे** ना.प्र.प.नं (जारी मिति/स्थान): ७५१०२२/२८६४९(२०७३/०१/२४/कञ्चनपुर) बाजेको नामः भक्त बहादुर विश्वकर्मा बाबुको नामः अजय विश्वकर्मा ठेगानाः कञ्चनपुर जिल्ला, झलारी पिपलाडी न.पा. वडा नं. १० ।	शेर बहादुर लामिछानेको छोरी, भक्त बहादुर विश्वकर्माको बुहारी, अजय विश्वकर्माको पत्नि, कञ्चनपुर जिल्ला, सुडा गा.वि.स., वडा नं. ३ बस्ने **ज्ञानु विश्वकर्माको** नाममा मालपोत कार्यालय कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कञ्चनपुर जिल्ला, झलारी गा.वि.स./न.पा., वडा नं. ७ स्थित कि.न. ६१६ को क्षेत्रफल ८७.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
३.	आवधिक कर्जा	**ऋणीको नामः आगन बहुउदेश्य कृषि तथा पशु पन्छी फर्म** (रिब्दीकोट गाउँपालिका, गाँउ कार्यपालिकाको कार्यालय, खस्यौली, पाल्पामा दर्ता रहेको) दर्ता नं.: ५९/२०७७/०७८ दर्ता मिति : २०७७/०९/०९ स्थायी लेखा नं.: ६१६०२३७१८ ठेगानाः पाल्पा जिल्ला, रिब्दीकोट गा.पा. वडा नं. २ । **प्रोप्राईटरः** **सरस्वती पाण्डेय** ना.प्र.प.नं (जारी मिति/स्थान): ४२३०२५/४९६ (२०६३/१०/१७/स्याङ्जा) बाबुको नामः टिकाराम तिवारी ससुराको नामः तारा प्रसाद पाण्डेय पतिको नामः दीपक प्रसाद पाण्डेय ठेगानाः स्याङ्जा जिल्ला, विर्घा गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, रिब्दीकोट गा.पा.वडा नं. २ । **व्यक्तिगत जमानतकर्ताहरूः** **१. सुदिप पाण्डेय** ना.प्र.प.नं (जारी मिति/स्थान): ४२-०२-७३-०५६८२ (२०७३/१२/१८/स्याङ्जा) बाजेको नामः तारा प्रसाद पाण्डेय बाबुको नामः दीपक प्रसाद पाण्डेय ठेगानाः स्याङ्जा जिल्ला, कालीगण्डकी गा.पा वडा नं. ४ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, रिब्दीकोट गा.पा. वडा नं. २ । **२. दीपक प्रसाद पाण्डेय** ना.प्र.प.नं (जारी मिति/स्थान): ८६२३(२०४९/०५/०३/स्याङ्जा) बाजेको नामः केशब राज बाबुको नामः तारा प्रसाद पाण्डेय ठेगानाः स्याङ्जा जिल्ला, विर्घा गा.वि.स, वडा नं. ६ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, रिब्दीकोट गा.पा. वडा नं. २ ।	१. केशब राजको नाति, तारा प्रसाद पाण्डेयको छोरा स्याङ्जा जिल्ला, विर्घा गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, रिब्दीकोट गा.पा. वडा नं. २ बस्ने **दीपक प्रसाद पाण्डेयको** नाममा मालपोत कार्यालय पाल्पा को लगतमा दर्ता श्रेष्ता कायम रहेको पाल्पा जिल्ला, देउराली गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.न. १४७ को क्षेत्रफल ६-१०-३-० (रोपनी) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. तारा प्रसाद पाण्डेय को नाति, दीपक प्रसाद पाण्डेयको छोरा स्याङ्जा जिल्ला, कालीगण्डकी गा.पा वडा नं. ४ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, रिब्दीकोट गा.पा. वडा नं. २ बस्ने **सुदिप पाण्डेयको** नाममा मालपोत कार्यालय पाल्पा को लगतमा दर्ता श्रेष्ता कायम रहेको पाल्पा जिल्ला, देउराली गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.न. ४७१ को क्षेत्रफल ११-१०-१-१ (रोपनी) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
४.	व्यक्तिगत ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः सरस्वती पाण्डेय** ना.प्र.प.नं (जारी मिति/स्थान): ४२३०२५/४९६ (२०६३/१०/१७/स्याङ्जा) बाबुको नामः टिकाराम तिवारी ससुराको नामः तारा प्रसाद पाण्डेय पतिको नामः दीपक प्रसाद पाण्डेय ठेगानाः स्याङ्जा जिल्ला, विर्घा गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, रिब्दीकोट गा.पा. वडा नं. २ । **व्यक्तिगत जमानतकर्ताहरूः** **१. दीपक प्रसाद पाण्डेय** ना.प्र.प.नं (जारी मिति/स्थान): ८६२३(२०४९/०५/०३/स्याङ्जा) बाजेको नामः केशब राज बाबुको नामः तारा प्रसाद पाण्डेय ठेगानाः स्याङ्जा जिल्ला, विर्घा गा.वि.स वडा नं. ६ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, रिब्दीकोट गा.पा. वडा नं. २ । **२. सुदिप पाण्डेय** ना.प्र.प.नं (जारी मिति/स्थान): ४२-०२-७३-०५६८२ (२०७३/१२/१८/स्याङ्जा) बाजेको नामः तारा प्रसाद पाण्डेय बाबुको नामः दीपक प्रसाद पाण्डेय ठेगानाः स्याङ्जा जिल्ला, कालीगण्डकी गा.पा, वडा नं. ४ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, रिब्दीकोट गा.पा., वडा नं. २ ।	

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५३४६१६०, Ext. १०७, १०४

ग्लोबल आइएमईले सञ्चालनमा ल्यायो क्यास तथा चेक डिपोजिटर मेसिन

नयाँ पत्रिका

ग्लोबल आइएमई बैंक लिमिटेडले नगद तथा चेक जम्मा गर्ने मेसिन सञ्चालनमा ल्याएको छ। बैंकले ग्राहकलाई आफ्नो अनुकूल समयमा बैंकमा रहेका क्यास तथा चेक डिपोजिटर मेसिनमार्फत ग्लोबल आइएमई बैंकमा रहेको खातामा नगद जम्मा गर्न सकिने सुविधा सुरु गरेको हो।

बैंकले पाँचवटा क्यास डिपोजिटर र पाँचवटा चेक डिपोजिटर मेसिन सञ्चालनमा ल्याएको जनाएको छ। हाल काठमाडौं उपत्यकामा कमलादी र न्युरोड तथा उपत्यकाबाहिर इटहरी, नारायणगढ र बुटवल शाखामा क्यास डिपोजिटर मेसिन सञ्चालनमा ल्याएको जनाइएको छ।

त्यस्तै, काठमाडौं उपत्यकाभित्र कमलादी, न्युरोड, कुलेश्वर तथा काठमाडौं उपत्यकाबाहिर पोखरा र वीरगन्ज शाखामा चेक डिपोजिटर मेसिन सञ्चालनमा ल्याएको बैंकले जनाएको छ। बैंकको कमलादी शाखामा आयोजित एक कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष तथा बैंक सञ्चालक समितिका अध्यक्ष चन्द्रप्रसाद ढकालले उक्त मेसिनको उद्घाटन गरेका हुन्। मेसिन सेवाको उद्घाटन गर्दै अध्यक्ष ढकालले प्रविधिको विकास र आमउपभोक्ताको आकांक्षाअनुरूप वित्तीय क्षेत्र विश्वभर नै द्रुत गतिमा परिवर्तन भइरहेको बताए। ग्लोबल आइएमई बैंकले पनि समयानुकूल नयाँ प्रविधिलाई आत्मसात् गर्दै अघि बढ्दै गरेको र मेसिन उद्घाटन पनि त्यसकै उदाहरण भएको उनको भनाइ थियो। अध्यक्ष ढकालले भने, 'यो मेसिन इफिसियन्सी, सुविधा र सुरक्षाको मिश्रण हो।



यसले ग्राहकलाई आफ्नो अनुकूल समयमा विनाकुनै कागजी प्रक्रिया सुविधाजनक हिसाबले क्यास तथा चेक डिपोजिट गर्न सहयोग पुग्नेछ। समयको बचत हुनेछ। २४ घन्टा सेवा उपलब्ध हुने हुँदा सेवा आफ्नो समयअनुकूल लिन सकिनेछ।'

बैंकले हाल देशका ७७ वटै जिल्लामा तीन सय ४८ शाखा, तीन सय ६९ एटिएम, तीन सय २२ शाखारहित बैंकिङ सेवा, ६४ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टरका साथै तीनवटा वैदेशिक प्रतिनिधि कार्यालयमार्फत सेवा दिइरहेको जनाएको छ।

महालक्ष्मी विकास बैंकका ग्राहकलाई विभिन्न संस्थामा छुट



काठमाडौं/ महालक्ष्मी विकास बैंक लिमिटेडले स्वास्थ्य, शृंगार, होटेल तथा रेस्टुरेन्ट क्षेत्रका संस्थासँग समन्वय गरी आफ्ना ग्राहकलाई छुट दिलाउने क्रममा नयाँ संस्थाहरूसँग सम्झौता गरेको छ। कम्पनीले पाँच संस्थासँग छुटसम्बन्धी सम्झौता गरेको हो।

सम्झौताअनुसार महालक्ष्मी विकास बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहकले उक्त संस्थाहरूका विभिन्न सेवाहरूमा विशेष छुट प्राप्त गर्न सक्ने जनाइएको छ। जसअनुसार जनकपुरधामको नवजीवन हस्पिटल प्रालिले हस्पिटल सेवामा १५ प्रतिशत, फार्मेसीमा ७ प्रतिशत र अन्य परीक्षणमा २० प्रतिशत छुट दिनुका साथै हस्टोमाइज्ड हेल्थ प्याकेज दुई हजार रुपैयाँमा प्रदान गर्ने उल्लेख छ।

त्यस्तै, हेटौंडाको क्राउन्स कलेक्सनले वुमन एसेसरिजमा १० प्रतिशत छुट, भैरहवाको नियु बिजी बिन्सले फुड एन्ड बेभरेजमा १० प्रतिशत छुट, मकवानपुरको मनहरीमा रहेको मनरही हेयर एन्ड ब्युटी युनिसेक्स सैलुनले १० प्रतिशत तथा काठमाडौंको कोटेश्वरमा रहेको हुक हस्पिटालिटीमा १० प्रतिशत छुट पाउने जनाइएको छ।

यस किसिमको सहकार्यबाट बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहक प्रत्यक्ष रूपमा लाभान्वित हुने बैंकले विश्वास व्यक्त गरेको छ।

आइएमई पे र साइन रेसुंगाबीच सम्झौता

काठमाडौं/ डिजिटल वालेट आइएमई पेमा साइन रेसुंगा विकास बैंकका सेवाग्राहीले क्यास लोड गर्न सक्ने सुविधा थपिएको छ। आइएमई पे र बैंकबीच सेवाग्राहीलाई विद्युतीय भुक्तानी सहज उपलब्ध गराउने उद्देश्यका साथ सम्झौता भएपछि यो सुविधा थपिएको हो।

सम्झौताअनुसार साइन रेसुंगा विकास बैंकका सेवाग्राहीले बैंकको मोबाइल बैंकिङबाट सीधै आइएमई पेमा पैसा लोड गर्न सक्ने कम्पनीले जनाएको छ। 'आइएमई पेले ग्राहकको सुविधाका लागि सुरक्षित तथा नवप्रवर्द्धित सेवाका माध्यमबाट क्यास-लेस सोसाइटी निर्माणमा थप प्रोत्साहन गर्नमा अग्रणी भूमिका निर्वाह गरेको कम्पनीको दाबी छ।

आइएमई पे मोबाइल वालेटमार्फत सेवाग्राही आफैँले अथवा एजेन्टहरूमार्फत विभिन्न किसिमका भुक्तानी कार्य गर्न सक्ने जनाइएको छ। यसले व्यक्ति-व्यक्तिबीचमा हुने सामान्य रकम ट्रान्सफर गर्ने सुविधादेखि लिएर विभिन्न अनलाइन तथा स्थलगत स्टोरहरूमा क्युआर स्क्यान गरी भुक्तानी गर्न सक्नेलगायतका सुविधा प्रदान गर्दै आएको उल्लेख गरेको छ।

Upper Tamakoshi Hydropower Limited
अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

UTKHPL

अन्नपूर्ण मार्ग, ज्ञानेश्वर, काठमाण्डौं,
फोन नं. ४५२०२९५, ४५२१६९४
URL: www.utkhpl.org.np, email: office@utkhpl.org.np
को

हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

श्री अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको मिति २०८०/०४/२५ गतेसम्म तत्काल कायम शेयरधनीहरुको लागि १ कित्ता साधारण शेयर बराबर १ कित्ता शेयर (१:१) को अनुपातमा रु.१००/– अंकित दरको १०,५९,००,००० कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला **मिति २०८० भदौ १८ गतेका दिन देखि मिति २०८०/०६/०७ गतेसम्म (बैंकिङ समयसम्म)** गरिएको हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

स्थानिय शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने र दरखास्तसाथ रकम बुझाउने स्थानहरु			
१	श्री माथिल्लो तामाकोशी जलविद्युत केन्द्र वडा नं. १, गोंगर	९	कृषि विकास बैंक लि., चरिकोट
२	श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं	१०	नेपाल बैंक लि., चरिकोट र सिंगटी
३	श्री सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौं।	११	महालक्ष्मी विकास बैंक लि, चरिकोट
४	श्री आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु।	१२	कुमारी बैंक लि, चरिकोट
५	**श्री लक्ष्मी सनराईज बैंक लिमिटेडको शाखा कार्यालयहरु :** १) चरिकोट, २) सुनखानी, ३) जफे (तामाकोशी गा.पा) ४) शिवालय (रामेछाप), ५) मन्थली	१३	सिद्धार्थ बैंक लि., चरिकोट
		१४	हिमालयन बैंक लि, चरिकोट र गौरी शंकर
		१५	प्राइम कमर्सियल बैंक लि., जिरी र मैनापोखरी (वैतेश्वर गा.पा)
६	प्रभु बैंक लि., चरिकोट, जिरी र सिंगटी	१६	सानिमा बैंक लि., मेलुङ्ग
७	सिटिजन्स् बैंक इन्टरनेशनल लि., चरिकोट	१७	एनआइएमबि बैंक लिमिटेड, चरिकोट, मैना पोखरी, मेगा देउराली र सिंगटी
८	सिन्धु विकास बैंक लि., चरिकोट र सिंगटी		

नोटः माथि उल्लेखित स्थानहरुबाट आयोजना प्रभावित क्षेत्रको स्थानिय शेयरधनीहरुले हरियो रङ्को अक्षरले लेखिएको आवेदन फाराम भरि बुझाउन सक्नुहुनेछ।

सर्वसाधारण शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने र दरखास्तसाथ रकम बुझाउने स्थानहरु	
१	श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं
२	श्री सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौं।
३	श्री आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु।
४	श्री लक्ष्मी सनराईज बैंक लिमिटेडको शाखा कार्यालयहरु **उपत्यका भित्र** : १) लगनखेल २) सुर्यविनायक **उपत्यका बाहिर** : १) हेटौडा, २) धरान, ३) विराटनगर, ४) विरगंज, ५) जनकपुर, ६) पोखरा, ७) कुश्मा, ८) भैरहवा, ९) नेपालगंज, १०) विरेन्द्रनगर, ११) धनगढी, १२) महेन्द्रनगर, १३) चरिकोट

नोटः माथि उल्लेखित स्थानहरुबाट सर्वसाधारण शेयरधनीहरुले निलो रङ्को अक्षरले लेखिएको आवेदन फाराम भरि बुझाउन सक्नुहुनेछ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सनराईज क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम सिधै हुलाक वा कुरियरद्वारा सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंमा पठाउन सकिनेछ।

हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन। हकप्रद शेयर खरिदका लागि भर्नुपर्ने दरखास्त फाराम तथा शेयरधनीहरुले आफ्नो हकसम्बन्धी विवरण निष्काशन कम्पनी अपर तामाकोशी हाइड्रोपावर लि.को वेभसाइट : www.utkhpl.org.np, निष्काशन तथा बिक्री प्रबन्धक नागरिक लगानी कोषको वेभसाइट : www.nlk.org.np र सह निष्काशन तथा बिक्री प्रबन्धक सनराईज क्यापिटल लिमिटेडको वेभसाइट : www.sunrisecapital.com.np बाट पनि Download गर्न सकिनेछ।

अन्य विस्तृत जानकारीका लागि **मिति २०८०/०४/३२ गतेको "नागरिक राष्ट्रिय दैनिक"**मा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं। साथै उक्त सूचना धितोपत्र निष्काशन कम्पनी अपर तामाकोशी हाइड्रोपावर लि.को वेभवसाइट : www.utkhpl.org.np, निष्काशन तथा बिक्री प्रबन्धक नागरिक लगानी कोषको वेभसाइट : www.nlk.org.np र सह निष्काशन तथा बिक्री प्रबन्धक सनराईज क्यापिटल लिमिटेडको वेभसाइट : www.sunrisecapital.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः
नागरिक लगानी कोष
नयाँ बानेश्वर, काठमाण्डौ।
फोन नं.: ४७८५३१९, ४७८५३२१, फ्याक्स नं.: ४७८५३२०

सह-निष्काशन तथा बिक्री प्रबन्धकः
सनराइज क्यापिटल लिमिटेड
SUNRISE CAPITAL LTD.
(लक्ष्मी सनराइज बैंक लिमिटेडको सहायक कम्पनी)
पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं,
फोन नं.: ४५३८६६०, ४५३८५५०

नेपाल क्लियरिङ हाउसको सञ्चालकमा श्रेष्ठ नियुक्त



काठमाडौं/ नेपाल क्लियरिङ हाउसको सञ्चालकमा अमित श्रेष्ठ नियुक्त भएका छन्। कम्पनीको सञ्चालक समितिले फाइनान्स कम्पनीहरूका तर्फबाट आइसिएफसी फाइनान्स लिमिटेडका डेपुटी प्रमुख कार्यकारी अधिकृत अमित श्रेष्ठलाई सञ्चालक पदमा नियुक्त गरेको हो।

यसअघि सञ्चालक रहेका रिलायन्स फाइनान्सका समाजप्रकाश श्रेष्ठको प्रमुख कार्यकारी अधिकृतमा पदोन्नति भएपछि नेपाल क्लियरिङ हाउसको सञ्चालक पद रिक्त रहेको थियो। नवनियुक्त सञ्चालक श्रेष्ठको वाणिज्य बैंक तथा फाइनान्स कम्पनीको क्षेत्रमा २१ वर्षभन्दा बढीको अनुभव रहेको जनाइएको छ।

कम्पनीको सञ्चालक समितिमा नेपाल राष्ट्र बैंकका तर्फबाट एकजना, वाणिज्य बैंकतर्फबाट तीनजना, विकास बैंक र फाइनान्स कम्पनीबाट एक-एकजना तथा स्वतन्त्र सञ्चालकबाट एकजना गरी जम्मा सातजनाको प्रतिनिधि रहने व्यवस्था रहेको छ।

सेन्ट्रल फाइनान्सले गर्‍यो खेलकुद र स्टेसनरी सामग्री सहयोग

काठमाडौं/ सेन्ट्रल फाइनान्स लिमिटेडले विद्यार्थीलाई वित्तीय साक्षरताका साथै खेलकुद र स्टेसनरीका सामग्री तथा डस्टबिन वितरण गरेको छ। फाइनान्सको बर्दघाट शाखाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत नवलपरासीको बर्दघाट नगरपालिकामा रहेको अनवरुलओलुम मदरसामा सहयोग गरेको हो।



कार्यक्रममा मदरसाका लागि संस्थाले उपलब्ध गराएको सामग्री बर्दघाट नगरपालिकाका मेयर शम्भुलाल श्रेष्ठले मदरसाका अध्यक्ष सुकुर अलि मिया र प्रधानाध्यापक अख्तर अलि मियालाई हस्तान्तरण गरेको जनाइएको छ। मेयर श्रेष्ठले पिछडिएका वर्गको उत्थान र विकासका लागि संस्थाले गरेको सहयोग र साक्षरता कार्यक्रम सराहनीय रहेको बताए।

फाइनान्सका शाखा प्रमुख भीमकान्त अधिकारीले संस्थाले विभिन्न सेवा प्रदान गर्दै सेवाग्राहीको आर्थिक उन्नतिका साथै देश विकासमा पुर्‍याउँदै आएको योगदानका बारेमा चर्चा गरेका थिए। फाइनान्सले केन्द्रीय कार्यालयसहित १९ शाखा र भक्तपुरको सल्लाघारीमा एक्सटेन्सन

दोर्दी खोलाका जलविद्युत्‌ले हिउँदमा खोलामा १०% पानी छाड्ने

लमजुङमा **शान्ता कमली**



लमजुङको दोर्दी गाउँपालिकामा निर्माण सम्पन्न भई सञ्चालनमा रहेका जलविद्युत् आयोजनाले खोलामा १० प्रतिशत पानी छाड्ने भएका छन्। दोर्दी गाउँपालिका अध्यक्ष युवराज अधिकारीको अध्यक्षतामा दोर्दी करिडोरभित्र सञ्चालित जलविद्युत् आयोजनाको सञ्चालक प्रतिनिधिबीचको बैठकले हिउँदको समयमा सबै पानी जलविद्युत् उत्पादनका लागि मात्रै नभई १० प्रतिशत खोलामा छाड्ने सहमति गरेको हो।

बैठकले दोर्दी गाउँपालिकाभित्र सञ्चालित जलविद्युत् आयोजनाको क्षमताका आधारमा आर्थिक सहयोग गर्ने र दोर्दी गाउँपालिकाको नेतृत्वमा वातावरणविज्ञसँग सहकार्य गरी दोर्दी खोला, छ्याङ्दी खोला र किसेदी खोलामा माछाका भुरा छाड्ने निर्णय गरिएको छ।हिउँदको सुक्खायाममा सबै पानी विद्युत् उत्पादनमा प्रयोग गरेको र खोलामा रहेका जलचरको विनाश भएको भन्दै गुनासो बढ्न थालेपछि आयोजनाहरूले हिउँदयाममा कम्तीमा १० प्रतिशत पानी खोलामा छाड्ने भएका हुन्।

जलविद्युत् आयोजनाले आइइई र इआइएए रिपोर्टअनुसार १० प्रतिशत पानी खोलामा छाड्नुपर्ने उल्लेख छ। दोर्दी करिडोरमा ५४ मेगावाटको सुपरदोर्दी 'ख' जलविद्युत् आयोजना, २७ मेगावाटको दोर्दी खोला जलविद्युत् आयोजना, २५ मेगावाटको माथिल्लो दोर्दी 'ए' जलविद्युत् आयोजना, १२ मेगावाटको दोर्दी-१ जलविद्युत् आयोजना, चार मेगावाटको माथिल्लो छन्दी खोला जलविद्युत् आयोजना र दुई मेगावाटको छन्दी खोला जलविद्युत् आयोजना गरी ६ वटा जलविद्युत् आयोजनाबाट एक सय २४ मेगावाट विद्युत् उत्पादन हुँदै आएको छ।

भारतले खेल...

पृष्ठ १ बाट क्रमशः

तहल्का मच्चाएका भारतीय कप्तान रोहित शर्मा र सुभमन गिलले एक सय ४५ रनको लक्ष्य विनाविकेट क्षतिमा पूरा गरे । भारतले दुई सय ३१ रनको लक्ष्य पछ्याउँदा वर्षा भयो । २.१ ओभरमा भारत १७ रन बनाएर खेलिरहँदा खेल करिब एक घन्टा रोकिएको थियो । पुनः सुरु भएको खेलमा भारतले एक सय ४५ रनको नयाँ लक्ष्य पाएको हो ।

कप्तान रोहित र सुभमनले सानदार प्रदर्शन गर्दै नेपालविरुद्ध १७ बलअघि जित निकालेका थिए । रोहितले ५९ बलमा ६ चौका र पाँच छक्काका साथ ७४ रन बनाए । सुभमनले ६२ बलमा आठ चौका र एक छक्कासहित ६७ रन बनाए । करण केसी, सोमपाल, ललित राजवंशी, सन्दीप लामिछाने, दीपेन्द्र, कुशल मल्ल र गुल्सन झा भारतविरुद्ध विकेटविहीन भए ।

नेपाली कप्तान रोहित पौडेलले मध्यक्रममा ब्याटिङ राम्रो हुन सकेको भए खेल नेपालको पक्षमा आउने सम्भावना रहेको बताए । 'दुवै ओपनरले धेरै राम्रो खेले । मध्यक्रममा राम्रो हुन सकेन । हामीले अझै राम्रो गर्न सक्थ्यौं । थप ३०-४० रन बढाउनुपर्थ्यो । २६०-२७० सम्म पुगेको भए खेल हाम्रो पक्षमा आउन सक्थ्यो,' उनले भने । खेलपछि भारतीय कप्तान रोहित शर्माले पनि नेपालले सुरुमा आफूहरूलाई दबाबमा राखेको प्रतिक्रिया दिए । 'नेपालविरुद्ध हामी सुरुमा केही दबाबमा पर्‍यौं । बिस्तारै आफ्नो लय फर्काउन सफल भएका थियौं । नेपालविरुद्ध बलिङ राम्रो भए पनि फिल्डिङमा चुक्यौं,' उनले भने ।

नेपालले टेस्ट राष्ट्रसँग खेलको यो पाँचौंपटक हो । समूह 'ए'को अघिल्लो खेलमा पाकिस्तानविरुद्ध खेलेको थियो । यसअघि विश्वकप छनोटमा जिम्बाबे, वेस्टइन्डिज र आयरल्यान्डसँग खेलिसकेको छ । सबै टेस्ट प्रतिद्वन्द्वीसँगका खेलमा नेपालले हारको सामना गऱ्यो ।

आसिफको अर्धशतक

श्रीलंकाको क्यान्डीमा टस हारेर ब्याटिङ गरेको नेपालको इनिङमा ओपनर आसिफले अर्धशतक बनाएका छन् । आसिफले ९७ बलमा आठ चौकासहित ५८ रन जोडेर पेभिलियन फर्किए । यसअघि आसिफले ८८ बलमा सात चौकासहित ५० रन पूरा गरेका थिए । आरिफको खेल करिअरकै दशौं अर्धशतक हो । यसअघि नेपालका लागि आसिफले व्यक्तिगत एक शतकसहित नवौं अर्धशतक बनाएका छन् । सन् २०२१ मा पपुवा न्युगिनीविरुद्ध उनले एकदिवसीय खेलमा डेब्यु गरेका थिए । आसिफको व्यक्तिगत उच्च रन एक सय १० हो ।

भारत सुपर फोरमा

कप्तान रोहित र शुभमन गिलको सानदार प्रदर्शनसँगै भारत सुपर फोरमा प्रवेश गरेको छ । यसअघि पनि वर्षाले खेल प्रभावित भएपछि भारतले पाकिस्तानसँग अंक बाँडेको थियो । समूह 'ए'बाट पाकिस्तान विजेता र भारत उपविजेता बन्दै अन्तिम चारमा प्रवेश गरेका हुन् । भारत र पाकिस्तानको समान तीन अंक भए पनि नेट रनरेटमा पाकिस्तान माथि छ । नेपाल भने विनाअंक प्रतियोगिताबाट बाहिरिएको छ । समूह 'बी'बाट भने सुपर फोरको टुंगो लागेको छैन । समूहमा बंगलादेश, श्रीलंका र अफगानिस्तान छन् ।

भारतसँगको प्रदर्शन सर्वोत्कृष्ट

● **विनोद भण्डारी** (ब्याट्सम्यान)

पहिलोपटक भारत र पाकिस्तानसँग खेलेका छौं, यो हाम्रा लागि ठूलो अवसर हो । नेपाली टोलीले प्रदर्शन पनि राम्रो गरेको छ । स्कोर पनि दुई सय ३० रन राम्रो भयो । भारतसँग यत्तिको स्कोर निकाल्नु उत्कृष्ट प्रदर्शन हो । यसले हामीजस्तै अरू एसोसियट राष्ट्रलाई पनि हौसला मिल्छ । ब्याटिङमा खेलाडीले खुलेर खेलेका छन् । ओपनर कुशल भुर्तेलको इनिङ लामो हुन सक्थ्यो । आसिफले ५० रन हानेपछि अझै समय लिएको भए हुन्थ्यो । जसको फाइदा टिमलाई हुन्थ्यो । पाकिस्तानसँग पनि समग्रमा राम्रो भएको हो । बलिङअनुसार ब्याटिङमा राम्रो गर्न सकेनौं ।

क्रिकेट खेल्छ भन्थे, राम्रो गर्‍यौं

● **उत्तम कर्माचार्य** (पहिलो कप्तान)

नेपालले पनि क्रिकेट खेल्छ र भन्ने सोच थियो । अब, राम्रो खेल्छ भन्ने छिमेकीलाई परेको छ । उनीहरूले पनि नेपाली क्रिकेट विकासमा सोच्नुहुन्छ । भारतविरुद्ध ब्याटिङ राम्रो भयो । नेपाल पनि राम्रो टोलीसँग खेल्न सक्छ भन्ने सन्देश गएको छ । नेपाली खेलाडीले राम्रो अवसर र अनुभव पनि बटुलेका छन् । नेपाली क्रिकेटको भविष्य विश्वभर राम्रो देखिएको छ । अब, पूर्वाधारमा ध्यान दिनुपर्छ ।

विश्व क्रिकेटमा हामीले राम्रो छाप राख्यौं

● **पवन अग्रवाल** (पूर्वकप्तान)

पाकिस्तानसँगको भन्दा भारतविरुद्ध धेरै राम्रो खेलेका छन् । पाकिस्तानविरुद्ध ब्याटिङ राम्रो भएको थिएन । भारतविरुद्ध ओपनिङमा भाग्यशाली पनि रह्यौं । र, राम्रो पनि भयो । सोमपालले राम्रो प्रदर्शन गरे । कुनै पनि स्थितिमा राम्रो ब्याटिङ गर्न सक्छु भन्ने सन्देश दिएका छन् । सबै क्रिकेटविज्ञले नेपालले राम्रो खेलेको प्रतिक्रिया दिएका छन्, प्रशंसा गरेका छन् । विश्व क्रिकेटमा हामीले राम्रो सन्देश दिएका छौं ।

हामी कम छैनौं भन्ने सन्देश गयो

● **शरद भेषवाकर** (ब्याट्सम्यान)

नेपाली खेलाडीले राम्रो खेले । अन्तर्राष्ट्रिय धेरै कमेन्टेटरले राम्रो भनेका छन्, खुलेर प्रशंसा गरेका छन् । पाकिस्तानविरुद्ध धेरै समय टिक्न सकेनौं । तर, भारतविरुद्ध जसरी खेलेको छ, मलाई लाग्छ धेरै सुधार भएको हो । भारतसँग खेल्दा प्रदर्शन गर्दा हामी कस्तो क्रिकेट खेल्छौं भन्ने थाहा भयो । हामी राम्रो खेल्न सक्छौं भन्ने सन्देश गएको छ । भारतका सिराज र सामीजस्ता बलरलाई जसरी खेल्यौं त्यसले विश्वका उत्कृष्ट बलरसामु हामी कम छैनौं भन्ने देखाएका छौं ।

भारतको मन्त्रिपरिषद्ले...

पृष्ठ १ बाट क्रमशः

नेपाली विद्युत्का लागि भारतीय बजार निकै ठूलो मानिन्छ । नेपालमा विद्युत् उत्पादनको क्षमता जति छ, बजार त्यसको नगण्य मात्रामा छ । अहिले पनि नेपालको विद्युत् गइरहेको अवस्था छ । त्यसैले नेपाली बिजुलीका लागि भारतीय बजार अपरिहार्य छ । साथै, बढ्दो जलवायु परिवर्तनका लागि भारतलाई पनि नेपालको स्वच्छ बिजुलीको आवश्यकता बढ्दो छ । किनकि, भारतमा डिजेल र पावरप्लान्ट चलाउँदा वातावरण प्रभावित भएको छ । त्यसैले भारतलाई स्वच्छ ऊर्जाको प्रयोग बढाउनुपर्ने दबाब छ । सोहीअनुसार भारतले नेपालको विद्युत् किन्ने भन्दै आएको छ । तर, ठोस सम्झौता नहुँदा नेपाली बिजुलीको लागि भारतीय बजार दीर्घकालीन रूपमा सुनिश्चित भएको छैन । नेपाल र भारतबीच विद्युत् व्यापार गर्ने गरी सन् २०१४ मै सम्झौता भएको थियो । सोही आधारमा अहिले नेपालले भारतसँग अल्पकालीन रूपमा विद्युत् व्यापार गर्दै आएको छ । सन् २०१४ को सम्झौतापत्रमा दीर्घकालीन तथा मध्यकालीन विद्युत् व्यापारको परिकल्पना गरिएको थिएन ।

लगातार...

पृष्ठ १ बाट क्रमशः

त्यसपछि रानामगरले इन्दु बर्मासँग दोस्रो विकेटका लागि अविजित साझेदारी गरिन् । अघिल्ला खेलमा खराब ब्याटिङ गरेकी इन्दु कतारविरुद्ध फर्ममा देखिइन् । उनले १२ बलमा तीन चौकाको सहयोगमा २० रन जोडिन् । रानामगरले २३ बलमा १७ रन बनाइन् । रानामगरले आफ्नो इनिङ्समा बाउन्ड्री प्रहार गर्न सकिनन् ।

कतारकी कप्तान आयषाले पाँच बलरलाई नेपालविरुद्ध बलिङ गर्न लगाइन् । जसमा पानायम मात्र सफल भइन् । उनले तीन ओभरमा २३ रन खर्चेदै एक विकेट लिइन् । रोचेलेले २.३ ओभरमा १६ रन दिइन् । यसैगरी, कप्तान आयषाले तीन ओभरमा १६ रन खर्चिइन् ।

१० ओभरमै खेल नेपालको पक्षमा

७५ रनको सामान्य लक्ष्य पछ्याएको नेपालले १०.३ ओभरमा एक विकेट गुमाउँदै जित निकालेको हो । नेपालको जितमा काजल श्रेष्ठले सर्वाधिक ३२ रनको योगदान गरिन् । उनले २८ बलमा चार चौकासहित ३२ रन जोडेकी हुन् । त्यस्तै, इन्दु बर्माले १२ बलमा तीन चौकासहित अविजित २० रनको योगदान गरिन् । सीता रानामगर २३ बलमा १७ रनमा अविजित रहिन् ।

कतारको सामान्य योगफल

यसअघि पहिलो ब्याटिङ गरेको कतारले गतिलो ब्याटिङ गर्न सकेन । नेपालकी कप्तान रुविना क्षेत्रीले कमजोर प्रतिद्वन्द्वीविरुद्ध सात बलर प्रयोग गरेकी थिइन् । अलराउन्ड प्रदर्शन गरेकी इन्दुले बलिङका क्रममा चार ओभरमा १० रन खर्चदै सर्वाधिक तीन विकेट लिइन् । उनको इकोनोमी २.५० रह्यो ।

यसैगरी, पूजा महतोले तीन ओभरमा १६ रन खर्चदै एक विकेट हात पारिन् । कविता जोशीले चार ओभरमा नौ रन दिँदै एक विकेट लिइन् । ईश्वरी विष्ट, रानामगर, खुसी डंगोल र रुविनाले विकेट लिन सकेनन् । कतारकी साची धडवाललेे ४४ बलमा एक चौकासहित सर्वाधिक २१ रन जोडिन् । एलिना खानले १५ रन, एन्जिली मारेले अविजित १४ तथा कप्तान आयषाले १० रन बनाएका थिए । कतारको ब्याटिङमा दुई खेलाडी डकआउट भएका थिए ।

संविधान निर्माणको...

पृष्ठ १ बाट क्रमशः

संसद् विघटन, राजनीतिक दलभित्रको आन्तरिक कलह, सरकार फेरबदलका कारण अघिल्लो कार्यकालमा सदनमा पेस भएका २८ वटा विधेयक कानुन नबनी प्रतिनिधिसभाको कार्यकाल सकिँदा स्वतः निष्क्रिय भएका थिए । अध्ययन प्रतिवेदनले संघीय शिक्षा, संघीय प्रहरी, संघीय निजामती, एकीकृत जनस्वास्थ्य, महाभियोग, अदालतको अवहेलना, राष्ट्रपतिको कार्यसम्पादन र विधेयक प्रमाणीकरणसम्बन्धी, जनमतसंग्रहलगायत ३९ वटा कानुन तत्काल निर्माणका लागि अविलम्ब प्रक्रिया बढाउन सरकारले पहलकदमी लिनुपर्ने सुझाव दिएको छ ।

जसमा कानुनी सहायतासम्बन्धी, संघीय शिक्षा ऐन, जनस्वास्थ्य, नेपाल प्रहरी, संघीय निजामती, संघसस्था खोल्ने स्वतन्त्रतासम्बन्धी, सञ्चारको हकसम्बन्धी, सम्पत्तिको हक, अधिग्रहण र क्षतिपूर्तिसम्बन्धी, विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी, महिलाको हकसम्बन्धी, भूमिहीन दलितलाई एकपटकका लागि जग्गा र आवासविहीन दलितलाई बसोवासको प्रबन्धसम्बन्धी, महाभियोगसम्बन्धी कानुन छन् ।

यसैगरी, संघीय संसद्को सचिवालय सञ्चालनसम्बन्धी, संवैधानिक इजलास, इजलासमा न्यायाधीश र मुद्दा तोक्नेसम्बन्धी, संघीय न्याय सेवाका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्तसम्बन्धी, प्रदेश न्याय सेवा आयोगको गठन र प्रदेश न्याय सेवाका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्तसम्बन्धी, सरकारी वकिल तथा महान्यायाधिवक्ता कार्यालयमातहतका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्तसम्बन्धी कानुन बनाउन सुझाव छ ।

यसबाहेक प्रदेश प्रमुखको अधिकार र अधिकारको प्रयोगसम्बन्धी, नेपाल विशेष सेवाको गठन तथा सञ्चालनसम्बन्धी, राष्ट्रपतिले सजायलाई माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्नेसम्बन्धी, विचार तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी, एकीकृत क्षतिपूर्तिसम्बन्धी, धार्मिकस्थल तथा धार्मिक गुठी सञ्चालन र गुठी जग्गामा भोगाधिकार भइरहेका किसान एवं गुठीको अधिकार र अन्य व्यवस्थासम्बन्धी कानुन बनाउन सुझाव छ ।

यसैगरी, सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्नेसम्बन्धी, राष्ट्रपतिको कार्यसम्पादन र विधेयक प्रमाणीकरणसम्बन्धी कार्यलाई थप स्पष्ट गर्ने सम्बन्धमा छुट्टै कानुन, प्रतिनिधिसभाको कार्यकाल थप हुनेसम्बन्धी, संसद्का सदस्यको शपथसम्बन्धी, संघीय संसद्को विशेषाधिकार र संसद्का सभाको अधिवेशन आह्वान र अन्त्यसम्बन्धी, कर लगाउनेसम्बन्धी एकीकृत कानुन बनाउन सुझाव छ ।

बाँकी कानुनको...

पृष्ठ १ बाट क्रमशः

भएको तथ्यांक प्रस्तुत गरे । साथै, विभिन्न मितिमा जारी भएका केही नेपाल ऐनलाई संशोधन गर्ने ऐनबाट प्रचलित कानुनहरूलाई नेपालको संविधानअनुकूल बनाइएको उनको भनाइ थियो । संसद्मा सरकारले पेस गरेका विभिन्न १५ वटा विधेयक प्रक्रियामा रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले संघीय निजामती सेवा विधेयक, विद्यालय शिक्षासम्बन्धी विधेयकलगायतका महत्त्वपूर्ण विधेयक छिट्टै संसद्मा पेस गर्ने तयारी भइरहेको जानकारी गराए ।

प्रचण्डले नेपालको संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेका तथा विकास निर्माणका कार्यसँग सम्बन्धित कतिपय कानुनहरू निर्माणको प्रक्रियामा रहेको बताए । 'केही विधेयकहरू अघिल्लो प्रतिनिधि सभामा पेस भई सो सभाको कार्यकाल समाप्त भएका कारण स्वतः निष्क्रिय भएको हुँदा त्यसरी निष्क्रिय भएका विधेयकलाई पुनः संसद्मा पेस गर्नका लागि सरकारले आवश्यक गृहकार्य गरिरहेको छ,' उनले भने ।

नागरिकतासम्बन्धी कानुन प्रमाणीकरण भएर कार्यान्वयनमा आइसकेको, कानुनी सहायतालाई प्रभावकारी र संघीय संरचनाअनुकूल बनाउने सन्दर्भमा एकीकृत कानुनी सहायता नीति जारी गरिएको, निःशुल्क कानुनी सहायतासम्बन्धी छुट्टै विधेयक तर्जुमा गरी संसद्मा पेस गर्ने तयारी रहेको उनले जानकारी गराए । संघसंस्थाको दर्ता तथा सञ्चालनलाई संघीयताअनुकूल बनाउन नयाँ विधेयक तर्जुमाको गृहकार्य भइरहेको जानकारी गराउँदै प्रधानमन्त्री प्रचण्डले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ लाई महिलाको हकका विभिन्न आयामहरूलाई समेट्ने गरी परिमार्जन गर्ने कार्य सुरु भइसकेको बताए ।

सर्टिफिकेट हरायो

मिति २०८०/०४/०७ गते ठुलोभञ्ज्याङ देखि किर्तिपुर सम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माईग्रेशन सर्टिफिकेट हराएकोले भेटाउनुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाईदिनुहुन अनुरोध छ ।

नाम : रोशन श्रेष्ठ
सिम्बोल नं. : २२७०६११६
रजिष्ट्रेशन नं. : ७६२७२३०८३
सम्पर्क : ९८५१३२५१४३

गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
वागमती प्रदेश, नेपाल

बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०५/१५

यस गाउंपालिकाको निम्नानुसार विभिन्न योजनाहरुको निर्माण कार्य यस आ.व. २०८०/०८१ मा बोलपत्रद्वारा गर्नु पर्ने भएकोले योग्य, मान्यता प्राप्त तथा सम्बन्धित कार्यमा अनुभवी निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र प्रथम पटक प्रकाशित मितिले ३० औं दिन सम्म यस कार्यालयमा तपशिलमा उल्लेख गरे बमोजिमको नगद रकम (पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिद वा यस कार्यालयको खाता नं. १०५०१००३०१०१०००२ मा जम्मा गरेको भौचर, आ.व. ०८०/०८१ को लागि नविकरण भएको इजाजत पत्र र आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र, आ.व.०७८/०७९ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु र स्वघोषणा पत्र संलग्न राखी इच्छुक इजाजत प्राप्त निर्माण व्यावसायीले तोकिएको समयभित्र रित पुर्वक e-bidding को माध्यमद्धारा बोलपत्र फारम खरिद गर्न सकिनेछ ।
२. खरिद भएका बोलपत्रहरुको प्रत्येक आइटम प्रस्टसंग भरी, निर्माण व्यवसायीले सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म e-bidding को माध्यमद्धारा पेश गर्न सकिनेछ र सोहि दिन १२:१५ बजे ठेक्का खोलिने छ ।
३. बोलपत्र फारमसाथ धरौटी वापत तल उल्लेखित जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक गजुरी शाखामा रहेको धरौटी खाता नं. १०५०१००३०३०००००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा बोलपत्र पेश गर्ने अन्तिम मिति देखि ९० दिन म्याद भएको, मान्यता प्राप्त बैंकबाट बैंक ग्यारेन्टी (विड वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्रोसंग बुझी, हेरी साइट निरीक्षण गरी बोलपत्र भरेको मानिने छ ।
५. बोलपत्रदाताले आफूले कबोल गरेको अंक मुल्य अभिवृद्धि कर बाहेकको हुनु पर्नेछ । मुल्य अभिवृद्धि करको रकम समेत एकमुष्ट भूक्तानी गरिने छ ।
६. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि नियमानुसार हुने रकम बराबरको नगद, बैंक भौचर वा सो बराबरको कम्तीमा योजना सम्पन्न हुने मितिबाट १३ महिना थप समयावधि सम्म मान्य हुने बैंक जमानत (परफरमेन्स वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।
७. कार्यालयको हितलाई ध्यानमा राखी कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
८. बोलपत्रमा आवश्यक कुनै संशोधन गर्नु परेमा यस कार्यालयको सूचनापाटीमा सूचित गरिनुको साथै गा.पा.को website: www.gajurimun.gov.np मा समेत हेर्न सकिनेछ ।
९. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पुर्ण करहरु बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।
१०. सूचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ एवम् अन्य प्रचलित कानुन बमोजिम हुनेछ । संयुक्त उपक्रम (Joint Venture) मा काम गर्ने व्यवसायीको सम्बन्धमा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।
१२. बोलपत्र खोल्ने दिन विदा परेमा सो पछि कार्यालय खोलेको दिन माथि उल्लेख भएको समयमा बोलपत्र खोलिनेछ ।
१३. यसमा लेखिएको हकमा यसै अनुसार र यस सुचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।
१४. बोलपत्र दाताहरुले e-bidding (PPMO को website: http:/bolpatra.gov.np) को माध्यमबाट मात्र यस प्रक्रियामा भाग लिन सकिने छ ।

कामको विवरण

सि. न.	ठेक्का नं.	कामको विवरण	ल.ई रकम (मु.अ.कर र कन्टिन्जेन्सी बाहेक)	धरौटी रकम रु.	बोलपत्र फाराम दस्तुर रु.
१.	GRM/W/NCB-01/2080/081	लप्से साइकोष वडा कार्यालय चिउरी भन्ज्याङ भदौरे भस्मेखर्क भालुखोप पेटारे सडक	१,२८,९५,५४५.५०	३,५०,०००।००	३०००।०
२.	GRM/W/NCB-02/2080/081	धोवीखोला अमले च्याङ्ली सडक स्तरोन्नती	६८,९६,२४२.२२	२,००,०००।००	३०००।०
३.	GRM/W/NCB-03/2080/081	पोखरेखोला भस्मे जरेबगैंचा सडक स्तरोन्नती	१,७२,४०,८०५.२२	५,००,०००।००	३०००।०
४.	GRM/W/NCB-04/2080/081	धोवीखोला अमले च्याङ्ली सडक स्तरोन्नती गजुरी १ र ५	१,७२,४१,२८५.३८	५,००,०००।००	३०००।०

प्रमुख प्रशासकीय अधिकृत

तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा

बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०५/१५ गते

यस कार्यालयको तपसिल बनोजिमको निर्माण कार्य गर्न ईच्छुक ईजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले चालु आ.व २०८०/०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत रितपुर्वक सार्वजनिक खरिद अनुगमन कार्यालयको EGP Portal www.bolpatra.gov/np मार्फत बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।


(१) बोलपत्र सम्बन्धी अन्य शर्तहरू र विस्तृत सूचना www.tamakoshimun.gov.np मा हेर्न सकिने छ ।
(२) बोलपत्र फारम दाखिला अवधि सुचना प्रकाशन मितिले ३१ औं दिन दिनको १२ बजे र बोलपत्र खोल्ने सोही दिनको २ बजे हुनेछ ।
(३) अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

सि. नं.	ठेक्का नं.	कामको विवरण	ल.ई. (भ्याट र उक सहित)	जमानत रू.	बोलपत्र दस्तुर रू.
1	(01/TRM/NCB/Works /R/2080-081)	Upgrading Works of Chhautara Kavrepani Hille Rautgaun Road	1,94,86,394.9	4,87,000	3000/-
2	(02/TRM/NCB/Works /R/2080-081)	Upgrading Works of Janta School Seto Pahara Thamdeurali Road	1,94,86,811.38	4,87,000	3,000/-
3	(03/TRM/NCB/Works /R/2080-081)	Upgrading Works of Malukhola Dandagaun Phyatal Chhaude Road	97,41,643.92	2,43,500	3,000/-
4	(04/TRM/NCB/Works /R/2080-081)	Upgrading Works of Malukhola kholapari Road	24,34,394.8	60,900	3000/-
5	(05/TRM/NCB/Works /R/2080-081)	Upgrading Works of Dandagaun Jogigaun Chhaude Road	29,22,472.91	73,000	3000/-
6	(06/TRM/NCB/Works /R/2080-081)	Upgrading Works of Manedanda Chhaude Road	2433942.75	60,900	3000/-
7	(07/TRM/NCB/Works /R/2080-081)	Upgrading Works of Dude Basbote Jamune to ward office Road	24,33,932.66	60,900	3000/-
8	(08/TRM/NCB/Works /R/2080-081)	Upgrading Works of Dhade-Sitapaila Manedada Chhaude Deurali Road	24,35,537.16	60,900	3000/-
9	(09/TRM/NCB/Works /W/2080-081)	Sahare Lifting Khanepani and Dobhan Sahare Project	24,35366.10	60,900	3000/-

नोट : अन्य कुराहरु यस कार्यालयको सूचना पार्टीमा तथा वेवसाइट www.tamakoshimun.gov.np मा उल्लेख गरिएको सूचना तथा अन्य प्रचलित ऐन,कानुन बमोजिम हुनेछन् ।

प्रमुख प्रशासकिय अधिकृत

भावपूर्ण श्रद्धाञ्जली



जन्म :
वि.सं. १९९४/०७/०५

स्वर्गारोहण:
वि.सं. २०८०/०५/०७

स्व. जगत प्रसाद दुंगेल

आल्मुनियम व्यवसायी संघ नेपालका कोषध्यक्ष श्री कृष्ण प्रसाद दुंगेलज्युका पुजनिय पिता जगत प्रसाद दुंगेलको ८६ वर्षको उमेरमा भएको असामयिक निधन प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

आल्मुनियम व्यवसायी संघ नेपाल परिवार

मंगलबार १९ भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

एसिया कप क्रिकेट

भारतसँग नेपाल ब्याटिङमा बलियो, बलिङमा चुक्यो









१. क्यान्ड रंगशालामा टोलीलाई समर्थन गर्न पुगेका नेपाली समर्थक । २. नेपालका सोमपाल कार्मी कट प्रहार गर्दै । ३. भारतका कप्तान रोहित शर्मा स्ट्रोक लगाउँदै । ४. भारतविरुद्ध ५० रनको ओपनिङ साझेदारी भएपछि कुशल र आसिफ । तस्बिरः एजेन्सी

नयाँ पत्रिका

दुईपटकको एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको च्याम्पियन भारतविरुद्ध नेपालले कमजोर प्रदर्शन गरेको छ । एसिया कपअन्तर्गत समूह 'ए'मा सोमबार नेपालले आफ्नो अन्तिम खेलमा विश्व क्रिकेटको शक्तिशाली राष्ट्र भारतसँग प्रतिस्पर्धा गरेको थियो । बलिङमा कमजोर प्रदर्शन गरेपछि नेपाल भारतसँग १० विकेटले पराजित भयो । श्रीलंकाको क्यान्डीमा भएको खेलमा नेपालले टस हारी पहिलो ब्याटिङ गरेको थियो ।

पहिलो ब्याटिङमा नेपालले ४८.२ ओभरमा सबै विकेट गुमाएर दुई सय ३० रनको योगफल खडा गऱ्यो । वर्षाले प्रभावित खेलमा भारतले नयाँ लक्ष्यको रूपमा २३ ओभरमा एक सय ४५ रन प्राप्त गरेको थियो । भारतले डिएलएस नियममा नेपाललाई १७ बलअगाडि नै पराजित गऱ्यो । भारतका लागि कप्तान रोहित शर्मा र शुभमन गिलले पहिलो विकेटका लागि अविजित एक सय ४७ रनको साझेदारी गरे । दुवैले प्रतिओभर ७.२८ रनमा ब्याटिङ गरेका थिए ।

रोहितले ५९ बलमा ६ चौका र पाँच छक्का प्रहार गर्दै ७४ रन जोडे । गिलले ६२ बलमा आठ चौका र एक छक्काको सहयोगमा ६७ रन बनाए । बलिङका क्रममा नेपालका सोमपाल कामी सबैभन्दा खर्चिलो देखिए । उनले दुई ओभर बलिङ गर्दा २३ रन खर्चे । उनको प्रतिओभर इकोनोमी ११.५० रन रह्यो । भारतका अनुभवी ब्याट्सम्यानविरुद्ध नेपालका बलर निरीह देखिए । गुल्सन झा र सन्दीप लामिछानेले प्रतिओभर नौ रनमाथि खर्चिएका थिए ।

सन्दीपले चार ओभरमा ३९ तथा गुल्सनले १.१ ओभरमा ११ रन दिए । नेपालका लागि करण केसी र ललित राजवंशी इकोनोमी देखिए । दुवैले प्रतिओभर ६ रन दिए । करणले चार ओभरमा २६ तथा ललितले चार ओभरमा २४ रन दिएका थिए । यसअघि ब्याटिङ गरेको नेपालका लागि एक खेलाडीले अर्धशतकीय इनिङ्स खेलेका थिए । ओपनर आसिफ शेखले ५८ रनको सर्वाधिक योगदान दिए । नेपालले पहिलो पावर प्लेमा ६५ रन बनाएको थियो ।

नेपाली ब्याट्सम्यानले स्पिनरको सामना गर्न सकेनन् । कप्तान रोहितले विकेटको दुवै छेउबाट सिमर र स्पिनर प्रयोग गर्दा नेपालका तीन मुख्य ब्याट्सम्यान सस्तै रनमा आउट भए । प्रतियोगितामा पहिलोपटक अवसर पाएका भीम सार्की सात रन, कप्तान रोहित पाँच रन र कुशल मल्लले दुई रन जोडे ।

गुल्सन र दीपेन्द्रसिंह ऐरीले कमजोर ब्याटिङ सम्हाले । बलिङका क्रममा भारतका लागि रवीन्द्र जडेजा सर्वाधिक सफल भए । उनले १० ओभरमा ४० रन खर्चेर तीन विकेट लिए । यसैगरी, मोहमद सिराजले ६१ रनमा तीन विकेट लिए । मोहमद सामीले २९ रनमा एक विकेट हात पारे । हार्दिक र सार्दुल ठाकुरले समान एक विकेट लिए ।

समूह 'ए'

राष्ट्र	खेल	जित	हार	अर्णिनित	अंक	रनरेट
पाकिस्तान	२	१	०	१	३	४.७६
भारत	२	१	०	१	३	१.०२
नेपाल	२	०	२	०	०	-३.५७

नेपाल-भारतबीचको खेल हेर्न जनकपुर र वीरगन्जमा बिदा



नेपाल र भारतबीचको खेल हेर्दै वीरगन्जका क्रिकेट समर्थक

नयाँ पत्रिका

सिराहा/ नेपाल र भारतबीचको ऐतिहासिक क्रिकेट खेलको साक्षी बन्न तराई मधेसका जिल्लामा सार्वजनिक स्थान र सडकमा प्रोजेक्टर लगाएर खेल हेरिएको छ । सिराहा, जनकपुरधाम, वीरगन्जलगायत सहरमा क्रिकेट हेर्न भिड लागेको हो । सिराहा पुस्तकालयमा प्रोजेक्टर लगाएर खेल हेर्ने व्यवस्था मिलाइएको छ । खेल हेर्न बालबालिकादेखि ज्येष्ठ नागरिकको उल्लेख सहभागिता देखिएको छ । त्यसैगरी वीरगन्जको घडिअर्वा पोखरी चोकमा पनि प्रोजेक्टर लगाएर खेल हेरिएको छ । जनकपुरधामको गिरिजा सिनेमा हल, महेन्द्रनगरमा रहेको लवकुश चलचित्र मन्दिरमा पनि प्रत्यक्ष प्रसारणको व्यवस्था गरिएको छ । त्यसबाहेक जनकपुरधामका चोकमा प्रोजेक्टर राखेर खेल हेरिएको छ ।

जनकपुरधामका विद्यालयमा बिदा

जनकपुरधाम/ नेपाल र भारतसँगको खेल हेर्न जनकपुरधाममा दिउँसो २ बजेदेखि नै विद्यालय बिदा दिइएको थियो । जनकपुरधाम उपमहानगरपालिकाले रामजानकी बहुउद्देश्य अन्तर्राष्ट्रिय रंगशाला निर्माण, विद्यार्थीको खेलभावना र एसिया कपमा नेपाल र भारतसँग हुने खेलमा नेपाल गौरवान्वित महसुस गरेकाले टिमको हौसला बढाउन बिदा दिइएको सूचनामार्फत जनाएको छ ।

यसअघि गत बुधबार नेपाल र पाकिस्तानबीचको खेल हेर्न पनि जनकपुरधामले दिउँसो २ बजेदेखि विद्यालयमा बिदा दिएको थियो । जनकपुरधाम उपमहानगरपालिकाभित्र ५२ सामुदायिक विद्यालय र एक सयभन्दा बढी संस्थागत विद्यालय छन् ।

वीरगन्ज महानगरपालिकामा बिदा

वीरगन्ज/ वीरगन्ज महानगरपालिकाले त सोमबार अत्यावश्यकबाहेक सम्पूर्ण सेवा दिउँसो २ बजेबाट बन्द गरेको छ । वीरगन्ज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले सोमबार एसिया कप २०२३ अन्तर्गत नेपाल र भारतबीचको प्रतिस्पर्धा हेर्नका निमित्त वीरगन्ज महानगरपालिकाको अत्यावश्यकबाहेकका सम्पूर्ण सेवा दिउँसो २ बजेदेखि बन्द गर्ने जानकारी गराएको हो ।

उत्कृष्ट क्रिकेटरलाई नगद दिने शुक्लाफाँटाको घोषणा

कञ्चनपुर/ भारतविरुद्ध उत्कृष्ट खेल प्रदर्शन गर्ने नेपाली क्रिकेटरलाई नगद पुरस्कार दिने घोषणा कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकाले गरेको छ । भारतविरुद्ध शतक प्रहार गर्ने र चार विकेट लिने खेलाडीलाई जनही एक लाखसहित पुरस्कृत गर्ने निर्णय गरिएको शुक्लाफाँटाका प्रवक्ता लालबहादुर ऐरले जानकारी दिए । नेपाली राष्ट्रिय क्रिकेट टिमको सम्मानसहित खेलाडीलाई हौसला प्रदान गर्न पुरस्कारको घोषणा गरिएको उनले बताए ।

एन्फा महासचिव राईको कार्यकक्षमा ताला

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)का महासचिव किरण राईको कार्यकक्षमा ताला लगाइएको छ । सोमबार असन्तुष्ट केन्द्रीय सदस्य रविन चन्दले दिउँसो २ बजे एन्फा पुगेर तालाबन्दी गरेका हुन् । राई विगत पाँच दिनयता गृहजिल्ला उदयपुरमा छन् । त्यसअघि उनी अस्ट्रेलियामा फिफा महिला विश्वकप फाइनल हेर्न पुगेका थिए । अस्ट्रेलिया पुग्दा कार्यवाहक महासचिवको जिम्मेवारी अरुणमान जोशीलाई दिए पनि यसपटक उनले तीन सहमहासचिवमध्ये कसैलाई पनि जिम्मेवारी दिएका छैनन् । जसका कारण दैनिकी कामकाज नभएको भन्दै असन्तुष्ट समूहले ताला लगाएका हुन् । 'उनी एन्फामा नभएको धेरै भयो । विगत पाँच दिनदेखि घरमा छन् । कसैलाई पनि कामकाजको जिम्मेवारी दिएका छैनन् । यसको जवाफदेही को ? उनले जे चाहे त्यही हुने हो ? त्यसैले ताला लगाएका हौं,' असन्तुष्ट टोलीका एक सदस्यले नयाँ पत्रिकासँग भनेका छन् ।

ताला लगाउने समयमा एन्फाका वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्का, सदस्यहरू रमेश व्यञ्जनकार, रुपेश अधिकारीलगायतको उपस्थिति थियो ।
पछिल्लो समय प्रशासनको कामकारबाहीप्रति अधिकांश सदस्य असन्तुष्ट छन् । उनीहरूले वेला-वेला महासचिव राईको राजीनामा माग्दै आएका छन् ।

दैनिकी काम नहुँदा समस्या

नेपाली राष्ट्रिय फुटबल टोली दुई मैत्रीपूर्ण खेल खेल्न सोमबार म्यानमार प्रस्थान गऱ्यो । कार्यसमिति सदस्यलाई ४ बजे खेलाडी बिदाईमा बोलाए पनि मिडियालाई भने पुनः सूचना निकाल्दै बिहान साढे १० बजेलाई बोलाइएको थियो । तर, खेलाडीले ११ बजेसम्म आवश्यक पोसाक नपाएपछि बिदाई समारोह ११ बजे पनि सुरु भएन । खेलाडीले दिउँसो १२ बजेसम्म पनि स्पोर्टस् सुज पाएनन् । यसैगरी, एन्फाले २४ भदौमा एन्फा साधारणसभा बोलाएको छ । त्यसको कुनै तयारी भएको छैन । यसैगरी बी डिभिजन लिग र सी डिभिजन लिग हुन सकेको छैन । यू-१९ प्रतियोगिता आयोजना गर्ने विषयमा एन्फाभित्र कुनै तयारी नै नभएको आरोप एक उच्च अधिकारीले लगाएका छन् । 'महासचिवलाई केही वास्ता छैन । प्रशासनको काम भएको छैन । अध्यक्षलाई पनि वास्ता नै छैन । दैनिकी कार्य केही भएका छैनन् । निराश भएर ताला लगाएका हौं,' एक उच्च अधिकारीले नयाँ पत्रिकासँग भने । एन्फा प्रवक्ता सुरेश शाहले भने यो समस्या चाँडै समाधान हुने मात्रै बताए ।

ज्ञान निकेतन क्वार्टरफाइनलमा

काठमाडौं/ ज्ञान निकेतन तेम्रो केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा सोमबार क्वार्टरफाइनल प्रवेश गरेको छ । ज्ञान निकेतनले सेन्ट पाउलेलाई ३९-१८ ले पराजित गऱ्यो । जुनियर पुरुषमा एआइएले नेरिकलाई २२-१८ ले हरायो । ज्ञान निकेतनले सनसाइनलाई २५-१५ ले पराजित गऱ्यो । आयोजक केएमसीले इनोभेटिभमाथि १६-१४ को जित निकाल्यो । पुष्पसदनले बालदीक्षा सदनलाई २०-१२ ले हरायो । सिनियर महिलामा रिलायन्सले केएमसीलाई ३०-२० ले निराश पाऱ्यो । चेल्सी वर्ल्ड स्कुलले बालदीक्षा सदनलाई ३०-१५ र एनसिसिएसले इनोभेटिभलाई २०-१७ ले पन्छाए । रिलायन्सकी एलिसा तामाङले १०, चेल्सीकी डेनिशा थापाले १५ र एनसिसिएसकी विभाले १२ स्कोर गरे ।

ताप्लेजुङमा फुटबलको क्रेज



जुट विकास र पथरी-११ स्पोर्टिङ क्लबबीचको पहिलो सेमिफाइनल खेल हेर्दै दर्शक

केशवप्रसाद भट्टराई/ नयाँ पत्रिका

जुट विकास एकेडेमी सुनसरी ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । जुट विकासले सोमबार भएको सेमिफाइनलमा पथरी-११ स्पोर्टिङ क्लब मोरङलाई टाइब्रेकरमा ५-४ ले पराजित गर्दै अन्तिम दुई स्थान रक्षा गरेको हो । निर्धारित ९० मिनेटको खेलमा दुवै क्लबले गोलरहित बराबरी खेलेका थिए । त्यसपछि फाइनल पुग्ने टोलीको छिनोफानो टाइब्रेकरबाट भयो । प्रतिस्पर्धामा दुवै टोली आक्रामक रूपमा देखिन्थे । खेल सञ्चालन गरेका रेफ्री दीपेश लिम्बूले ६ पहेँलो कार्ड देखाए । उनले पहिलो हाफमा पाँच र दोस्रो हाफमा एक पहेँलो कार्ड देखाएका हुन् ।

मंगलबार रेड स्टार फुटबल क्लब बिर्तामोड झापा र रेड हर्स फुटबल क्लब इलामबीच दोस्रो सेमिफाइनल खेल हुने सञ्चालक समितिका अध्यक्ष देवराज गुरुङले बताए । प्रतियोगिताको पहिलो हुनेले ३ लाख ११ हजार र उपविजेताले एक लाख ५१ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

नेपाल बंगलादेशसँग पराजित

नयाँ पत्रिका

नेपाल दक्षिण एसिया फुटबल महासंघ (साफ) यू-१६ च्याम्पियनसिपको पहिलो खेलमा बंगलादेशसँग १-० ले पराजित भएको छ । सोमबार भुटानको थिम्पुस्थित चाङ्लिमिथाङ रंगशालामा पाएको अवसर सदुपयोग गर्न नसक्दा नेपाल हार बेहोर्न पुगेको हो । बंगलादेशलाई जिताउन अन्सुर रहमानले गरेको गोल नै निर्णायक बनेको थियो । रहमानले दोस्रो हाफको सुरुवातमै गोल गरेका हुन् । कप्तान नजमुल फैसलले कर्नरमा दिएको बललाई रहमानले हेडगोल गरे ।

दोस्रो खेलमा तीन अंक जोडको बंगलादेशले सेमिफाइनल सम्भावना कायम राखेको छ । यो नतिजासँगै समूह 'ए'मा नेपाल, भारत र बंगलादेशकै सेमिफाइनल सम्भावना बराबर छ । एक खेल खेलेको भारत र दुई खेल खेलेको बंगलादेशको समान तीन अंक छ । नेपाल विनाअंक पुछारमा छ । अब नेपालले सेमिफाइनलमा स्थान बनाउन बुधबार भारतसँग खेल्नेछ । यो खेलमा हार या बराबरीले नेपालको सम्भावना समूह चरणबाट माथि बढ्नेछैन । नेपालले सेमिफाइनल पुग्न कम्तीमा पनि भारतलाई २-० ले हराउनुपर्नेछ ।

लगातार जितसँगै पाकिस्तान सेमिफाइनलमा

समूह 'बी'मा लगातार दोस्रो जित निकाल्दै पाकिस्तान अन्तिम चारमा प्रवेश गरेको छ । दिनको पहिलो खेलमा पाकिस्तानले माल्दिभ्सलाई ३-० ले हराएको हो । यसअघि भुटानलाई २-१ ले हराएको थियो । लगातार दोस्रो जितपछि पाकिस्तान ६ अंकसहित शीर्ष स्थानमा छ । समान एक खेल खेलेका भुटान र माल्दिभ्सको कुनै अंक छैन । बुधबार भुटान र माल्दिभ्सबीचको विजेता टोली दोस्रो सेमिफाइनल पुग्ने टोली बन्नेछ ।

विशाल र सनमले दिलाए नेपाललाई स्वर्ण

नयाँ पत्रिका

विशाल पौडेल र सनम मुलगुठीले काठमाडौंमा चलिरहेको ५५औं एसियन शारीरिक सुगठन तथा फिजिक्स स्पोर्टस् च्याम्पियनसिपमा नेपालका लागि स्वर्ण जितेका छन् । एसियन शारीरिक सुगठन तथा फिटनेस महासंघको आयोजना तथा नेपाल शारीरिक सुगठन तथा फिटनेस महासंघको व्यवस्थापनमा भएको च्याम्पियनसिपमा विशालले पुरुष जुनियर शारीरिक सुगठन ७५ केजीमाथिको तौलमा भारतका कुमार अनिललाई पछि पार्दै स्वर्ण हात पारेका हुन् । थाइल्यान्डका बालान्कन पठानसिरावत तेम्रो स्थानमा रहे । याक एन्ड यती होटेलमा भएको च्याम्पियनसिपको महिला स्विम सुट फिजिक खुला विधातर्फ सनमले स्वर्ण जितिन् ।


उनले हङकङ चाइनाकी मा सिन यीलाई पछि पार्दै स्वर्ण हात पारेकी हुन् । तेम्रो स्थानमा कोरियाकी किम सोयुन रहिन् । नेपालका लागि पदक दिलाउने क्रममा पुरुष ५५ केजीमा सुरेश दुवाललले रजत जोडे । उनी भियतनामका बुइ दाक फी भुसँग पराजित भए । मलेसियाका अज्जी विन अस्मत सेफ्रीले कांस्य पाए । नेपालले ६० केजी तौलमा अर्को पदक हात पाऱ्यो । अस्मिनबाबु गुरुङले रजत र कमल भण्डारीले कांस्य पाए । यस विधामा थाइल्यान्डका जिराफन पोडकामले स्वर्ण जिते ।

४५ विधामा प्रतिस्पर्धा

च्याम्पियनसिपको पहिलो दिन पुरुष जुनियर शारीरिक सुगठन ७५ केजीसम्म र ७५ केजीमाथि, पुरुष ५५ केजी, ६० केजी, ६५ केजी, ७० केजी, महिला जुनियर फिटनेस फिजिक २१ वर्ष र मुनि, महिला फिटनेस फिजिक १६५ सेमिसम्म, १६५ सेमिमाथि, महिला टिनेज एथलेट फिजिक १५-१८ वर्ष र महिला स्विम सुट खुला प्रतिस्पर्धा भएको आयोजकले जनाएको छ । यसैगरी, महिला जुनियर मोडल फिजिक २१ वर्षमुनि, पुरुष मास्टर्स शारीरिक सुगठन ४० देखि ४९ वर्ष, ५० देखि ६० वर्ष र ६० वर्षमाथि गरी १५ विधामा प्रतिस्पर्धा भएको थियो । च्याम्पियनसिपमा १७ राष्ट्रका १६८ पुरुष र ६८ महिला गरी २३६ खेलाडीले विभिन्न ४५ विधामा प्रतिस्पर्धा गरिरहेका छन् ।

शारीरिक सुगठनको प्रतियोगितामा पहिलोपटक ठूलो प्रतियोगिताको रूपमा रहेको च्याम्पियनसिपमा नेपालसहित भुटान, चीन, हङकङ चाइना, भारत, कजाखस्तान, मकाउ चाइना, माल्दिभ्स, मलेसिया, म्यानमार, सिंगापुर, दक्षिण कोरिया, श्रीलंका, थाइल्यान्ड, ताजाकिस्तान, उज्वेकिस्तान र भियतनामको सहभागिता रहेको छ ।

च्याम्पियनसिपमा पुरुषतर्फ २८, महिलातर्फ १६ र मिक्स एक गरी ४५ विधामा प्रतिस्पर्धा हुनेछ । शारीरिक सुगठन खेलको विकासमा योगदान गरेबापत विभिन्न व्यक्तित्वहरूलाई स्वर्ण, रजत र कांस्य पदकले सम्मान गरिएको थियो ।ज्ञानेन्द्र नकर्मी, अजय बज्राचार्य, रुजेश शाही, ननिता बज्राचार्य, निर्मला महर्जन, राजेश उपाध्याय, महेश्वर महर्जन, राजन श्रेष्ठले स्वर्ण पदक प्राप्त गरेका थिए । राजेशबहादुर श्रेष्ठ, ईश्वर श्रेष्ठ, शंकरमान उदास, बाबुकाजी मानन्धर, प्रतापकाजी बरिया, दिनेश श्रेष्ठ, अनिललाल श्रेष्ठले रजत जिते । सुरेश सुवेदी, रेणुका श्रेष्ठ, बिनिता राई, सूर्यप्रसाद जोशी, विजयत्तमरत्न बज्राचार्यले कांस्य पदक प्राप्त गरेका थिए ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com